बाल सन्दर्भ सामग्री – १३

# केही अमर मानिस







नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# केही अमर मानिस



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

पुनर्लेखन
जयप्रसाद लम्साल
शारदा अधिकारी

चित्राङ्कन कर्ता
लक्ष्मण भुजेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — **पाठ्यक्रम विकास केन्द्र**

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | लौह पुरुष गणेशमान सिंह | ५ |
| २. | सङ्घर्षशील नेता मनमोहन अधिकारी | ८ |
| २. | निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे | ११ |
| ३. | अद्वितीय प्रतिभा अमर चित्रकार | १५ |
| ४. | वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन | १७ |
| ५. | दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त | १९ |
| ६. | पूर्वका व्यास छविलाल पोखरेल | २३ |

# लौह पुरुष गणेशमान सिंह

– जयप्रसाद लम्साल



फलाम अत्यन्त कडा धातु हो । यसलाई लोहा पनि भनिन्छ । फलाम सजिलै भाँचिदैन र बाङ्गिदैन पनि । कस्तो आपत् पर्दा पनि आफ्नो सत् विचारमा अडिक रहने निडर मानिसलाई फलामसँग तुलना गरेर लौह पुरुष वा लोहनारी भनिन्छ । प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई लौह पुरुष भनिन्छ ।

गणेशमान सिंह राणा र पञ्चायती शासन हटाएर नेपालमा प्रजातान्त्रिक शासन (बहुदलीय संसदीय शासन) स्थापना गर्न चाहन्थे । राणाकालमा राणाहरू आफ्नो विरोध गर्नेलाई झुन्ड्याउथे वा गोली हानेर मार्दथे । गणेशमानका चारजना सहयोद्धा यसरी नै मारिए । गणेशमानलाई मारिएन तर जन्मकैदको सजाय दिइयो। जेलमा राणाहरूले गणेशमानलाई पिडौलामा छरछरी रगत आउन्जेल कोर्राले पिट्थे। तर गणेशमान राणाहरूसँग झुकेनन्। त्यसैगरी पञ्चायत कालमा पञ्चायती सरकारले पनि गणेशमानलाई लामो समय जेलमा राख्यो । जेलबाट छुटेपछि स्वतन्त्र रूपमा हिँड्डुल गर्न पनि दिएन। तर उनी पञ्चसँग पनि झुकेनन्। कोही रिसाओस् वा आफ्नो ज्यानै जाओस् गणेशमान सिंह आफ्ना मनका कुरा निर्भिक भएर बोल्दथे।

गणेशमान सिंहको जन्म वि.सं. १९७२ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम सुब्बा ज्ञानमान श्रेष्ठ र आमाको नाम सानुनानी श्रेष्ठ हो। उनको बोलाउने नाम हिराकाजी थियो। गणेशमान सानैदेखि निडर थिए। उनले दरबार हाइस्कुलमा ६ कक्षामा पढ्दा राणाका छोरा नातिहरूका अगाडि शिर झुकाएनन्। यस कारण उनलाई दरबार हाइस्कुलबाट निकालियो । यस्ता कुराले गर्दा गणेशमानमा बाल्यकालदेखि नै राणाहरूप्रति घृणा जागेर आयो ।

गणेशमान सिंह कलकत्ता गए र त्यहाँबाट वि.सं. १९९४ मा म्याट्रिक पास गरेपछि उनी नेपाल फर्किए । त्यसपछि सहिद धर्मभक्त र गङ्गालालसँग गणेशमान सिंहको सम्पर्क भयो । उहाँहरूले टङ्कप्रसाद आचार्यको अध्यक्षतामा नेपाल प्रज्ञा परिषद् नामको राणा विरोधी राजनीतिक पार्टी खोल्नुभयो । १९९७ सालमा राणाहरूले गणेशमान सहित प्रजा परिषद्का धेरैजसो सदस्यहरूलाई पक्रिए । पक्राउ पर्नु तिन महिना अगाडि मात्र गणेशमान र मङ्गलादेवीको विवाह भएको थियो । पक्राउ परेका मध्ये शुक्रराज, गङ्गालाल, धर्मभक्त र दशरथ चन्दलाई मृत्युदण्ड दिइयो । गणेशमानलाई सर्वस्व हरण गरेर आजन्म कारावासको सजाय दिइयो ।

चार वर्ष जेल बसेपछि २००१ सालमा गणेशमान जेलबाट भागेर भारत पसे । कलकत्तामा जन नायक विश्वेश्वरप्रसाद कोइराला र गणेशमानको भेट भयो । त्यसपछि उहाँहरूले नेपाली राष्ट्रिय काङ्ग्रेस नामको राजनीतिक पार्टी खोल्नुभयो । यो पार्टी २००६ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग मिलेर नेपाली काङ्ग्रेस भयो।

२००६ सालमा नेपाली काङ्ग्रेसले राणाका विरुद्ध लडाइँ गर्ने योजना बनायो । रक्सौलबाट वीरगञ्ज हुँदै काठमाडौँमा आक्रमण गर्ने जिम्मा गणेशमानलाई दिइयो । उनी लडाइँको तयारी गर्न गोप्य रूपमा काठमाडौँ जाँदै गर्दा बाटामा पक्राउ परे । त्यसपछि उनलाइ फेरि जेल हालियो । गणेशमान जेल परे पनि नेपाली काङ्ग्रेसले विभिन्न ठाउँमा आक्रमण गरेर ती ठाउँ आफ्नो कब्जामा लियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । गणेशमान जेलबाट छुटे र वाणिज्य मन्त्री बनाइए ।

२०१५ सालको आम निर्वाचनमा गणेशमान सिंह काठमाडौँबाट सांसद निर्वाचित भए । त्यसपछि उनी निर्माण तथा यातायात मन्त्री भए । २०१७ सालमा राजा महेन्द्रबाट बहुदलीय व्यवस्था खारेजी भयो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र अरू नेताहरूलाई जेल हालियो । २०२५ सालमा मात्र उहाँहरू जेलबाट छुट्नुभयो । त्यस बेला नेपालमा पञ्चायती शासन थियो । पञ्चायतकालमा पार्टी खोल्ने र पञ्चायती शासनको विरोध गर्नेलाई कुटपिट गरिन्थ्यो । जेलमा हालिन्थ्यो ।

त्यस बेला वी.पी. र गणेशमानलाई नेपाल बस्न सक्ने अवस्था थिएन । उहाँहरू भारत जानुभयो। २०३३ सालमा देशभित्रै बसेर आन्दोलन गर्ने भनेर बी.पी., गणेशमान र नेपाली काङ्ग्रेसका अरू नेताहरू नेपाल फर्कनुभयो । त्यस बेला पञ्चहरूले बी.पी. र गणेशमानलाई मृत्युदण्ड दिनुपर्छ भन्ने हल्ला उठाएका थिए ।

२०३६ सालमा विद्यार्थीहरूले ठुलो आन्दोलन गरे । यस आन्दोलनलाई नेपाली काङ्ग्रेस र कम्युनिस्ट नेताहरूको समर्थन थियो । यही आन्दोलनका कारण राजाबाट निर्दलीय पञ्चायती शासन रोज्ने कि बहुदलीय प्रजातन्त्र रोज्ने भनेर जनमत गराउने घोषणा भयो। बी.पी. र गणेशमान बहुदलको प्रचारमा जुट्नुभयो । जनमतमा पञ्चायतले जित्यो तर गणेशमानले पञ्चायती शासन स्वीकारेनन् ।

२०३९ सालमा बी. पी. को निधन भयो। त्यसपछि गणेशमान नेपाली काङ्ग्रेसका सर्वमान्य नेता भए । ०४२ सालमा गणेशमानको नेतृत्वमा पञ्चायती शासनको विरोधमा सत्याग्रह आन्दोलन भयो । आन्दोलन अगाडि बढ्दै जाँदा बमकाण्डहरू भएकाले सत्याग्रह रोकियो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाले गणेशमान सिंहको नेतृत्वमा संयुक्त आन्दोलन गरे । पञ्चायत ढल्यो र नेपालमा २०१७ सालमा गुमेको बहुदलीय प्रजातन्त्र फेरि आयो। यसरी मुलुकमा प्रजातन्त्र ल्याउन गणेशमान सिंहले कठिन सङ्घर्ष गरे ।

कुटाइ पिटाइ, जेल, आप्रवास आदि सबै कुरा भोगे । आपत् परे पनि गणेशमान सिंहले आफ्नो साहस छोडेनन् ।

गणशेमान सिंह विश्वमै प्रजातान्त्रिक योद्धाका रूपमा चिनिन्छन् । २०४८ सालमा सिंह अमेरिकाको पिसस पुरस्कारबाट सम्मानित भए । २०५० सालमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार पुरस्कारबाट सम्मानित भए। गणेशमान सिंह त्यागी महापुरुष थिए । उनले जन्मभर राजनीति गरे। २०४६ सालको आन्दोलनपछि राजाबाट उनलाई प्रधानमन्त्री हुन अनुरोध गरियो तर उनले आफू प्रधानमन्त्री नहुने कुरा जाहेर गरे। उनले अन्तर्राष्ट्रिय पुरस्कारबाट पाएको रकम पनि समाज सेवामा लगाए ।

२०५४ सालमा प्रजातन्त्रका महासेनानी गणेशमान सिंहको निधन भयो। लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भएर उनलाई बिदा गरे । उहाँको निधनले सारा नेपालीलाई शोकाकुल बनायो ।

# सङ्घर्षशील नेता मनमोहन अधिकारी

– जयप्रसाद लम्साल



हाम्रो मुलुकमा लामो दुःख काटेर सङ्घर्षमय जीवन बिताउनेहरू धेरै छन्। तीमध्ये मनमोहन अधिकारीको नाम अगाडि आउँछ। मनमोहन अधिकारीले भारतमा अङ्ग्रेजका विरुद्धमा र नेपालमा राणा र पञ्चायती शासनका विरुद्धमा सङ्घर्ष गरे । लामो जेल जीवन बिताए । समस्या र अभाव खेपे । उनको मृत्यु चुनावको मैदानमा भयो ।

मनमोहन अधिकारीको जन्म वि.सं. १९७८ सालमा काठमाडौँको लाजिम्पाटमा भएको थियो । उनका पिताको नाम रामचन्द्र र माताको नाम पूर्णकुमारी थियो । उनका आठ जना दाजुभाइ र दुई दिदी बहिनी थिए। मनमोहनका पिताले जलेश्वरमा जागिर खाँदा भारतका अङ्ग्रेज विरोधी नेताहरूलाई सहयोग गर्ने गर्थे। यसै कारण राणाहरूले उनको जागिर खोसिदिए । यस बेला मनमोहनका परिवारलाई भातपानीको समस्या भयो। त्यसपछि उनको परिवार विराटनगर सऱ्यो ।

मनमोहन अधिकारी इ.सं १९३८ सालमा पढाइका लागि भारत पसे । उनले बनारसबाट इ.सं. १९४० सालमा म्याट्रिक पास गरे । त्यसपछि उनले बी.एस्सी. सम्मको पढाइ गरे। भारतमा बी.एस्सी. को अध्ययन गर्दा मनमोहन अधिकारी अङ्ग्रेज विरोधी आन्दोलनमा लागे र जेल परे। जेलमा भारतीय कम्युनिस्टहरूसँग अधिकारीको सम्पर्क भयो। त्यसपछि उनी कम्युनिस्ट विचारबाट प्रभावित भए । जेलबाट छुटेपछि अधिकारी बनारसमा रेल्वे र कटन मिल्सका मजदुरहरूलाई सङ्गठित गर्ने काममा जुटे। भारत स्वतन्त्र भएपछि मनमोहन अधिकारी नेपाल फर्केर राणा विरोधी काममा लागे ।

मनमोहन अधिकारीले घर चलाउन

जागिर खानुपर्‍यो । उनी विराटनगर कटन मिल्समा केमिस्टको जागिर खान थाले र त्यहाँका मजदुरहरूलाई सङ्गठित गर्न थाले । मनमोहन अधिकारी र अरू नेताहरूले २००४ सालमा विराटनगरमा ठुलो मजदुर आन्दोलन चलाए । आन्दोलनका क्रममा जेल परे र २००६ सालमा मात्र छुटे ।

२००६ सालमा पुष्पलाल श्रेष्ठले कलकत्तामा नेपाल कम्युनिस्ट पार्टी खोले । २००६ सालमै मनमोहन र पुष्पलालको भेट भयो । २००८ सालमा मनमोहन नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयको सचिव भए । २०१० मा भएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी त्यस पार्टीको महासचिव भए । २०१२ सालमा साधना प्रधानसँग मनमोहनको विवाह भयो ।

२०१७ सालमा बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लाग्यो । बहुदल मान्ने नेताहरू पक्राउ परे । यस बेला मनमोहन चीनमा थिए । उनी नेपाल फर्कनासाथ जेल परे । उनी जेलमा परेका बेला नेपाल कम्युनिस्ट पार्टी फुट्यो । २०२५ सालमा मनमोहन जेलमुक्त भए त्यसपछि उनी विभिन्न चिरामा बाँडिएको कम्युनिस्ट समूहलाई एकीकृत गर्न र पञ्चायती शासन विरोधी काम गर्न थाले । २०३६ सालमा राजाबाट पञ्चायत रोज्ने कि बहुदल रोज्ने भनेर जनमत सङ्ग्रह गराउने घोषणा भयो । मनमोहन बहुदलको प्रचार प्रसारमा जोडतोडले लागे । त्यस बेला मनमोहनको भाषणको खुबै चर्चा हुन्थ्यो ।

मनमोहनको भाषण सुन्न मानिसको ठुलो भिड लाग्दथ्यो । बहुदलले जितेन तर मनमोहन पञ्चायत विरोधी सङ्घर्षमा लागिरहे । २०४६ सालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट मिलेर पञ्चायतका विरुद्ध संयुक्त जन आन्दोलन भयो । त्यस आन्दोलनले पञ्चायतको पतन गरायो र नेपालमा बहुदल पुनः आयो ।

२०४७ सालमा मनमोहनले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी र मदन भण्डारीले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मालेबिच एकता गराउन यी दुवै नेता सफल भए । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी बन्यो । मनमोहन यस पार्टीको अध्यक्ष र मदन भण्डारी महासचिव बने ।

बहुदल आएपछिको २०४८ को आम चुनावमा मनमोहन अधिकारी सुनसरी

क्षेत्र नं. एकबाट संसद सदस्य जितेर प्रमुख प्रतिपक्षी दलको नेता भए । २०५१ सालको चुनावमा मनमोहनले काठमाडौँ क्षेत्र न. एक र तिनबाट चुनाव जितेर नेपालको प्रधानमन्त्री बने ।

मनमोहन दुई पटक कालको मुखबाट बाँचेका थिए । २०४६ सालमा उनी जनआन्दोलनका लागि कार्यकर्तालाई सङ्गठित गर्न पश्चिमका जिल्लाको भ्रमणमा थिए । उनी कैलालीमा पक्राउ परे । पञ्चायती क्रूर शासकले रातको समयमा सत्तरी वर्ष पुग्न लागेका वृद्ध नेता मनमोहनलाई शाही बर्दिया राष्ट्रिय निकुञ्जको जङ्गलमा लगेर छोडिदियो । संयोगले उनी हिंस्रक जन्तुको मुखमा परेनन् । २०५१ साल साउनमा प्रधानमन्त्री भएकै बेला मनमोहन हेलिकप्टर दुर्घटनामा परे । यस दुर्घटनामा मनमोहनको मेरुदण्ड (ढाडको हाड) चर्कियो र उनी केही समय अस्पताल बसे । त्यस बेला संसदमा उनीमाथि अविश्वासको प्रस्ताव आएको थियो । अविश्वासको प्रस्ताव पास भएकाले उनले राजिनामा दिए ।

२०५६ सालको आम निर्वाचनमा एमालेको पक्षमा प्रचार प्रसार गर्न मनमोहन खुबै खटे । उनी आफू पनि काठमाडौँ निर्वाचन क्षेत्र न. एक र तिनबाट उम्मेदवार भएका थिए । क्षेत्र न. एकको गोठाटार भन्ने ठाउँमा भाषण सकेपछि उनी मुर्छा परे । मुर्छा परेको हप्ता दिनपछि २०५६ साल वैशाख १३ गते उनले सधैँका लागि संसारबाट विश्राम लिए । लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भए । हजारौँ नेपालीले उनको मृत्युमा आँसु बगाए ।

मनमोहन अधिकारीको जीवन अत्यन्तै सादा थियो । उनी बाटाघाटामा पैदल हिंड्दै गरेका देखिन्थे । उनी प्रधानमन्त्री हुँदा पनि बिहानको चिया आफैँ बनाएर खान्थे । उनी केटाकेटीहरूलाई खुबै माया गर्थे । सबैभन्दा ठुलो कुरा त उनी सच्चा राष्ट्रभक्त र अत्यन्तै इमानदार थिए । भनिन्छ उनी प्रधानमन्त्री हुँदा आफू र आफन्तहरूको फाइदाका लागि कुनै काम गरेनन् । उनी सम्पूर्ण गरिब, निमुखा नेपाली जनताको उन्नति चाहन्थे । उनको सम्पूर्ण जीवन नेपालमा प्रजातन्त्र प्राप्तिका लागि बित्यो । उनले गरिब, निमुखाहरूका लागि काम गर्ने अवसर पाएनन् ।

# निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे

– शारदा अधिकारी



नेपालको शिक्षाको विकासमा धेरै व्यक्तिले सहयोग पुऱ्याएका छन् । त्यसमा सरदार रुद्रराज पाण्डको नाम अगाडि आउँछ । उनको विद्वता र शिक्षाको कदर गरेर नै जुद्ध शम्शेरले उनलाई सरदार भन्ने पदवी दिएका थिए । त्यसैले हामी उनलाई सरदार रुद्रराज पाण्डे भन्दछौँ ।

सरदार रुद्रराज पाण्डेको जन्म वि.सं. १९५७ साल चैत्र २६ गते काठमाडौँको प्यूखा टोलमा भएको थियो । उनका पिताको नाम पद्मराज र माताको नाम टीकालक्ष्मी हो ।

सरदार पाण्डेको परिवार राणाहरूको गुरु खलकमा पर्दथ्यो । यसैले पनि यो परिवार शिक्षाको क्षेत्रमा अरूको तुलनामा अघि नै थियो । त्यसमाथि पनि रुद्रराज पाण्डेले त आफ्नो प्रतिभा सानैदेखि देखाउन थाले । यिनी पढ्नमा सारै रमाउँथे । अक्षर चिनेदेखि नै यिनमा पढ्ने रुचि जाग्यो । सानै उमेरमा बुबाहरूबाट यिनले घरमै धेरै कुरा सिके । त्यसपछि रानी पोखरी प्रधान पाठशालामा भर्ना भए । त्यहाँ लघु कौमुदी, अमर कोष, रघुवंश आदि ग्रन्थहरूको अध्ययन गरे । त्यसपछि उनी अङ्ग्रेजी पढ्नका लागि दरबार स्कुलमा तिन कक्षामा भर्ना भए ।

त्यतिखेर अहिले जस्तो नेपालबाटै एस.एल.सी. परीक्षा दिन पाइँदैनथ्यो । दरबार हाइस्कुलमा पढाइ हुन्थ्यो तर परीक्षा दिन भारतको कलकत्ता वा पटना जानु पर्थ्यो । अहिले एस.एल.सी. भनिए झैँ त्यति बेला म्याट्रिक परीक्षा भनिन्थ्यो ।

पाण्डे पनि दरबार हाइस्कुलमा पढी म्याट्रिक परीक्षा दिन कलकत्ता गए । वि. स. १९७६ मा प्रथम श्रेणीमा

म्याट्रिक पास गरे । त्यति बेला प्रथम श्रेणीमा म्याट्रिक उत्तीर्ण गर्नु चानचुने कुरो थिएन । रुद्रराजले त्यसरी म्याट्रिकमा प्रथम श्रेणी ल्याएकाले बडागुरुज्यू सारै खुसी भए ।

बडागुरुज्यू खुसी भएकाले रुद्रराजको छात्रवृत्तिका लागि पनि सिफारिस गरिदिए । उनको सिफारिस भएकाले तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरबाट उनले छात्रवृत्ति पाए । त्यही छात्रवृत्तिमा उनले इलाहावादको कायत्य कलेजबाट आई.ए. पास गरे । यसरी नै सेन्टम्योर कलेजबाट बी.ए. पास गरे । इलाहावाद विश्व विद्यालयबाट वि.सं. १९८२ मा इतिहास विषयमा एम.ए. गरे ।

त्यतिखेर यसरी बी.ए., एम.ए पास गरेको मानिस भेट्न सारै गारो थियो । कसैले पास गरेको थाहा हुनासाथ उसलाई विभिन्न पदको जिम्मेवारी दिइहालिन्थ्यो । यिनलाई पनि एम.ए गरी आउनासाथ त्रिचन्द्र कलेजको प्राध्यापकको पद दिइयो । त्रिचन्द्र कलेजको प्राध्यापक भई यिनी इतिहास पढाउन थाले ।

यसरी यिनी कलेजमा पढाउन थालेको डेढ वर्ष जति भएको थियो । त्यतिखेर दरबार हाइस्कुलका हेडमास्टर शारदाप्रसाद मुखर्जीको निधन भयो । उनको मृत्यु भएपछि त्यहाँको हेडमास्टर पनि यिनै हुन पुगे । यिनलाई दोहरो दायित्व पुरा गर्नुपर्ने भयो ।

त्यतिखेरसम्म पनि नेपालमा दस कक्षाको जाँच दिन भारत जानुपर्थ्यो । यसले गर्दा विद्यार्थीहरूलाई निकै मर्का परिरहेको थियो । त्यसमाथि पनि नेपालीले नेपाली विषयमा जाँच दिन नपाउने, हिन्दी विषयमा जाँच दिनुपर्ने बाध्यता छँदै थियो । यस समस्याले रुद्रराज पाण्डेलाई पढ्ने बेलादेखि चिमोटिरहेको थियो । दरबार स्कुलको हेडमास्टर भएपछि यिनले धेरै चोटि पटना पुगी सबलाई कुरा बुझाई नेपाली विद्यार्थीले नेपालबाटै म्याट्रिक दिन पाउने व्यवस्था मिलाएरै छाडे ।

अब सरदार रुद्रराज पाण्डे नेपालका विद्यालयमा नेपाली विषय पढाउन पाउने र जाँच पनि नेपाली मध्यमबाटै दिलाउन पाउने कुराका लागि खट्न थाले । यिनी पटना बोर्डको मिटिङमा गएपिच्छे यस कुरामा कचकच गर्न थाले । नेपालीले नेपाली भाषामा नै जाँच दिन पाउनु पर्छ किन नपाउने ? भन्ने प्रश्न सोधेर यिनले भारतीय बोर्डका सदस्यहरूलाई हैरान पारे ।

नेपाली भाषामा लेखिएका पाठ्य पुस्तक खोइ ? भनी बोर्डका सदस्यहरूले उल्टै अर्को अत्तो थापे । अर्को बैठकमा उनी किताबको बाकस बोकाएर गए । अनि त बाकसबाट एक एक किताब झिक्दै बोर्डका सदस्यहरूलाई 'यो पाठ्य पुस्तक होइन भने के हो त ?' भन्ने प्रश्न गर्दै किताब देखाउँदै गए ।

उनले आठ दस किताब देखाएपछि बोर्डका सदस्यहरूलाई भो भो भन्न करै लाग्यो । भैंगो बाकस बन्द गर्नुहोस्, तपाईंले भनेअनुसार व्यवस्था हुन्छ भन्दै उनीहरूले सो मान्ने कबुल गरे । वास्तवमा ती बाकसका मुनितिर उही उही किताबहरू दोहऱ्याएर राखिएका थिए । सदस्यहरूले सबै किताब झिकेर एक एक केलाएको भए उनको भेद खुल्थ्यो । यिनको यही जुक्तिले गर्दा नेपाली भाषामा परीक्षा दिन पाउने व्यवस्था भएरै छाड्यो ।

यसरी जुक्ति लगाएर नेपाली भाषामा जाँच दिन पाउने व्यवस्था त मिलाए । उताबाट फर्केपछि भने यिनलाई पिर पऱ्यो । नेपाली भाषाको इज्जत कसरी राख्ने भन्ने कुराले यिनी चिन्तित भए ।

मूर्ख मान्छे चिन्तामा पिरोलिई मात्र रहन्छ, बुद्धिमान् मान्छे चिन्ता हटाउने उपायतिर लाग्छ । रुद्रराज पाण्डे बुद्धिमान् त छँदै थिए । सो चिन्तालाई हटाउन उनी आफैं किताबहरू लेख्न थाले ।

नेपाली भाषामा पनि साहित्य हुन्छ र भन्नेहरूका लागि यिनले पाँच ओटा उपन्यासका लहर लगाइदिए । रूपमती उपन्यास लेखेर त यिनी पहिलो आधुनिक नेपाली उपन्यासकार नै बन्न पुगे । यसपछि पनि यिनले चम्पाकाजी, प्रायश्चित, प्रेम र हेरफेर नामका उपन्यासहरू लेखे । नाटक, निबन्ध, कविता, एकाङ्कीहरू पनि लेखेर यिनले प्रशस्त पुस्तकहरू तयार पारे । यिनले ठुला मानिसहरूका लागि पनि लेखे । बालबालिकाका लागि पनि लेखे । बाल रामायण, बालकृष्ण चरित्र, नवरत्न, इसप, नीतिकथा जस्ता तिमीहरूलाई मन पर्ने पुस्तकहरू पनि यिनले लेखेका छन् ।

यसरी कलेजका प्राचार्य र स्कुलका प्रधान अध्यापक भएर यिनले शिक्षा सेवा गरिरहेका थिए । यिनको शिक्षा प्रेम र योग्यताको पनि कदर भयो । यसैले यिनी वि.सं. २००८ मा शिक्षा सचिवमा नियुक्त हुन पुगे । वि.सं. २०२१ मा त्रिभुवन

विश्व विद्यालयको उपकुलपति भए। यही पदमा रही ६ वर्षसम्म नेपाली उच्च शिक्षाको सेवा गरे । यसपछि वि.सं. २०२६ मा सेवाबाट अवकाश लिए।

जागिर छोडेपछि यिनी साधुसन्तहरूको सत्सङ्गमा रमाउन थाले । यिनी पहिलेदेखि नै भगवान्को पूजापाठ, भजनकीर्तनमा रमाउँथे। दिनहुँ गीता पाठ गर्दथे । रामायण महाभारत यिनलाई खुब मन पर्थ्यो। अब उनी नेपाल र भारतका तीर्थस्थलको भ्रमणमा लागे। ठुला ठुला सन्तहरूलाई भेट्ने, उनीहरूको सेवा गर्ने काममा नै यिनी लाग्दै गए । यसै क्रममा भारतको केदार घाटमा वि.सं. २०४३ चैत्र २३ का दिन यिनले देहत्याग गरे।

छ्यासी बर्से जीवनमा पाण्डेले तनमन लगाएर देश सेवा गरे । शिक्षाको विकासका लागि दिलोज्यानले लागे। नेपाली भाषा र साहित्यको विकासका लागि डटेर अघि सरे। यसैले यिनी सरदार पदवीले सम्मानित भए । निःस्वार्थ सेवाले गर्दा यिनी लोकप्रिय भए । नेपाली भाषा र साहित्य, नेपालको शिक्षा क्षेत्रको विकासका लागि यिनले आफ्नो जीवन अर्पिए। यसैले यिनी गोरखा दक्षिण बाहु, त्रिशक्तिपट्टले विभूषित भए। श्री ५ त्रिभुवन रजत जयन्ती पदक पाए। श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक, श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदकबाट सम्मानित भए।

आज यिनको शरीर हाम्रो साम्‍ूबाट बिलाइसक्यो । तर, यिनी युग पुरुष भएर हामीमाझ चम्किरहेका छन्।

# अद्वितीय प्रतिभा अमर चित्रकार

– शारदा अधिकारी




हाम्रो नेपाल भूमिमा पनि केही विशेष प्रतिभा जन्मिएका छन् । ती प्रतिभामध्ये अमर चित्रकार पनि पर्छन् । उनले अनगिन्ती चित्र कोरेर अनगिन्ती मूर्ति पनि कुँदे । उनी चित्रकारभन्दा पनि मूर्तिकारका रूपमा नेपालमा मात्र नभएर छिमेकी मुलुकमा समेत प्रख्यात भए । नेपालका सडक चोकहरूमा स्थापित अधिकांश मूर्तिहरू अमर चित्रकारकै कृति हुन् । उनका मूर्तिले कैयन् नेपालीका बैठक कोठा सजिएका छन् । उनका मूर्ति विदेशीले पनि त्यत्तिकै मन पराउँछन् ।

अमर चित्रकारको जन्म वि.सं. १९७७ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम बिन्दुलाल र माताको नाम चिनीमाया थियो । अमर चित्रकारले आठ वर्षको उमेरदेखि चित्र बनाउन थाले । पछि उनले मूर्ति पनि बनाउन थाले । उनले आफ्नो ७९ वर्षको उमेरसम्म यी दुवै काम गरिरहे । उनी बिहानदेखि बेलुकासम्म चित्र कोरिरहन्थे । आफ्नो काम नसकी उनी खाना पनि खाँदैनथे । ७९ वर्षको उमेरमा भगवान् गौतम बुद्ध र भूपालमान सिंह कार्कीको मूर्ति बनाउँदा बनाउँदै अमर चित्रकारको निधन भयो ।

मूर्ति बनाउनु सजिलो काम होइन । मूर्ति बनाउँदै जाँदा जसको मूर्ति बनाइएको हो उसको अनुहार मिलाउन ज्यादै कठिन हुन्छ । ढलौटको मूर्ति बनाउँदा मूर्ति टुटफुट हुने सम्भावना हुन्छ । यस्तो गारो काम भए पनि अमर चित्रकारले धेरै मानिसका चित्र बनाए । उनले राजा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, राजा महेन्द्र, राजा वीरेन्द्रका मूर्तिहरू बनाए । उनले अरू धेरै व्यक्तिका पनि मूर्ति बनाए ।

अमर चित्रकार राष्ट्रवादी कलाकार थिए । उनले नेपालीले बनाएका मूर्ति तथा चित्रले नेपालको परिचय दिन सक्नुपर्छ भन्थे । उनी भन्थे, "नेपालको आफ्नो छुट्टै प्रकारको वेषभूषा, खानपान, चलन व्यवहार छ । हाम्रो मूर्ति र चित्रले यी कुरा झल्काउनु पर्छ ।" उनी आफू पनि नेपालीपन झल्कने चित्र तथा मूर्ति बनाउँथे ।

अमर चित्रकार नेपालका अद्वितीय प्रतिभा थिए । उनले बनाएका चित्र र मूर्तिहरू भारत, बङ्गलादेश, जापान आदि मुलुकमा पनि प्रदर्शन गरिएका थिए । यस्तो ख्याति कमाएर पनि अमर चित्रकारका कत्ति पनि घमन्ड थिएन । उनी सरल र मिलनसार थिए ।

अमर चित्रकार नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य थिए । उनले सुविख्यात त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु जस्ता मान पदक र इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार पाएका थिए ।

विश्राम नगरी चित्र र मूर्ति बनाउँदा बनाउँदै २०५६ साल कार्तिक २५ गते अमर चित्रकार यस धर्तीबाट बिदा भए । उनी जीवित नभए पनि उनका मूर्ति र चित्रहरूले उनको सम्झना दिलाइरहने छन् । नेपाली भूमिमा नामअनुसार नै उनी अमर हुने छन् ।

# वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन

– जयप्रसाद लम्साल




*देशले रगत मागे मलाई बली चढाऊ,*
*रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी ।*

यो गीत रेडियोबाट बेला बेलामा सुन्न पाइन्छ । यो गीत सुन्दा हामी राष्ट्रभक्त नेपालीको आङ जुर्मुराउँछ । यस गीतले हामी नेपालीहरूमा देशको भलो हुने केही काम गर्न पाए हुन्थ्यो भन्ने इच्छा जगाउँछ ।

माथिको गीत आफैँले लेखेर गाउने गायकको नाम हो गोपाल योञ्जन । गोपाल योञ्जन यस धरतीबाट बिदा भइसकेका छन् । तर पनि उनी गीत, सङ्गीत र स्वरको माध्यमले हामी माझमै छन् । उनका गीत सङ्गीत र स्वरले हामीलाई दुई कुरा दिइरहेका छन् । पहिलो कुरा देशभक्तिको भावना र दोस्रो कुरा स्वर र सङ्गीतको आनन्द ।

गोपाल योञ्जनको जन्म वि.सं. २००० मा भएको हो । उनी भारतको दार्जिलिङको मिरिक भन्ने ठाउँमा जन्मिएका थिए । मिरिक इलाम जिल्लाको पशुपतिनगर भन्ने ठाउँसँगै जोडिएको छ । गोपाल योञ्जनका पिताको नाउँ बुद्धिमान् र माताको नाउँ छेकु डोल्मा हो । गोपाल योञ्जनले बाल्यकाल दार्जिलिङमै बिताएर २०२० सालतिर काठमाडौँ आए । उनले नेपाली विषयमा एम.ए. सम्मको पढाइ पुरा गरे । उनी सानै उमेरदेखि गीत सङ्गीतमा लागेका थिए । गोपाल योञ्जन २०२८ सालदेखि पद्मकन्या क्याम्पसमा लोक सङ्गीतको प्राध्यापन गर्थे ।

गोपाल योञ्जन बहुमुखी प्रतिभाका धनी थिए । उनी गीत रचना गर्थे, सङ्गीत सिर्जना गर्थे र गाउने पनि गर्थे । स्रोताहरू उनका गीत र सङ्गीत

सुनेर मन्त्रमुग्ध हुन्छन् । उनले धेरै राष्ट्रिय गीतहरू रचना गरी आफैँले सङ्गीत बद्ध गरी आफैँले पनि गाएका छन् ।

*नेपाली नेपालको माया छ कि छैन,*
*धेरै खेल्यौ नेपालका तिमी छातीमाझ*
*तिम्रो छातीमाथि पनि नेपाल छ कि छैन ?*

गोपाल योञ्जनले यस्ता गीत सुमधुर स्वरमा गाएर नेपालीहरूलाई नेपालको माया गरौँ भन्ने सन्देश दिएका छन् ।

गोपाल योञ्जनले गीत मञ्जरी र सङ्गीताञ्जली भन्ने गीतका पुस्तकहरू लेखेका छन् । गीत मञ्जरीमा बाल गीतहरू छन् । गोपाल योञ्जन आफैँले सङ्गीत दिएर गीत मञ्जरीको क्यासेट पनि निकालेका छन् । हामीले गाउने कक्षा एक र पाँचको कक्षागत गीतमा गोपाल योञ्जनले नै सङ्गीत दिएका छन् ।

गोपाल योञ्जनले अग्नि परीक्षा, डाँफे चरी, चेलीको आवाज, चौतारीको चौकीदार जस्ता बिस ओटाभन्दा धेरै गीती नाटकहरू पनि लेखे । ती नाटकहरूमा आफैँले सङ्गीत दिएर मञ्चन गराए ।

गोपाल योञ्जनले धेरै गीत लेखेर गाए । उनलाई सिपालु सङ्गीतकारको रूपमा हेरिन्छ । उनले अरू मुलुकको सङ्गीत नक्कल गरेनन् । उनको सङ्गीतको सुरताल र लयले नेपाली संस्कृतिलाई समेटको छ ।

उनले १०-२० ओटा नेपाली चलचित्रमा सङ्गीत दिएका छन् । उनको सङ्गीतले सबै नेपालीको मन जितेको छ । उनले लगभग एक हजार गीतमा सङ्गीत दिएका छन् । स्वर सम्राट् नारायण गोपालले गाएका धेरै गीतमा गोपाल योञ्जनले सङ्गीत दिएका छन् जुन नेपाली साङ्गीतिक जगत्मा अमर रहने छन् ।

गोपाल योञ्जन नेपालबाहेक अरू मुलुकहरूमा पनि सफल सङ्गीतकारका रूपमा चिनिए । उनी २०४८ सालमा मलेसियामा भएको गोल्डेन काइट पप फेस्टिभलको निर्णायक मण्डलको सदस्यमा छानिएका थिए ।

गोपाल योञ्जन धेरै बाँचेनन् । २०५४ सालमा गोपाल योञ्जनको निधन भयो । उनको अमूल्य सङ्गीत भने बाँचिरहेको छ, बाँचिरहने छ ।

# दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त

– शारदा अधिकारी




'म मरे पनि मेरो आत्मा महाविद्यालय ओरिपरि घुमिरहने छ । मेरो चिता भस्म (खरानी) कलेज क्याम्पभित्र छरिदिए मनुष्य चोला सार्थक भएछ भनी शान्ति मिल्ला ।'

यो भनाइ नेपाल आमाका सपुत शिक्षा प्रेमी शङ्करदेव पन्तको हो । यिनले आफ्नो सिङ्गो जीवन शिक्षाको विकासमा नै बिताए । यिनी विद्यार्थी भनेपछि हुरुक्कै हुन्थे। यिनले त आफ्नो लास पनि विद्यार्थीलाई नै उठाउनु भनेका थिए ।

यिनको जन्म वि.सं. १९६६ साल असार महिनाको शुक्लपक्षको तृतीया तिथिको दिन भएको हो । हर्षलक्ष्मी र जयदेव पन्तका पुत्रका रूपमा यिनी काठमाडौँको बुढानीलकण्ठमा जन्मेका हुन् ।

शङ्करदेव पन्तको जीवनमा बाल्यकालदेखि नै दुःख भित्रियो । यिनी सात वर्ष पुग्दानपुग्दै यिनकी आमाको मृत्यु भयो । त्यसको लगत्तै दुई वर्षमा बाबुको मृत्यु भयो र उनी बिलकुल टुहुरा भए। दुई भाइका दाजु शङ्करदेव पन्त तर्कराजकहाँ बस्न थाले। तर्कराज त्यति बेला बडागुरुज्यू थिए । यिनी नातामा शङ्करदेव पन्तका काका पर्दथे । यिनको घर डिल्लीबजार, गुरुजुधारामा थियो । शङ्करदेव पन्तको बाल्यकाल त्यहीँ नै बित्यो। शिक्षादीक्षाको प्रबन्ध पनि त्यहीँ नै भयो। प्राथमिक शिक्षा यिनले घरमा नै पाए। दरबार स्कुलमा भर्ना भई माध्यमिक शिक्षा उत्तीर्ण गरे । त्रिचन्द्र कलेजबाट बी.ए. गरे । विचार गरेर बोल्ने, आफ्नो विषयमा सोचिरहने यिनको बानी थियो। पढाइमा त यिनी सानैदेखि तेज थिए । बी.ए पढ्दा यिनी पुस्तकालय खोल्ने काममा लागिपर्न थाले। त्यतिखेर राणाहरूको

जगजगी थियो । उनीहरू पाठशाला, पुस्तकालय खोल्नेलाई अपराधी भनी सजाय दिन्थे । त्यस्तो अवस्थामा शङ्करदेव पन्त, लक्ष्मीप्रसाद देवकोटा आदि मिलेर भित्रभित्रै पुस्तकालय चलाए तर यो धेरै दिन टिक्न सकेन। त्यसमा लागिपर्ने सबैलाई समातियो। शङ्करदेव पन्त पनि समातिए र रु १०० जरिवाना तिरी छुटे ।

बी.ए. पास गरेर यिनी एम.ए पढ्न पटनातिर लागे । त्यहाँ भारतीय साहित्यकारहरूसँग पनि उनको भेटघाट भयो । उनले विश्वकवि रवीन्द्रनाथ टाइगरको मेरो स्कुल भन्ने निबन्ध पनि पढ्न पुगे । यो निबन्ध यिनलाई सारै मन पऱ्यो । यसले यिनलाई नेपालमा पनि स्कुल खोलूँ खोलूँ लाग्यो ।

एम.ए. पास गरेपछि यिनी नेपाल फर्किए। त्यति बेला नेपालमा सलामी प्रथा थियो। जनता तथा भाइभारदार जो कोहीले पनि केही विशेष राम्रो कुरो गर्नासाथ श्री ३ सरकारलाई रुपियाँ राखी ढोग्नु पर्दथ्यो । चलनअनुसार यिनी पनि ढोग गर्न गए । श्री ३ जुद्धशमशेरलाई रुपियाँ राखी ढोगे। त्यस बेला एम.ए. पास गर्नेको त के कुरा बी.ए. पास गर्ने नेपाली पनि ज्यादै कम थिए । यिनले त झन् अङ्ग्रेजीमा एम.ए. गरेका ! के चाहियो र ! 'दरबार स्कुलको मास्टर हुन्' भनी जुद्धशमशेरले यिनलाई आदेश दिए । तर यिनलाई यो आदेश मन परेन। स्वतन्त्र विचारका स्वाभिमानी मान्छेलाई ठाडो आदेश मनपर्ने कुरो पनि भएन। हुकुमले दिएको शिक्षकको जागिर खान नमाने तापनि यिनी शिक्षाप्रेमी नै थिए ।

यिनलाई राजनीतिमा पनि चाख थियो। पढे लेखेका मानिस राजनीतिमा लागि देशको अवस्था सुधार्नु पनि थियो । वि.सं. २००४ मा काठमाडौँ म्युनिसिप्यालिटीमा २१ वडाको सदस्य भए। त्यही बोर्डको उपप्रमुख पनि भए। वि.सं. २००७ मा नेपाल सांस्कृतिक सङ्घ खोली त्यसको अध्यक्ष बने। त्यही संस्थाको माध्यमबाट विदेशी विद्वान्हरू बोलाउने, साहित्यिक, सांस्कृतिक गतिविधिहरू चलाउने गर्न थाले।

यी सबै कार्यबाट पनि यिनको सामाजिक सेवा गर्ने धित मरेन । पाठशाला खोल्ने इच्छा त यिनको मनमा बसिरहेकै थियो । शङ्करदेव पन्तले पद्मोदय स्कुल, विजय स्मारक स्कुलहरू खोली तिनको सञ्चालक समितिको अध्यक्ष आफैँ भई काम गर्न थाले । यतिले पनि यिनको चित्त बुझेन। स्कुलहरू मात्र खोलेर पुग्दैन, कलेजहरू पनि खोल्नुपर्छ

भन्ने यिनलाई लाग्न थाल्यो । त्यति बेला स्नातकसम्म पढाइ हुने त्रिचन्द्र कलेज एउटा त थियो । तर त्यहाँ पढ्न सक्ने अवस्था सबैको थिएन । नारी शिक्षा त झन् शून्य जस्तै थियो । यस्तो अवस्था देखिरहेका शङ्करदेव पन्तले महिलाहरूका लागि कलेज खोल्नुपर्छ भन्ने सोच लिए । यिनले पद्यकन्या क्याम्पस खोल्न ठुलो प्रयास गरे । उनले यसको सञ्चालक समितिमा सदस्य भई सरसल्लाह पनि दिँदै रहे ।

त्यसपछि पढ्ने इच्छा हुँदाहुँदै पढ्न नपाएकातिर यिनको ध्यान गयो । यिनका मनमा रातीको कलेज खोलिदिन पाए त काम गरी पेट पाल्नुपर्नेले पनि पढ्न पाउँथे भन्ने विचार आयो । त्यसैले उनले वि.सं. २००८ साउन पाँच गते नेपाल नेसनल कलेज दरबार हाइस्कुलको भवनमा खोले । त्यही भवनमा दिउँसो दिउँसो स्कुल, राती राती कलेजको पढाइ हुन थाल्यो । कलेजमा सुरु सुरुमा आइ.ए. र बी.ए.को पढाइ हुन्थ्यो । पछिपछि त विभिन्न विषयका एम.ए. को कक्षा पनि चल्न थाले । विदेश गएर उच्च शिक्षामा पढ्न नसक्नेले आफ्नै देशमा पढ्न पाए । उनले यसरी एम. ए. को कक्षा चलाएकाले तत्कालीन सरकारलाई पनि तातो लाग्न थाल्यो । यसले गर्दा वि.सं. २०१२ सालमा त्रिभुवन विश्व विद्यालय पनि खुल्यो । त्रि.वि. खुलेपछि नेसनल कलेजका एम.ए. कक्षाहरू बन्द गर्न लगाइयो । यसले गर्दा यिनको चित्त दुख्यो । राम्रा विद्यार्थी उत्पादन गर्ने धोको अधुरै रह्यो । यसो भए तापनि यिनी शिक्षा विकासमा नै लागिरहे ।

यिनी कलेजमा पढाउँथे, विद्यार्थीले बढी पढ्न खोजे भने घरमै पनि पढाइदिन्थे । तलबको भने यिनलाई मतलब हुँदैनथ्यो । अरू शिक्षकहरूलाई तलब दिएर बाँकी रहेको रकम कलेजकै लागि खर्च गर्दथे । त्यतिले पनि नपुगे आफ्नो पैतृक सम्पत्ति पनि विद्यार्थी र कलेजकै सेवामा खर्च गर्दथे । यिनी विद्यार्थीलाई छोराछोरी झैँ माया गर्दथे ।

यिनले आफ्नै जग्गामा कलेज भवन बनाए । भवन बनाउँदा पनि बिहान सूर्य उदाएदेखि अस्ताउँदासम्म त्यसैमा खटिरहन्थे । रात दिनको मिहिनेतबाट तयार भएको भवनमा विद्यार्थी पढाउन पाउँदा यिनी असाध्यै खुसी भए । शङ्करदेव पन्त दानी मात्र होइन त्यागी पनि थिए । यिनमा लोभ भने केही दिएन । थियो भने असल विद्यार्थीको लोभ थियो । ध्यान दिएर पढ्ने विद्यार्थी पाएपछि यिनलाई केही

चाहिँदैनथ्यो । यिनी जति घण्टा पनि पढाउन सक्थे। अङ्ग्रेजी एम. ए. को जुन विषय पनि यिनी मजाले पढाइदिन्थे । यिनले निजी क्षेत्रमा रहेर शिक्षा सेवा गरिरहे । यिनको धर्म, कर्म सबै शिक्षा सेवा नै थियो । यसैले यिनी एक चित्तले त्यसैमा लागिरहन्थे ।

यिनको यस्तो निस्वार्थ सेवा देखेर वि.सं. २०२३ मा सरकारले गोरखा दक्षिण बाहु विभूषणले सम्मान गर्ने घोषणा गऱ्यो । दिन मात्र जान्ने लिन नजान्ने शङ्करदेव पन्तले यो पदक पनि चाहेनन्, अस्वीकार नै गरे । यिनको स्वाभिमानको यो क्षण एउटा नमुना नै थियो ।

शिक्षासेवी शङ्करदेव पन्त साधा जीवन र उच्च विचार मन पराउँथे । मन पराउने मात्र होइन व्यवहारमा पनि लागु गर्थे । उनी निकै सम्पन्न परिवारका भएर पनि अत्यन्त साधारण थिए । धनको तुजुकतिर यिनी कहिल्यै पनि लागेनन् । खानु र लगाउनु मात्र जीवन होइन । असल काम गर्नु नै जीवनका लक्ष्य हो भन्ने भनाइलाई यिनी गरेर देखाउँथे ।

यिनलाई साहित्य र सङ्गीतमा विशेष रुचि थियो । पढ्ने र पढाउने कामबाट फुर्सद पाएको समयमा यिनी हारमोनियम बजाएर राग पनि गाउँथे । निबन्ध, कविता, कथाहरू त पढ्थे नै । आफैँ पनि राम्रा राम्रा निबन्धहरू लेखी छपाउँथे । रवीन्द्रनाथ टेगोरले नोबेल पुरस्कार पाएको काव्य गीताञ्जली यिनलाई असाध्यै मन पऱ्यो । यसैले यसलाई नेपालमा अनुवाद पनि गरे । नेपालका चर्चित व्यक्ति तेन्जिङ सेर्पाका बारेमा पनि यिनलाई निबन्ध लेख्ने इच्छा थियो । यो इच्छा चाहिँ पुरा हुन सकेन । यो इच्छा पुरा नहुँदै वि.सं. २०३० साल जेठ १ गते यिनको मृत्यु भयो ।

यिनको मृत्युपछि यिनको सेवाको कदर गरी त्रिभुवन विश्व विद्यालयले नेपाल नेसनल कलेजको नाम शङ्करदेव क्याम्पस राखिदियो ।

पुतली सडकमा रहेको शङ्करदेव क्याम्पस यिनै शङ्करदेव पन्तकै नेसनल कलेजको अर्को नाम हो। यिनकै पसिनाको कमाइ हो । आफू बाँचुन्जेल आफ्नो कामको नाम छोप्न चाहने शङ्करदेव पन्त छोपिइरहन पाएनन् । शङ्करदेव पन्त त हाम्रा अगाडि हाँसिरहेका छन्, हाँसिरहने छन् ।

# पूर्वका व्यास छविलाल पोखरेल

– जयप्रसाद लम्साल



*"मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।"*

यस भनाइ नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको हो । यो भनाइले हाम्रा महाकवि छुवाछुत र जातपातको विरोधी रहेछन् भन्ने जानकारी हुन्छ । हाम्रो मुलुकमा छुवाछुतको विरोध गर्ने अर्को आँटिला व्यक्ति पनि थिए । ती हुन् – पण्डित छविलाल पोखरेल । पण्डित छविलाल पोखरेललाई आदरसाथ छविलाल गुरु पनि भन्ने गरिन्छ । छविलाल गुरु ९४ वर्ष बाँचे । आफ्नो बाल्यकालबाट हुर्केपछि पण्डित छविलाल पोखरेल विद्यालय खोल्ने, केटाकेटी जम्मा गरेर पढाउने र छुवाछुतको विरोध गर्ने काममा बाँचुन्जेल लागे ।

पण्डित छविलाल पोखरेलको जन्म चन्द्र शमशेरका शासन कालमा विक्रम संवत् १९६२ सालमा भएको थियो । उनको जन्म धनकुटाको कचिँडे भन्ने ठाउँमा भएको थियो । उनी जन्मँदा काठमाडौँमा मात्र एक दुई ओटा स्कुल थिए । त्यस बेला सर्व साधारणले लेखपढ गर्नु असम्भव जस्तै थियो । छविलाल गुरुले आफ्नो प्रयासमा संस्कृत पढे र त्यसपछि उनी सर्व साधारणलाई लेखपढ गराउन स्कुल खोल्ने काममा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले वि.सं. १९९१ मा गजेन्द्रबहादुर मल्ल भन्ने शिक्षाप्रेमीसँग मिलेर धनकुटाको गोकुण्डेश्वर पाटीमा पहिलो विद्यालय खोले । गोकुण्डेश्वर विद्यालय नेपालका पुराना दस–बार विद्यालयहरूमध्ये एक मानिन्छ । वि.सं. २००७ सालभन्दा पहिले राणाहरूलाई खुसी गराएर मात्र स्कुल खोल्नुपर्थ्यो । बडाहाकिमले सताएकाले गोकुण्डेश्वर विद्यालय केही समय बन्द भयो र १९९६ मा फेरि खुल्यो । त्यसपछि छविलाल गुरु धरानमा पब्लिक माध्यमिक विद्यालय, सार्वजनिक विद्या भवन, शारदा बालिका विद्यालय, पिण्डेश्वर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस खोल्ने, खोलाउने काममा सक्रिय रूपमा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले धेरै समय पिण्डेश्वर क्याम्पसमा पढाए । पिण्डेश्वर क्याम्पसका गुरु भएकै कारण

उनलाई छविलाल गुरु भनिएको हो ।

हाम्रो गाउँघरमा हिजोआज पनि आफूलाई ठुलो जातका मान्नेहरूबाट तल्लो जातका मानिसलाई हेला गरिन्छ। २०२० सालभन्दा पहिले त अझै तल्लो जातका मानिसलाई सताउने खालका कानुनहरू पनि थिए । त्यस बेला दलित मानिसहरूलाई सार्वजनिक विद्यालयमा पढ्न पनि बन्देज गरिन्थ्यो। छविलाल गुरुले त्यस्तो भेदभावलाई चुनौती दिए र खोजी खोजी दलित बालबालिकालाई विद्यालय भर्ना गराउन थाले । ठुला जातका भनाउँदाहरूले छविलाल गुरुको यस कदमको विरोध गरे । छविलाल गुरुले विरोधको वास्ता गरेनन् । २००५ सालमा गुरुले हिरालाल विश्वकर्मालाई विद्यालयमा भर्ना गरेर पढाए । विश्वकर्मा जान्ने सुन्ने भएर हाम्रो मुलुकका शिक्षा राज्यमन्त्री पनि भए । छविलाल गुरु दलित जातका घरमा गएर पुरोहितको काम गरिदिन्थे । उनी राई, लिम्बु, गुरुङ जातका कुमारहरूलाई व्रतबन्ध गराइदिन्थे । उनी महिला पुरुषको लिङ्गभेदको पनि विरोधी थिए। उनी छोरीहरूको पनि व्रतबन्ध गराइदिन्थे।

छविलाल गुरु साहित्यकार पनि थिए । उनले डेढ दर्जन जति साहित्यिक पुस्तकहरू पनि लेखेका छन् । भाव तरङ्ग (कविता सङ्ग्रह), समालोचनाको कसीमा देवासुर सङ्ग्राम, आधुनिक दृष्टिमा वाल्मीकि रामायण उनका प्रमुख साहित्यिक कृतिहरू हुन् । उनी वेदको व्याख्या पनि गर्दथे । उनले वेदसँग सम्बन्धित धर्म र मतहरू, वेदको सोमरस र जाँड रक्सीको व्यवहार जस्ता पुस्तकहरू पनि लेखेका थिए । धर्म र वेदको व्याख्या गर्ने विद्वान् व्यक्ति भएकै कारण उनलाई पूर्वका व्यास पनि भनिन्छ ।

छविलाल गुरुको जीवनको अन्ततिर मात्र सरकार र अन्य सङ्घसंस्थाले उनका कामको प्रशंसा गर्न थाले । ९२ वर्षको उमेरमा मात्र उनले महेन्द्र प्रज्ञा पुरस्कार पाए । उनले २०४४ सालमा शिक्षा पुरस्कार, २०५२ सालमा सामाजिक सेवा र २०५३ सालमा केशरसिंह, खड्गकुमारी कार्की पुरस्कार पाए । उनले गोरखा दक्षिणबाहु चौथा पनि पाएका थिए ।

छविलाल गुरुले दलित र सर्व साधारण जनताको भलो हुने काममा आफ्नो लामो जीवन समर्पण गरे । उनी २०५६ साल फागुन एक गते हामीबाट बिदा भए । हामीले पनि छविलाल गुरुले जस्तै अरूको भलो हुने काम गरेर नाम कमाउनुपर्छ ।

# केही अमर मानिस



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

पुनर्लेखन
जयप्रसाद लम्साल
शारदा अधिकारी

चित्राङ्कन कर्ता
लक्ष्मण भुजेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | लौह पुरुष गणेशमान सिंह | ५ |
| २. | सङ्घर्षशील नेता मनमोहन अधिकारी | ८ |
| २. | निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे | ११ |
| ३. | अद्वितीय प्रतिभा अमर चित्रकार | १५ |
| ४. | वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन | १७ |
| ५. | दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त | १९ |
| ६. | पूर्वका व्यास छविलाल पोखरेल | २३ |

# लौह पुरुष गणेशमान सिंह

– जयप्रसाद लम्साल



फलाम अत्यन्त कडा धातु हो । यसलाई लोहा पनि भनिन्छ । फलाम सजिलै भाँचिदैन र बाङ्गिदैन पनि । कस्तो आपत् पर्दा पनि आफ्नो सत् विचारमा अडिक रहने निडर मानिसलाई फलामसँग तुलना गरेर लौह पुरुष वा लोहनारी भनिन्छ । प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई लौह पुरुष भनिन्छ ।

गणेशमान सिंह राणा र पञ्चायती शासन हटाएर नेपालमा प्रजातान्त्रिक शासन (बहुदलीय संसदीय शासन) स्थापना गर्न चाहन्थे । राणाकालमा राणाहरू आफ्नो विरोध गर्नेलाई झुन्ड्याउथे वा गोली हानेर मार्दथे । गणेशमानका चारजना सहयोद्धा यसरी नै मारिए । गणेशमानलाई मारिएन तर जन्मकैदको सजाय दिइयो । जेलमा राणाहरूले गणेशमानलाई पिडौलामा छरछरी रगत आउन्जेल कोर्राले पिट्थे । तर गणेशमान राणाहरूसँग झुकेनन् । त्यसैगरी पञ्चायत कालमा पञ्चायती सरकारले पनि गणेशमानलाई लामो समय जेलमा राख्यो । जेलबाट छुटेपछि स्वतन्त्र रूपमा हिंड्डुल गर्न पनि दिएन । तर उनी पञ्चसँग पनि झुकेनन् । कोही रिसाओस् वा आफ्नो ज्यानै जाओस् गणेशमान सिंह आफ्ना मनका कुरा निर्भिक भएर बोल्दथे ।

गणेशमान सिंहको जन्म वि.सं. १९७२ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम सुब्बा ज्ञानमान श्रेष्ठ र आमाको नाम सानुनानी श्रेष्ठ हो । उनको बोलाउने नाम हिराकाजी थियो । गणेशमान सानैदेखि निडर थिए । उनले दरबार हाइस्कुलमा ६ कक्षामा पढ्दा राणाका छोरा नातिहरूका अगाडि शिर झुकाएनन् । यस कारण उनलाई दरबार हाइस्कुलबाट निकालियो । यस्ता कुराले गर्दा गणेशमानमा बाल्यकालदेखि नै राणाहरूप्रति घृणा जागेर आयो ।

गणेशमान सिंह कलकत्ता गए र त्यहाँबाट वि.सं. १९९४ मा म्याट्रिक पास गरेपछि उनी नेपाल फर्किए । त्यसपछि सहिद धर्मभक्त र गङ्गालालसँग गणेशमान सिंहको सम्पर्क भयो । उहाँहरूले टङ्कप्रसाद आचार्यको अध्यक्षतामा नेपाल प्रज्ञा परिषद् नामको राणा विरोधी राजनीतिक पार्टी खोल्नुभयो । १९९७ सालमा राणाहरूले गणेशमान सहित प्रजा परिषद्का धेरैजसो सदस्यहरूलाई पक्रिए । पक्राउ पर्नु तिन महिना अगाडि मात्र गणेशमान र मङ्गलादेवीको विवाह भएको थियो । पक्राउ परेका मध्ये शुक्रराज, गङ्गालाल, धर्मभक्त र दशरथ चन्दलाई मृत्युदण्ड दिइयो । गणेशमानलाई सर्वस्व हरण गरेर आजन्म कारावासको सजाय दिइयो ।

चार वर्ष जेल बसेपछि २००१ सालमा गणेशमान जेलबाट भागेर भारत पसे । कलकत्तामा जन नायक विश्वेश्वरप्रसाद कोइराला र गणेशमानको भेट भयो । त्यसपछि उहाँहरूले नेपाली राष्ट्रिय काङ्ग्रेस नामको राजनीतिक पार्टी खोल्नुभयो । यो पार्टी २००६ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग मिलेर नेपाली काङ्ग्रेस भयो ।

२००६ सालमा नेपाली काङ्ग्रेसले राणाका विरुद्ध लडाइँ गर्ने योजना बनायो । रक्सौलबाट वीरगञ्ज हुँदै काठमाडौँमा आक्रमण गर्ने जिम्मा गणेशमानलाई दिइयो । उनी लडाइँको तयारी गर्न गोप्य रूपमा काठमाडौँ जाँदै गर्दा बाटामा पक्राउ परे । त्यसपछि उनलाइ फेरि जेल हालियो । गणेशमान जेल परे पनि नेपाली काङ्ग्रेसले विभिन्न ठाउँमा आक्रमण गरेर ती ठाउँ आफ्नो कब्जामा लियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । गणेशमान जेलबाट छुटे र वाणिज्य मन्त्री बनाइए ।

२०१५ सालको आम निर्वाचनमा गणेशमान सिंह काठमाडौँबाट सांसद निर्वाचित भए । त्यसपछि उनी निर्माण तथा यातायात मन्त्री भए । २०१७ सालमा राजा महेन्द्रबाट बहुदलीय व्यवस्था खारेजी भयो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र अरू नेताहरूलाई जेल हालियो । २०२५ सालमा मात्र उहाँहरू जेलबाट छुट्नुभयो । त्यस बेला नेपालमा पञ्चायती शासन थियो । पञ्चायतकालमा पार्टी खोल्ने र पञ्चायती शासनको विरोध गर्नेलाई कुटपिट गरिन्थ्यो । जेलमा हालिन्थ्यो ।

त्यस बेला बी.पी. र गणेशमानलाई नेपाल बस्न सक्ने अवस्था थिएन । उहाँहरू भारत जानुभयो। २०३३ सालमा देशभित्रै बसेर आन्दोलन गर्ने भनेर बी.पी., गणेशमान र नेपाली काङ्ग्रेसका अरू नेताहरू नेपाल फर्कनुभयो । त्यस बेला पञ्चहरूले बी.पी. र गणेशमानलाई मृत्युदण्ड दिनुपर्छ भन्ने हल्ला उठाएका थिए ।

२०३६ सालमा विद्यार्थीहरूले ठुलो आन्दोलन गरे । यस आन्दोलनलाई नेपाली काङ्ग्रेस र कम्युनिस्ट नेताहरूको समर्थन थियो । यही आन्दोलनका कारण राजाबाट निर्दलीय पञ्चायती शासन रोज्ने कि बहुदलीय प्रजातन्त्र रोज्ने भनेर जनमत गराउने घोषणा भयो। बी.पी. र गणेशमान बहुदलको प्रचारमा जुट्नुभयो । जनमतमा पञ्चायतले जित्यो तर गणेशमानले पञ्चायती शासन स्वीकारेनन् ।

२०३९ सालमा बी. पी. को निधन भयो। त्यसपछि गणेशमान नेपाली काङ्ग्रेसका सर्वमान्य नेता भए । ०४२ सालमा गणेशमानको नेतृत्वमा पञ्चायती शासनको विरोधमा सत्याग्रह आन्दोलन भयो । आन्दोलन अगाडि बढ्दै जाँदा बमकाण्डहरू भएकाले सत्याग्रह रोकियो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाले गणेशमान सिंहको नेतृत्वमा संयुक्त आन्दोलन गरे । पञ्चायत ढल्यो र नेपालमा २०१७ सालमा गुमेको बहुदलीय प्रजातन्त्र फेरि आयो। यसरी मुलुकमा प्रजातन्त्र ल्याउन गणेशमान सिंहले कठिन सङ्घर्ष गरे ।

कुटाइ पिटाइ, जेल, आप्रवास आदि सबै कुरा भोगे । आपत् परे पनि गणेशमान सिंहले आफ्नो साहस छोडेनन् ।

गणशेमान सिंह विश्वमै प्रजातान्त्रिक योद्धाका रूपमा चिनिन्छन् । २०४८ सालमा सिंह अमेरिकाको पिसस पुरस्कारबाट सम्मानित भए । २०५० सालमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार पुरस्कारबाट सम्मानित भए। गणेशमान सिंह त्यागी महापुरुष थिए । उनले जन्मभर राजनीति गरे। २०४६ सालको आन्दोलनपछि राजाबाट उनलाई प्रधानमन्त्री हुन अनुरोध गरियो तर उनले आफू प्रधानमन्त्री नहुने कुरा जाहेर गरे। उनले अन्तर्राष्ट्रिय पुरस्कारबाट पाएको रकम पनि समाज सेवामा लगाए ।

२०५४ सालमा प्रजातन्त्रका महासेनानी गणेशमान सिंहको निधन भयो। लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भएर उनलाई बिदा गरे । उहाँको निधनले सारा नेपालीलाई शोकाकुल बनायो ।

# सङ्घर्षशील नेता मनमोहन अधिकारी

– जयप्रसाद लम्साल




हाम्रो मुलुकमा लामो दुःख काटेर सङ्घर्षमय जीवन बिताउनेहरू धेरै छन्। तीमध्ये मनमोहन अधिकारीको नाम अगाडि आउँछ। मनमोहन अधिकारीले भारतमा अङ्ग्रेजका विरुद्धमा र नेपालमा राणा र पञ्चायती शासनका विरुद्धमा सङ्घर्ष गरे । लामो जेल जीवन बिताए । समस्या र अभाव खेपे । उनको मृत्यु चुनावको मैदानमा भयो ।

मनमोहन अधिकारीको जन्म वि.सं. १९७८ सालमा काठमाडौँको लाजिम्पाटमा भएको थियो । उनका पिताको नाम रामचन्द्र र माताको नाम पूर्णकुमारी थियो । उनका आठ जना दाजुभाइ र दुई दिदी बहिनी थिए। मनमोहनका पिताले जलेश्वरमा जागिर खाँदा भारतका अङ्ग्रेज विरोधी नेताहरूलाई सहयोग गर्ने गर्थे। यसै कारण राणाहरूले उनको जागिर खोसिदिए । यस बेला मनमोहनका परिवारलाई भातपानीको समस्या भयो। त्यसपछि उनको परिवार विराटनगर सऱ्यो ।

मनमोहन अधिकारी इ.सं १९३८ सालमा पढाइका लागि भारत पसे । उनले बनारसबाट इ.सं. १९४० सालमा म्याट्रिक पास गरे । त्यसपछि उनले बी.एस्सी. सम्मको पढाइ गरे। भारतमा बी.एस्सी. को अध्ययन गर्दा मनमोहन अधिकारी अङ्ग्रेज विरोधी आन्दोलनमा लागे र जेल परे। जेलमा भारतीय कम्युनिस्टहरूसँग अधिकारीको सम्पर्क भयो। त्यसपछि उनी कम्युनिस्ट विचारबाट प्रभावित भए । जेलबाट छुटेपछि अधिकारी बनारसमा रेल्वे र कटन मिल्सका मजदुरहरूलाई सङ्गठित गर्ने काममा जुटे। भारत स्वतन्त्र भएपछि मनमोहन अधिकारी नेपाल फर्केर राणा विरोधी काममा लागे ।

मनमोहन अधिकारीले घर चलाउन

जागिर खानुपऱ्यो । उनी विराटनगर कटन मिल्समा केमिस्टको जागिर खान थाले र त्यहाँका मजदुरहरूलाई सङ्गठित गर्न थाले । मनमोहन अधिकारी र अरू नेताहरूले २००४ सालमा विराटनगरमा ठुलो मजदुर आन्दोलन चलाए । आन्दोलनका क्रममा जेल परे र २००६ सालमा मात्र छुटे ।

२००६ सालमा पुष्पलाल श्रेष्ठले कलकत्तामा नेपाल कम्युनिस्ट पार्टी खोले । २००६ सालमै मनमोहन र पुष्पलालको भेट भयो । २००८ सालमा मनमोहन नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयको सचिव भए । २०१० मा भएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी त्यस पार्टीको महासचिव भए । २०१२ सालमा साधना प्रधानसँग मनमोहनको विवाह भयो ।

२०१७ सालमा बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लाग्यो । बहुदल मान्ने नेताहरू पक्राउ परे । यस बेला मनमोहन चीनमा थिए । उनी नेपाल फर्कनासाथ जेल परे । उनी जेलमा परेका बेला नेपाल कम्युनिस्ट पार्टी फुट्यो । २०२५ सालमा मनमोहन जेलमुक्त भए त्यसपछि उनी विभिन्न चिरामा बाँडिएको कम्युनिस्ट समूहलाई एकीकृत गर्न र पञ्चायती शासन विरोधी काम गर्न थाले । २०३६ सालमा राजाबाट पञ्चायत रोज्ने कि बहुदल रोज्ने भनेर जनमत सङ्ग्रह गराउने घोषणा भयो । मनमोहन बहुदलको प्रचार प्रसारमा जोडतोडले लागे । त्यस बेला मनमोहनको भाषणको खुबै चर्चा हुन्थ्यो ।

मनमोहनको भाषण सुन्न मानिसको ठुलो भिड लाग्दथ्यो । बहुदलले जितेन तर मनमोहन पञ्चायत विरोधी सङ्घर्षमा लागिरहे । २०४६ सालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट मिलेर पञ्चायतका विरुद्ध संयुक्त जन आन्दोलन भयो । त्यस आन्दोलनले पञ्चायतको पतन गरायो र नेपालमा बहुदल पुनः आयो ।

२०४७ सालमा मनमोहनले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी र मदन भण्डारीले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मालेबिच एकता गराउन यी दुवै नेता सफल भए । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी बन्यो । मनमोहन यस पार्टीको अध्यक्ष र मदन भण्डारी महासचिव बने ।

बहुदल आएपछिको २०४८ को आम चुनावमा मनमोहन अधिकारी सुनसरी

क्षेत्र नं. एकबाट संसद सदस्य जितेर प्रमुख प्रतिपक्षी दलको नेता भए । २०५१ सालको चुनावमा मनमोहनले काठमाडौँ क्षेत्र न. एक र तिनबाट चुनाव जितेर नेपालको प्रधानमन्त्री बने ।

मनमोहन दुई पटक कालको मुखबाट बाँचेका थिए । २०४६ सालमा उनी जनआन्दोलनका लागि कार्यकर्तालाई सङ्गठित गर्न पश्चिमका जिल्लाको भ्रमणमा थिए । उनी कैलालीमा पक्राउ परे । पञ्चायती क्रूर शासकले रातको समयमा सत्तरी वर्ष पुग्न लागेका वृद्ध नेता मनमोहनलाई शाही बर्दिया राष्ट्रिय निकुञ्जको जङ्गलमा लगेर छोडिदियो । संयोगले उनी हिंस्रक जन्तुको मुखमा परेनन् । २०५१ साल साउनमा प्रधानमन्त्री भएकै बेला मनमोहन हेलिकप्टर दुर्घटनामा परे । यस दुर्घटनामा मनमोहनको मेरुदण्ड (ढाडको हाड) चर्कियो र उनी केही समय अस्पताल बसे । त्यस बेला संसदमा उनीमाथि अविश्वासको प्रस्ताव आएको थियो । अविश्वासको प्रस्ताव पास भएकाले उनले राजिनामा दिए ।

२०५६ सालको आम निर्वाचनमा एमालेको पक्षमा प्रचार प्रसार गर्न मनमोहन खुबै खटे । उनी आफू पनि काठमाडौँ निर्वाचन क्षेत्र न. एक र तिनबाट उम्मेदवार भएका थिए । क्षेत्र न. एकको गोठाटार भन्ने ठाउँमा भाषण सकेपछि उनी मुर्छा परे । मुर्छा परेको हप्ता दिनपछि २०५६ साल वैशाख १३ गते उनले सधैँका लागि संसारबाट विश्राम लिए । लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भए । हजारौँ नेपालीले उनको मृत्युमा आँसु बगाए ।

मनमोहन अधिकारीको जीवन अत्यन्तै सादा थियो । उनी बाटाघाटामा पैदल हिँड्दै गरेका देखिन्थे । उनी प्रधानमन्त्री हुँदा पनि बिहानको चिया आफैँ बनाएर खान्थे । उनी केटाकेटीहरूलाई खुबै माया गर्थे । सबैभन्दा ठुलो कुरा त उनी सच्चा राष्ट्रभक्त र अत्यन्तै इमानदार थिए । भनिन्छ उनी प्रधानमन्त्री हुँदा आफू र आफन्तहरूको फाइदाका लागि कुनै काम गरेनन् । उनी सम्पूर्ण गरिब, निमुखा नेपाली जनताको उन्नति चाहन्थे । उनको सम्पूर्ण जीवन नेपालमा प्रजातन्त्र प्राप्तिका लागि बित्यो । उनले गरिब, निमुखाहरूका लागि काम गर्ने अवसर पाएनन् ।

# निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे

– शारदा अधिकारी



नेपालको शिक्षाको विकासमा धेरै व्यक्तिले सहयोग पुऱ्याएका छन् । त्यसमा सरदार रुद्रराज पाण्डको नाम अगाडि आउँछ । उनको विद्वता र शिक्षाको कदर गरेर नै जुद्ध शम्शेरले उनलाई सरदार भन्ने पदवी दिएका थिए । त्यसैले हामी उनलाई सरदार रुद्रराज पाण्डे भन्दछौँ ।

सरदार रुद्रराज पाण्डेको जन्म वि.सं. १९५७ साल चैत्र २६ गते काठमाडौँको प्यूखा टोलमा भएको थियो । उनका पिताको नाम पद्मराज र माताको नाम टीकालक्ष्मी हो ।

सरदार पाण्डेको परिवार राणाहरूको गुरु खलकमा पर्दथ्यो । यसैले पनि यो परिवार शिक्षाको क्षेत्रमा अरूको तुलनामा अघि नै थियो । त्यसमाथि पनि रुद्रराज पाण्डेले त आफ्नो प्रतिभा सानैदेखि देखाउन थाले । यिनी पढ्नमा सारै रमाउँथे । अक्षर चिनेदेखि नै यिनमा पढ्ने रुचि जाग्यो । सानै उमेरमा बुबाहरूबाट यिनले घरमै धेरै कुरा सिके । त्यसपछि रानी पोखरी प्रधान पाठशालामा भर्ना भए । त्यहाँ लघु कौमुदी, अमर कोष, रघुवंश आदि ग्रन्थहरूको अध्ययन गरे । त्यसपछि उनी अङ्ग्रेजी पढ्नका लागि दरबार स्कुलमा तिन कक्षामा भर्ना भए ।

त्यतिखेर अहिले जस्तो नेपालबाटै एस.एल.सी. परीक्षा दिन पाइँदैनथ्यो । दरबार हाइस्कुलमा पढाइ हुन्थ्यो तर परीक्षा दिन भारतको कलकत्ता वा पटना जानु पर्थ्यो । अहिले एस.एल.सी. भनिए झैँ त्यति बेला म्याट्रिक परीक्षा भनिन्थ्यो ।

पाण्डे पनि दरबार हाइस्कुलमा पढी म्याट्रिक परीक्षा दिन कलकत्ता गए । वि. स. १९७६ मा प्रथम श्रेणीमा

म्याट्रिक पास गरे । त्यति बेला प्रथम श्रेणीमा म्याट्रिक उत्तीर्ण गर्नु चानचुने कुरो थिएन । रुद्रराजले त्यसरी म्याट्रिकमा प्रथम श्रेणी ल्याएकाले बडागुरुज्यू सारै खुसी भए ।

बडागुरुज्यू खुसी भएकाले रुद्रराजको छात्रवृत्तिका लागि पनि सिफारिस गरिदिए । उनको सिफारिस भएकाले तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरबाट उनले छात्रवृत्ति पाए । त्यही छात्रवृत्तिमा उनले इलाहावादको कायत्य कलेजबाट आई.ए. पास गरे । यसरी नै सेन्टम्योर कलेजबाट बी.ए. पास गरे । इलाहावाद विश्व विद्यालयबाट वि.सं. १९८२ मा इतिहास विषयमा एम.ए. गरे ।

त्यतिखेर यसरी बी.ए., एम.ए पास गरेको मानिस भेट्न सारै गारो थियो । कसैले पास गरेको थाहा हुनासाथ उसलाई विभिन्न पदको जिम्मेवारी दिइहालिन्थ्यो । यिनलाई पनि एम.ए गरी आउनासाथ त्रिचन्द्र कलेजको प्राध्यापकको पद दिइयो । त्रिचन्द्र कलेजको प्राध्यापक भई यिनी इतिहास पढाउन थाले ।

यसरी यिनी कलेजमा पढाउन थालेको डेढ वर्ष जति भएको थियो । त्यतिखेर दरबार हाइस्कुलका हेडमास्टर शारदाप्रसाद मुखर्जीको निधन भयो । उनको मृत्यु भएपछि त्यहाँको हेडमास्टर पनि यिनै हुन पुगे । यिनलाई दोहरो दायित्व पुरा गर्नुपर्ने भयो ।

त्यतिखेरसम्म पनि नेपालमा दस कक्षाको जाँच दिन भारत जानुपर्थ्यो । यसले गर्दा विद्यार्थीहरूलाई निकै मर्का परिरहेको थियो । त्यसमाथि पनि नेपालीले नेपाली विषयमा जाँच दिन नपाउने, हिन्दी विषयमा जाँच दिनुपर्ने बाध्यता छँदै थियो । यस समस्याले रुद्रराज पाण्डेलाई पढ्ने बेलादेखि चिमोटिरहेको थियो । दरबार स्कुलको हेडमास्टर भएपछि यिनले धेरै चोटि पटना पुगी सबलाई कुरा बुझाई नेपाली विद्यार्थीले नेपालबाटै म्याट्रिक दिन पाउने व्यवस्था मिलाएरै छाडे ।

अब सरदार रुद्रराज पाण्डे नेपालका विद्यालयमा नेपाली विषय पढाउन पाउने र जाँच पनि नेपाली मध्यमबाटै दिलाउन पाउने कुराका लागि खट्न थाले । यिनी पटना बोर्डको मिटिङमा गएपिच्छे यस कुरामा कचकच गर्न थाले । नेपालीले नेपाली भाषामा नै जाँच दिन पाउनु पर्छ किन नपाउने ? भन्ने प्रश्न सोधेर यिनले भारतीय बोर्डका सदस्यहरूलाई हैरान पारे ।

नेपाली भाषामा लेखिएका पाठ्य पुस्तक खोइ ? भनी बोर्डका सदस्यहरूले उल्टै अर्को अत्तो थापे । अर्को बैठकमा उनी किताबको बाकस बोकाएर गए । अनि त बाकसबाट एक एक किताब झिक्दै बोर्डका सदस्यहरूलाई 'यो पाठ्य पुस्तक होइन भने के हो त ?' भन्ने प्रश्न गर्दै किताब देखाउँदै गए ।

उनले आठ दस किताब देखाएपछि बोर्डका सदस्यहरूलाई भो भो भन्न करै लाग्यो । भैगो बाकस बन्द गर्नुहोस्, तपाईँले भनेअनुसार व्यवस्था हुन्छ भन्दै उनीहरूले सो मान्ने कबुल गरे । वास्तवमा ती बाकसका मुनितिर उही उही किताबहरू दोहऱ्याएर राखिएका थिए । सदस्यहरूले सबै किताब झिकेर एक एक केलाएको भए उनको भेद खुल्थ्यो । यिनको यही जुक्तिले गर्दा नेपाली भाषामा परीक्षा दिन पाउने व्यवस्था भएरै छाड्यो ।

यसरी जुक्ति लगाएर नेपाली भाषामा जाँच दिन पाउने व्यवस्था त मिलाए । उताबाट फर्केपछि भने यिनलाई पिर पऱ्यो । नेपाली भाषाको इज्जत कसरी राख्ने भन्ने कुराले यिनी चिन्तित भए ।

मूर्ख मान्छे चिन्तामा पिरोलिई मात्र रहन्छ, बुद्धिमान् मान्छे चिन्ता हटाउने उपायतिर लाग्छ । रुद्रराज पाण्डे बुद्धिमान् त छँदै थिए । सो चिन्तालाई हटाउन उनी आफैं किताबहरू लेख्न थाले ।

नेपाली भाषामा पनि साहित्य हुन्छ र भन्नेहरूका लागि यिनले पाँच ओटा उपन्यासका लहर लगाइदिए । रूपमती उपन्यास लेखेर त यिनी पहिलो आधुनिक नेपाली उपन्यासकार नै बन्न पुगे । यसपछि पनि यिनले चम्पाकाजी, प्रायश्चित, प्रेम र हेरफेर नामका उपन्यासहरू लेखे । नाटक, निबन्ध, कविता, एकाङ्कीहरू पनि लेखेर यिनले प्रशस्त पुस्तकहरू तयार पारे । यिनले ठुला मानिसहरूका लागि पनि लेखे । बालबालिकाका लागि पनि लेखे । बाल रामायण, बालकृष्ण चरित्र, नवरत्न, इसप, नीतिकथा जस्ता तिमीहरूलाई मन पर्ने पुस्तकहरू पनि यिनले लेखेका छन् ।

यसरी कलेजका प्राचार्य र स्कुलका प्रधान अध्यापक भएर यिनले शिक्षा सेवा गरिरहेका थिए । यिनको शिक्षा प्रेम र योग्यताको पनि कदर भयो । यसैले यिनी वि.सं. २००८ मा शिक्षा सचिवमा नियुक्त हुन पुगे । वि.सं. २०२१ मा त्रिभुवन

विश्व विद्यालयको उपकुलपति भए । यही पदमा रही ६ वर्षसम्म नेपाली उच्च शिक्षाको सेवा गरे । यसपछि वि.सं. २०२६ मा सेवाबाट अवकाश लिए ।

जागिर छोडेपछि यिनी साधुसन्तहरूको सत्सङ्गमा रमाउन थाले । यिनी पहिलेदेखि नै भगवान्को पूजापाठ, भजनकीर्तनमा रमाउँथे । दिनहुँ गीता पाठ गर्दथे । रामायण महाभारत यिनलाई खुब मन पर्थ्यो । अब उनी नेपाल र भारतका तीर्थस्थलको भ्रमणमा लागे । ठुला ठुला सन्तहरूलाई भेट्ने, उनीहरूको सेवा गर्ने काममा नै यिनी लाग्दै गए । यसै क्रममा भारतको केदार घाटमा वि.सं. २०४३ चैत्र २३ का दिन यिनले देहत्याग गरे ।

छ्यासी बर्से जीवनमा पाण्डेले तनमन लगाएर देश सेवा गरे । शिक्षाको विकासका लागि दिलोज्यानले लागे । नेपाली भाषा र साहित्यको विकासका लागि डटेर अघि सरे । यसैले यिनी सरदार पदवीले सम्मानित भए । निःस्वार्थ सेवाले गर्दा यिनी लोकप्रिय भए । नेपाली भाषा र साहित्य, नेपालको शिक्षा क्षेत्रको विकासका लागि यिनले आफ्नो जीवन अर्पिए । यसैले यिनी गोरखा दक्षिण बाहु, त्रिशक्तिपट्टले विभूषित भए । श्री ५ त्रिभुवन रजत जयन्ती पदक पाए । श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक, श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदकबाट सम्मानित भए ।

आज यिनको शरीर हाम्रो सामूबाट बिलाइसक्यो । तर, यिनी युग पुरुष भएर हामीमाझ चम्किरहेका छन् ।

# अद्वितीय प्रतिभा अमर चित्रकार

– शारदा अधिकारी



हाम्रो नेपाल भूमिमा पनि केही विशेष प्रतिभा जन्मिएका छन् । ती प्रतिभामध्ये अमर चित्रकार पनि पर्छन् । उनले अनगिन्ती चित्र कोरेर अनगिन्ती मूर्ति पनि कुँदे । उनी चित्रकारभन्दा पनि मूर्तिकारका रूपमा नेपालमा मात्र नभएर छिमेकी मुलुकमा समेत प्रख्यात भए । नेपालका सडक चोकहरूमा स्थापित अधिकांश मूर्तिहरू अमर चित्रकारकै कृति हुन् । उनका मूर्तिले कैयन् नेपालीका बैठक कोठा सजिएका छन् । उनका मूर्ति विदेशीले पनि त्यत्तिकै मन पराउँछन् ।

अमर चित्रकारको जन्म वि.सं. १९७७ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम बिन्दुलाल र माताको नाम चिनीमाया थियो । अमर चित्रकारले आठ वर्षको उमेरदेखि चित्र बनाउन थाले । पछि उनले मूर्ति पनि बनाउन थाले । उनले आफ्नो ७९ वर्षको उमेरसम्म यी दुवै काम गरिरहे । उनी बिहानदेखि बेलुकासम्म चित्र कोरिरहन्थे । आफ्नो काम नसकी उनी खाना पनि खाँदैनथे । ७९ वर्षको उमेरमा भगवान् गौतम बुद्ध र भूपालमान सिंह कार्कीको मूर्ति बनाउँदा बनाउँदै अमर चित्रकारको निधन भयो ।

मूर्ति बनाउनु सजिलो काम होइन । मूर्ति बनाउँदै जाँदा जसको मूर्ति बनाइएको हो उसको अनुहार मिलाउन ज्यादै कठिन हुन्छ । ढलौटको मूर्ति बनाउँदा मूर्ति टुटफुट हुने सम्भावना हुन्छ । यस्तो गारो काम भए पनि अमर चित्रकारले धेरै मानिसका चित्र बनाए । उनले राजा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, राजा महेन्द्र, राजा वीरेन्द्रका मूर्तिहरू बनाए । उनले अरू धेरै व्यक्तिका पनि मूर्ति बनाए ।

अमर चित्रकार राष्ट्रवादी कलाकार थिए । उनले नेपालीले बनाएका मूर्ति तथा चित्रले नेपालको परिचय दिन सक्नुपर्छ भन्थे। उनी भन्थे, “नेपालको आफ्नो छुट्टै प्रकारको वेषभूषा, खानपान, चलन व्यवहार छ । हाम्रो मूर्ति र चित्रले यी कुरा झल्काउनु पर्छ ।” उनी आफू पनि नेपालीपन झल्कने चित्र तथा मूर्ति बनाउँथे।

अमर चित्रकार नेपालका अद्वितीय प्रतिभा थिए। उनले बनाएका चित्र र मूर्तिहरू भारत, बङ्गलादेश, जापान आदि मुलुकमा पनि प्रदर्शन गरिएका थिए । यस्तो ख्याति कमाएर पनि अमर चित्रकारका कत्ति पनि घमन्ड थिएन । उनी सरल र मिलनसार थिए ।

अमर चित्रकार नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य थिए। उनले सुविख्यात त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु जस्ता मान पदक र इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार पाएका थिए ।

विश्राम नगरी चित्र र मूर्ति बनाउँदा बनाउँदै २०५६ साल कार्तिक २५ गते अमर चित्रकार यस धर्तीबाट बिदा भए। उनी जीवित नभए पनि उनका मूर्ति र चित्रहरूले उनको सम्झना दिलाइरहने छन् । नेपाली भूमिमा नामअनुसार नै उनी अमर हुने छन्।

# वरिष्ठ सङ्गीतकार गोपाल योन्जन

– जयप्रसाद लम्साल



*देशले रगत मागे मलाई बली चढाऊ,*
*रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी।*

यो गीत रेडियोबाट बेला बेलामा सुन्न पाइन्छ । यो गीत सुन्दा हामी राष्ट्रभक्त नेपालीको आङ जुर्मुराउँछ। यस गीतले हामी नेपालीहरूमा देशको भलो हुने केही काम गर्न पाए हुन्थ्यो भन्ने इच्छा जगाउँछ ।

माथिको गीत आफैँले लेखेर गाउने गायकको नाम हो गोपाल योन्जन । गोपाल योन्जन यस धरतीबाट बिदा भइसकेका छन् । तर पनि उनी गीत, सङ्गीत र स्वरको माध्यमले हामी माझमै छन् । उनका गीत सङ्गीत र स्वरले हामीलाई दुई कुरा दिइरहेका छन् । पहिलो कुरा देशभक्तिको भावना र दोस्रो कुरा स्वर र सङ्गीतको आनन्द ।

गोपाल योन्जनको जन्म वि.सं. २००० मा भएको हो। उनी भारतको दार्जिलिङको मिरिक भन्ने ठाउँमा जन्मिएका थिए। मिरिक इलाम जिल्लाको पशुपतिनगर भन्ने ठाउँसँगै जोडिएको छ। गोपाल योन्जनका पिताको नाउँ बुद्धिमान् र माताको नाउँ छेकु डोल्मा हो। गोपाल योन्जनले बाल्यकाल दार्जिलिङमै बिताएर २०२० सालतिर काठमाडौँ आए। उनले नेपाली विषयमा एम.ए. सम्मको पढाइ पुरा गरे। उनी सानै उमेरदेखि गीत सङ्गीतमा लागेका थिए। गोपाल योन्जन २०२८ सालदेखि पद्मकन्या क्याम्पसमा लोक सङ्गीतको प्राध्यापन गर्थे ।

गोपाल योन्जन बहुमुखी प्रतिभाका धनी थिए । उनी गीत रचना गर्थे, सङ्गीत सिर्जना गर्थे र गाउने पनि गर्थे। स्रोताहरू उनका गीत र सङ्गीत

सुनेर मन्त्रमुग्ध हुन्छन् । उनले धेरै राष्ट्रिय गीतहरू रचना गरी आफैँले सङ्गीत बद्ध गरी आफैँले पनि गाएका छन् ।

*नेपाली नेपालको माया छ कि छैन,*
*धेरै खेल्यौ नेपालका तिमी छातीमाभ्क*
*तिम्रो छातीमाथि पनि नेपाल छ कि छैन ?*

गोपाल योञ्जनले यस्ता गीत सुमधुर स्वरमा गाएर नेपालीहरूलाई नेपालको माया गरौँ भन्ने सन्देश दिएका छन् ।

गोपाल योञ्जनले गीत मञ्जरी र सङ्गीताञ्जली भन्ने गीतका पुस्तकहरू लेखेका छन् । गीत मञ्जरीमा बाल गीतहरू छन् । गोपाल योञ्जन आफैँले सङ्गीत दिएर गीत मञ्जरीको क्यासेट पनि निकालेका छन् । हामीले गाउने कक्षा एक र पाँचको कक्षागत गीतमा गोपाल योञ्जनले नै सङ्गीत दिएका छन् ।

गोपाल योञ्जनले अग्नि परीक्षा, डाँफे चरी, चेलीको आवाज, चौतारीको चौकीदार जस्ता बिस ओटाभन्दा धेरै गीती नाटकहरू पनि लेखे । ती नाटकहरूमा आफैँले सङ्गीत दिएर मञ्चन गराए ।

गोपाल योञ्जनले धेरै गीत लेखेर गाए । उनलाई सिपालु सङ्गीतकारको रूपमा हेरिन्छ । उनले अरू मुलुकको सङ्गीत नक्कल गरेनन् । उनको सङ्गीतको सुरताल र लयले नेपाली संस्कृतिलाई समेटको छ ।

उनले १०–२० ओटा नेपाली चलचित्रमा सङ्गीत दिएका छन् । उनको सङ्गीतले सबै नेपालीको मन जितेको छ । उनले लगभग एक हजार गीतमा सङ्गीत दिएका छन् । स्वर सम्राट् नारायण गोपालले गाएका धेरै गीतमा गोपाल योञ्जनले सङ्गीत दिएका छन् जुन नेपाली साङ्गीतिक जगत्मा अमर रहने छन् ।

गोपाल योञ्जन नेपालबाहेक अरू मुलुकहरूमा पनि सफल सङ्गीतकारका रूपमा चिनिए । उनी २०४८ सालमा मलेसियामा भएको गोल्डेन काइट पप फेस्टिभलको निर्णायक मण्डलको सदस्यमा छानिएका थिए ।

गोपाल योञ्जन धेरै बाँचेनन् । २०५४ सालमा गोपाल योञ्जनको निधन भयो । उनको अमूल्य सङ्गीत भने बाँचिरहेको छ, बाँचिरहने छ ।

# दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त

– शारदा अधिकारी




'म मरे पनि मेरो आत्मा महाविद्यालय ओरिपरि घुमिरहने छ । मेरो चिता भस्म (खरानी) कलेज क्याम्पभित्र छरिदिए मनुष्य चोला सार्थक भएछ भनी शान्ति मिल्ला ।'

यो भनाइ नेपाल आमाका सपुत शिक्षा प्रेमी शङ्करदेव पन्तको हो । यिनले आफ्नो सिङ्गो जीवन शिक्षाको विकासमा नै बिताए । यिनी विद्यार्थी भनेपछि हुरुक्कै हुन्थे। यिनले त आफ्नो लास पनि विद्यार्थीलाई नै उठाउनु भनेका थिए ।

यिनको जन्म वि.सं. १९६६ साल असार महिनाको शुक्लपक्षको तृतीया तिथिको दिन भएको हो । हर्षलक्ष्मी र जयदेव पन्तका पुत्रका रूपमा यिनी काठमाडौँको बुढानीलकण्ठमा जन्मेका हुन् ।

शङ्करदेव पन्तको जीवनमा बाल्यकालदेखि नै दुःख भित्रियो । यिनी सात वर्ष पुग्दानपुग्दै यिनकी आमाको मृत्यु भयो । त्यसको लगत्तै दुई वर्षमा बाबुको मृत्यु भयो र उनी बिलकुल टुहुरा भए । दुई भाइका दाजु शङ्करदेव पन्त तर्कराजकहाँ बस्न थाले । तर्कराज त्यति बेला बडागुरुज्यू थिए । यिनी नातामा शङ्करदेव पन्तका काका पर्दथे । यिनको घर डिल्लीबजार, गुरुजुधारामा थियो । शङ्करदेव पन्तको बाल्यकाल त्यहीँ नै बित्यो । शिक्षादीक्षाको प्रबन्ध पनि त्यहीँ नै भयो । प्राथमिक शिक्षा यिनले घरमा नै पाए । दरबार स्कुलमा भर्ना भई माध्यमिक शिक्षा उत्तीर्ण गरे । त्रिचन्द्र कलेजबाट बी.ए. गरे । विचार गरेर बोल्ने, आफ्नो विषयमा सोचिरहने यिनको बानी थियो । पढाइमा त यिनी सानैदेखि तेज थिए । बी.ए पढ्दा यिनी पुस्तकालय खोल्ने काममा लागिपर्न थाले । त्यतिखेर राणाहरूको

जगजगी थियो । उनीहरू पाठशाला, पुस्तकालय खोल्नेलाई अपराधी भनी सजाय दिन्थे । त्यस्तो अवस्थामा शङ्करदेव पन्त, लक्ष्मीप्रसाद देवकोटा आदि मिलेर भित्रभित्रै पुस्तकालय चलाए तर यो धेरै दिन टिक्न सकेन। त्यसमा लागिपर्ने सबैलाई समातियो । शङ्करदेव पन्त पनि समातिए र रु १०० जरिवाना तिरी छुटे ।

बी.ए. पास गरेर यिनी एम.ए पढ्न पटनातिर लागे । त्यहाँ भारतीय साहित्यकारहरूसँग पनि उनको भेटघाट भयो । उनले विश्वकवि रवीन्द्रनाथ टाइगरको मेरो स्कुल भन्ने निबन्ध पनि पढ्न पुगे । यो निबन्ध यिनलाई सारै मन पऱ्यो । यसले यिनलाई नेपालमा पनि स्कुल खोलूँ खोलूँ लाग्यो ।

एम.ए. पास गरेपछि यिनी नेपाल फर्किए। त्यति बेला नेपालमा सलामी प्रथा थियो। जनता तथा भाइभारदार जो कोहीले पनि केही विशेष राम्रो कुरो गर्नासाथ श्री ३ सरकारलाई रुपियाँ राखी ढोग्नु पर्दथ्यो । चलनअनुसार यिनी पनि ढोग गर्न गए । श्री ३ जुद्धशमशेरलाई रुपियाँ राखी ढोगे। त्यस बेला एम.ए. पास गर्नेको त के कुरा बी.ए. पास गर्ने नेपाली पनि ज्यादै कम थिए । यिनले त झन् अङ्ग्रेजीमा एम.ए. गरेका ! के चाहियो र ! 'दरबार स्कुलको मास्टर हुन्' भनी जुद्धशमशेरले यिनलाई आदेश दिए । तर यिनलाई यो आदेश मन परेन। स्वतन्त्र विचारका स्वाभिमानी मान्छेलाई ठाडो आदेश मनपर्ने कुरो पनि भएन। हुकुमले दिएको शिक्षकको जागिर खान नमाने तापनि यिनी शिक्षाप्रेमी नै थिए ।

यिनलाई राजनीतिमा पनि चाख थियो। पढे लेखेका मानिस राजनीतिमा लागि देशको अवस्था सुधार्नु पनि थियो । वि.सं. २००४ मा काठमाडौँ म्युनिसिप्यालिटीमा २१ वडाको सदस्य भए। त्यही बोर्डको उपप्रमुख पनि भए। वि.सं. २००७ मा नेपाल सांस्कृतिक सङ्घ खोली त्यसको अध्यक्ष बने। त्यही संस्थाको माध्यमबाट विदेशी विद्वान्हरू बोलाउने, साहित्यिक, सांस्कृतिक गतिविधिहरू चलाउने गर्न थाले।

यी सबै कार्यबाट पनि यिनको सामाजिक सेवा गर्ने धित मरेन । पाठशाला खोल्ने इच्छा त यिनको मनमा बसिरहेकै थियो । शङ्करदेव पन्तले पद्मोदय स्कुल, विजय स्मारक स्कुलहरू खोली तिनको सञ्चालक समितिको अध्यक्ष आफैँ भई काम गर्न थाले । यतिले पनि यिनको चित्त बुझेन । स्कुलहरू मात्र खोलेर पुग्दैन, कलेजहरू पनि खोल्नुपर्छ

भन्ने यिनलाई लाग्न थाल्यो । त्यति बेला स्नातकसम्म पढाइ हुने त्रिचन्द्र कलेज एउटा त थियो । तर त्यहाँ पढ्न सक्ने अवस्था सबैको थिएन । नारी शिक्षा त झन् शून्य जस्तै थियो । यस्तो अवस्था देखिरहेका शङ्करदेव पन्तले महिलाहरूका लागि कलेज खोल्नुपर्छ भन्ने सोच लिए । यिनले पद्यकन्या क्याम्पस खोल्न ठुलो प्रयास गरे । उनले यसको सञ्चालक समितिमा सदस्य भई सरसल्लाह पनि दिँदै रहे ।

त्यसपछि पढ्ने इच्छा हुँदाहुँदै पढ्न नपाएकातिर यिनको ध्यान गयो । यिनका मनमा रातीको कलेज खोलिदिन पाए त काम गरी पेट पाल्नुपर्नेले पनि पढ्न पाउँथे भन्ने विचार आयो । त्यसैले उनले वि.सं. २००८ साउन पाँच गते नेपाल नेसनल कलेज दरबार हाइस्कुलको भवनमा खोले । त्यही भवनमा दिउँसो दिउँसो स्कुल, राती राती कलेजको पढाइ हुन थाल्यो । कलेजमा सुरु सुरुमा आइ.ए. र बी.ए.को पढाइ हुन्थ्यो । पछिपछि त विभिन्न विषयका एम.ए. को कक्षा पनि चल्न थाले । विदेश गएर उच्च शिक्षामा पढ्न नसक्नेले आफ्नै देशमा पढ्न पाए । उनले यसरी एम. ए. को कक्षा चलाएकाले तत्कालीन सरकारलाई पनि तातो लाग्न थाल्यो । यसले गर्दा वि.सं. २०१२ सालमा त्रिभुवन विश्व विद्यालय पनि खुल्यो । त्रि.वि. खुलेपछि नेसनल कलेजका एम.ए. कक्षाहरू बन्द गर्न लगाइयो । यसले गर्दा यिनको चित्त दुख्यो । राम्रा विद्यार्थी उत्पादन गर्ने धोको अधुरै रह्यो । यसो भए तापनि यिनी शिक्षा विकासमा नै लागिरहे ।

यिनी कलेजमा पढाउँथे, विद्यार्थीले बढी पढ्न खोजे भने घरमै पनि पढाइदिन्थे । तलबको भने यिनलाई मतलब हुँदैनथ्यो । अरू शिक्षकहरूलाई तलब दिएर बाँकी रहेको रकम कलेजकै लागि खर्च गर्दथे । त्यतिले पनि नपुगे आफ्नो पैतृक सम्पत्ति पनि विद्यार्थी र कलेजकै सेवामा खर्च गर्दथे । यिनी विद्यार्थीलाई छोराछोरी झैँ माया गर्दथे ।

यिनले आफ्नै जग्गामा कलेज भवन बनाए । भवन बनाउँदा पनि बिहान सूर्य उदाएदेखि अस्ताउँदासम्म त्यसैमा खटिरहन्थे । रात दिनको मिहिनेतबाट तयार भएको भवनमा विद्यार्थी पढाउन पाउँदा यिनी असाध्यै खुसी भए । शङ्करदेव पन्त दानी मात्र होइन त्यागी पनि थिए । यिनमा लोभ भने केही दिएन । थियो भने असल विद्यार्थीको लोभ थियो । ध्यान दिएर पढ्ने विद्यार्थी पाएपछि यिनलाई केही

चाहिँदैनथ्यो। यिनी जति घण्टा पनि पढाउन सक्थे। अङ्ग्रेजी एम. ए. को जुन विषय पनि यिनी मजाले पढाइदिन्थे। यिनले निजी क्षेत्रमा रहेर शिक्षा सेवा गरिरहे। यिनको धर्म, कर्म सबै शिक्षा सेवा नै थियो। यसैले यिनी एक चित्तले त्यसैमा लागिरहन्थे।

यिनको यस्तो निस्वार्थ सेवा देखेर वि.सं. २०२३ मा सरकारले गोरखा दक्षिण बाहु विभूषणले सम्मान गर्ने घोषणा गऱ्यो। दिन मात्र जान्ने लिन नजान्ने शङ्करदेव पन्तले यो पदक पनि चाहेनन्, अस्वीकार नै गरे। यिनको स्वाभिमानको यो क्षण एउटा नमुना नै थियो।

शिक्षासेवी शङ्करदेव पन्त साधा जीवन र उच्च विचार मन पराउँथे। मन पराउने मात्र होइन व्यवहारमा पनि लागु गर्थे। उनी निकै सम्पन्न परिवारका भएर पनि अत्यन्त साधारण थिए। धनको तुजुकतिर यिनी कहिल्यै पनि लागेनन्। खानु र लगाउनु मात्र जीवन होइन। असल काम गर्नु नै जीवनका लक्ष्य हो भन्ने भनाइलाई यिनी गरेर देखाउँथे।

यिनलाई साहित्य र सङ्गीतमा विशेष रुचि थियो। पढ्ने र पढाउने कामबाट फुर्सद पाएको समयमा यिनी हारमोनियम बजाएर राग पनि गाउँथे। निबन्ध, कविता, कथाहरू त पढ्थे नै। आफैँ पनि राम्रा राम्रा निबन्धहरू लेखी छपाउँथे। रवीन्द्रनाथ टेगोरले नोबेल पुरस्कार पाएको काव्य गीताञ्जली यिनलाई असाध्यै मन पऱ्यो। यसैले यसलाई नेपालमा अनुवाद पनि गरे। नेपालका चर्चित व्यक्ति तेन्जिङ सेर्पाका बारेमा पनि यिनलाई निबन्ध लेख्ने इच्छा थियो। यो इच्छा चाहिँ पुरा हुन सकेन। यो इच्छा पुरा नहुँदै वि.सं. २०३० साल जेठ १ गते यिनको मृत्यु भयो।

यिनको मृत्युपछि यिनको सेवाको कदर गरी त्रिभुवन विश्व विद्यालयले नेपाल नेसनल कलेजको नाम शङ्करदेव क्याम्पस राखिदियो।

पुतली सडकमा रहेको शङ्करदेव क्याम्पस यिनै शङ्करदेव पन्तकै नेसनल कलेजको अर्को नाम हो। यिनकै पसिनाको कमाइ हो। आफू बाँचुन्जेल आफ्नो कामको नाम छोप्न चाहने शङ्करदेव पन्त छोपिइरहन पाएनन्। शङ्करदेव पन्त त हाम्रा अगाडि हाँसिरहेका छन्, हाँसिरहने छन्।

# पूर्वका व्यास छविलाल पोखरेल

– जयप्रसाद लम्साल



*"मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।"*

यस भनाइ नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको हो । यो भनाइले हाम्रा महाकवि छुवाछुत र जातपातको विरोधी रहेछन् भन्ने जानकारी हुन्छ । हाम्रो मुलुकमा छुवाछुतको विरोध गर्ने अर्को आँटिला व्यक्ति पनि थिए । ती हुन् – पण्डित छविलाल पोखरेल । पण्डित छविलाल पोखरेललाई आदरसाथ छविलाल गुरु पनि भन्ने गरिन्छ । छविलाल गुरु ९४ वर्ष बाँचे । आफ्नो बाल्यकालबाट हुर्केपछि पण्डित छविलाल पोखरेल विद्यालय खोल्ने, केटाकेटी जम्मा गरेर पढाउने र छुवाछुतको विरोध गर्ने काममा बाँचुन्जेल लागे ।

पण्डित छविलाल पोखरेलको जन्म चन्द्र शमशेरका शासन कालमा विक्रम संवत् १९६२ सालमा भएको थियो । उनको जन्म धनकुटाको कचिँडे भन्ने ठाउँमा भएको थियो । उनी जन्मँदा काठमाडौँमा मात्र एक दुई ओटा स्कुल थिए । त्यस बेला सर्व साधारणले लेखपढ गर्नु असम्भव जस्तै थियो । छविलाल गुरुले आफ्नो प्रयासमा संस्कृत पढे र त्यसपछि उनी सर्व साधारणलाई लेखपढ गराउन स्कुल खोल्ने काममा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले वि.सं. १९९१ मा गजेन्द्रबहादुर मल्ल भन्ने शिक्षाप्रेमीसँग मिलेर धनकुटाको गोकुण्डेश्वर पाटीमा पहिलो विद्यालय खोले । गोकुण्डेश्वर विद्यालय नेपालका पुराना दस–बार विद्यालयहरूमध्ये एक मानिन्छ । वि.सं. २००७ सालभन्दा पहिले राणाहरूलाई खुसी गराएर मात्र स्कुल खोल्नुपर्थ्यो । बडाहाकिमले सताएकाले गोकुण्डेश्वर विद्यालय केही समय बन्द भयो र १९९६ मा फेरि खुल्यो । त्यसपछि छविलाल गुरु धरानमा पब्लिक माध्यमिक विद्यालय, सार्वजनिक विद्या भवन, शारदा बालिका विद्यालय, पिण्डेश्वर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस खोल्ने, खोलाउने काममा सक्रिय रूपमा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले धेरै समय पिण्डेश्वर क्याम्पसमा पढाए । पिण्डेश्वर क्याम्पसका गुरु भएकै कारण

उनलाई छविलाल गुरु भनिएको हो ।

हाम्रो गाउँघरमा हिजोआज पनि आफूलाई ठुलो जातका मान्नेहरूबाट तल्लो जातका मानिसलाई हेला गरिन्छ। २०२० सालभन्दा पहिले त अझै तल्लो जातका मानिसलाई सताउने खालका कानुनहरू पनि थिए । त्यस बेला दलित मानिसहरूलाई सार्वजनिक विद्यालयमा पढ्न पनि बन्देज गरिन्थ्यो। छविलाल गुरुले त्यस्तो भेदभावलाई चुनौती दिए र खोजी खोजी दलित बालबालिकालाई विद्यालय भर्ना गराउन थाले । ठुला जातका भनाउँदाहरूले छविलाल गुरुको यस कदमको विरोध गरे । छविलाल गुरुले विरोधको वास्ता गरेनन् । २००५ सालमा गुरुले हिरालाल विश्वकर्मालाई विद्यालयमा भर्ना गरेर पढाए। विश्वकर्मा जान्ने सुन्ने भएर हाम्रो मुलुकका शिक्षा राज्यमन्त्री पनि भए । छविलाल गुरु दलित जातका घरमा गएर पुरोहितको काम गरिदिन्थे। उनी राई, लिम्बु, गुरुङ जातका कुमारहरूलाई व्रतबन्ध गराइदिन्थे । उनी महिला पुरुषको लिङ्गभेदको पनि विरोधी थिए। उनी छोरीहरूको पनि व्रतबन्ध गराइदिन्थे।

छविलाल गुरु साहित्यकार पनि थिए । उनले डेढ दर्जन जति साहित्यिक पुस्तकहरू पनि लेखेका छन् । भाव तरङ्ग (कविता सङ्ग्रह), समालोचनाको कसीमा देवासुर सङ्ग्राम, आधुनिक दृष्टिमा वाल्मीकि रामायण उनका प्रमुख साहित्यिक कृतिहरू हुन् । उनी वेदको व्याख्या पनि गर्दथे । उनले वेदसँग सम्बन्धित धर्म र मतहरू, वेदको सोमरस र जाँड रक्सीको व्यवहार जस्ता पुस्तकहरू पनि लेखेका थिए। धर्म र वेदको व्याख्या गर्ने विद्वान् व्यक्ति भएकै कारण उनलाई पूर्वका व्यास पनि भनिन्छ ।

छविलाल गुरुको जीवनको अन्ततिर मात्र सरकार र अन्य सङ्घसंस्थाले उनका कामको प्रशंसा गर्न थाले । ९२ वर्षको उमेरमा मात्र उनले महेन्द्र प्रज्ञा पुरस्कार पाए । उनले २०४४ सालमा शिक्षा पुरस्कार, २०५२ सालमा सामाजिक सेवा र २०५३ सालमा केशरसिंह, खड्गकुमारी कार्की पुरस्कार पाए । उनले गोरखा दक्षिणबाहु चौथा पनि पाएका थिए ।

छविलाल गुरुले दलित र सर्व साधारण जनताको भलो हुने काममा आफ्नो लामो जीवन समर्पण गरे । उनी २०५६ साल फागुन एक गते हामीबाट बिदा भए । हामीले पनि छविलाल गुरुले जस्तै अरूको भलो हुने काम गरेर नाम कमाउनुपर्छ ।

# केही अमर मानिस



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

पुनर्लेखन
जयप्रसाद लम्साल
शारदा अधिकारी

चित्राङ्कन कर्ता
लक्ष्मण भुजेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ | पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | लौह पुरुष गणेशमान सिंह | ५ |
| २. | सङ्घर्षशील नेता मनमोहन अधिकारी | ८ |
| २. | निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे | ११ |
| ३. | अद्वितीय प्रतिभा अमर चित्रकार | १५ |
| ४. | वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन | १७ |
| ५. | दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त | १९ |
| ६. | पूर्वका व्यास छविलाल पोखरेल | २३ |

# लौह पुरुष गणेशमान सिंह

– जयप्रसाद लम्साल



फलाम अत्यन्त कडा धातु हो । यसलाई लोहा पनि भनिन्छ । फलाम सजिलै भाँचिदैन र बाङ्गिदैन पनि । कस्तो आपत् पर्दा पनि आफ्नो सत् विचारमा अडिक रहने निडर मानिसलाई फलामसँग तुलना गरेर लौह पुरुष वा लोहनारी भनिन्छ । प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई लौह पुरुष भनिन्छ ।

गणेशमान सिंह राणा र पञ्चायती शासन हटाएर नेपालमा प्रजातान्त्रिक शासन (बहुदलीय संसदीय शासन) स्थापना गर्न चाहन्थे । राणाकालमा राणाहरू आफ्नो विरोध गर्नेलाई झुन्ड्याउथे वा गोली हानेर मार्दथे । गणेशमानका चारजना सहयोद्धा यसरी नै मारिए । गणेशमानलाई मारिएन तर जन्मकैदको सजाय दिइयो। जेलमा राणाहरूले गणेशमानलाई पिडौलामा छरछरी रगत आउन्जेल कोर्राले पिट्थे। तर गणेशमान राणाहरूसँग झुकेनन्। त्यसैगरी पञ्चायत कालमा पञ्चायती सरकारले पनि गणेशमानलाई लामो समय जेलमा राख्यो । जेलबाट छुटेपछि स्वतन्त्र रूपमा हिंड्डुल गर्न पनि दिएन। तर उनी पञ्चसँग पनि झुकेनन्। कोही रिसाओस् वा आफ्नो ज्यानै जाओस् गणेशमान सिंह आफ्ना मनका कुरा निर्भिक भएर बोल्दथे।

गणेशमान सिंहको जन्म वि.सं. १९७२ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम सुब्बा ज्ञानमान श्रेष्ठ र आमाको नाम सानुनानी श्रेष्ठ हो। उनको बोलाउने नाम हिराकाजी थियो। गणेशमान सानैदेखि निडर थिए। उनले दरबार हाइस्कुलमा ६ कक्षामा पढ्दा राणाका छोरा नातिहरूका अगाडि शिर झुकाएनन्। यस कारण उनलाई दरबार हाइस्कुलबाट निकालियो । यस्ता कुराले गर्दा गणेशमानमा बाल्यकालदेखि नै राणाहरूप्रति घृणा जागेर आयो ।

गणेशमान सिंह कलकत्ता गए र त्यहाँबाट वि.सं. १९९४ मा म्याट्रिक पास गरेपछि उनी नेपाल फर्किए । त्यसपछि सहिद धर्मभक्त र गङ्गालालसँग गणेशमान सिंहको सम्पर्क भयो । उहाँहरूले टङ्कप्रसाद आचार्यको अध्यक्षतामा नेपाल प्रजा परिषद् नामको राणा विरोधी राजनीतिक पार्टी खोल्नुभयो । १९९७ सालमा राणाहरूले गणेशमान सहित प्रजा परिषद्का धेरैजसो सदस्यहरूलाई पक्रिए । पक्राउ पर्नु तिन महिना अगाडि मात्र गणेशमान र मङ्गलादेवीको विवाह भएको थियो । पक्राउ परेका मध्ये शुक्रराज, गङ्गालाल, धर्मभक्त र दशरथ चन्दलाई मृत्युदण्ड दिइयो । गणेशमानलाई सर्वस्व हरण गरेर आजन्म कारावासको सजाय दिइयो ।

चार वर्ष जेल बसेपछि २००१ सालमा गणेशमान जेलबाट भागेर भारत पसे । कलकत्तामा जन नायक विश्वेश्वरप्रसाद कोइराला र गणेशमानको भेट भयो । त्यसपछि उहाँहरूले नेपाली राष्ट्रिय काङ्ग्रेस नामको राजनीतिक पार्टी खोल्नुभयो । यो पार्टी २००६ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग मिलेर नेपाली काङ्ग्रेस भयो।

२००६ सालमा नेपाली काङ्ग्रेसले राणाका विरुद्ध लडाइँ गर्ने योजना बनायो । रक्सौलबाट वीरगञ्ज हुँदै काठमाडौँमा आक्रमण गर्ने जिम्मा गणेशमानलाई दिइयो । उनी लडाइँको तयारी गर्न गोप्य रूपमा काठमाडौँ जाँदै गर्दा बाटामा पक्राउ परे । त्यसपछि उनलाइ फेरि जेल हालियो । गणेशमान जेल परे पनि नेपाली काङ्ग्रेसले विभिन्न ठाउँमा आक्रमण गरेर ती ठाउँ आफ्नो कब्जामा लियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । गणेशमान जेलबाट छुटे र वाणिज्य मन्त्री बनाइए ।

२०१५ सालको आम निर्वाचनमा गणेशमान सिंह काठमाडौँबाट सांसद निर्वाचित भए । त्यसपछि उनी निर्माण तथा यातायात मन्त्री भए । २०१७ सालमा राजा महेन्द्रबाट बहुदलीय व्यवस्था खारेजी भयो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र अरू नेताहरूलाई जेल हालियो । २०२५ सालमा मात्र उहाँहरू जेलबाट छुट्नुभयो । त्यस बेला नेपालमा पञ्चायती शासन थियो । पञ्चायतकालमा पार्टी खोल्ने र पञ्चायती शासनको विरोध गर्नेलाई कुटपिट गरिन्थ्यो । जेलमा हालिन्थ्यो ।

त्यस बेला वी.पी. र गणेशमानलाई नेपाल बस्न सक्ने अवस्था थिएन । उहाँहरू भारत जानुभयो। २०३३ सालमा देशभित्रै बसेर आन्दोलन गर्ने भनेर बी.पी., गणेशमान र नेपाली काङ्ग्रेसका अरू नेताहरू नेपाल फर्कनुभयो । त्यस बेला पञ्चहरूले बी.पी. र गणेशमानलाई मृत्युदण्ड दिनुपर्छ भन्ने हल्ला उठाएका थिए ।

२०३६ सालमा विद्यार्थीहरूले ठुलो आन्दोलन गरे । यस आन्दोलनलाई नेपाली काङ्ग्रेस र कम्युनिस्ट नेताहरूको समर्थन थियो । यही आन्दोलनका कारण राजाबाट निर्दलीय पञ्चायती शासन रोज्ने कि बहुदलीय प्रजातन्त्र रोज्ने भनेर जनमत गराउने घोषणा भयो। बी.पी. र गणेशमान बहुदलको प्रचारमा जुट्नुभयो । जनमतमा पञ्चायतले जित्यो तर गणेशमानले पञ्चायती शासन स्वीकारेनन् ।

२०३९ सालमा बी. पी. को निधन भयो। त्यसपछि गणेशमान नेपाली काङ्ग्रेसका सर्वमान्य नेता भए । ०४२ सालमा गणेशमानको नेतृत्वमा पञ्चायती शासनको विरोधमा सत्याग्रह आन्दोलन भयो । आन्दोलन अगाडि बढ्दै जाँदा बमकाण्डहरू भएकाले सत्याग्रह रोकियो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाले गणेशमान सिंहको नेतृत्वमा संयुक्त आन्दोलन गरे । पञ्चायत ढल्यो र नेपालमा २०१७ सालमा गुमेको बहुदलीय प्रजातन्त्र फेरि आयो। यसरी मुलुकमा प्रजातन्त्र ल्याउन गणेशमान सिंहले कठिन सङ्घर्ष गरे ।

कुटाइ पिटाइ, जेल, आप्रवास आदि सबै कुरा भोगे । आपत् परे पनि गणेशमान सिंहले आफ्नो साहस छोडेनन् ।

गणशेमान सिंह विश्वमै प्रजातान्त्रिक योद्धाका रूपमा चिनिन्छन् । २०४८ सालमा सिंह अमेरिकाको पिसस पुरस्कारबाट सम्मानित भए । २०५० सालमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार पुरस्कारबाट सम्मानित भए। गणेशमान सिंह त्यागी महापुरुष थिए । उनले जन्मभर राजनीति गरे। २०४६ सालको आन्दोलनपछि राजाबाट उनलाई प्रधानमन्त्री हुन अनुरोध गरियो तर उनले आफू प्रधानमन्त्री नहुने कुरा जाहेर गरे। उनले अन्तर्राष्ट्रिय पुरस्कारबाट पाएको रकम पनि समाज सेवामा लगाए ।

२०५४ सालमा प्रजातन्त्रका महासेनानी गणेशमान सिंहको निधन भयो। लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भएर उनलाई बिदा गरे । उहाँको निधनले सारा नेपालीलाई शोकाकुल बनायो ।

# सङ्घर्षशील नेता मनमोहन अधिकारी

– जयप्रसाद लम्साल




हाम्रो मुलुकमा लामो दुःख काटेर सङ्घर्षमय जीवन बिताउनेहरू धेरै छन्। तीमध्ये मनमोहन अधिकारीको नाम अगाडि आउँछ। मनमोहन अधिकारीले भारतमा अङ्ग्रेजका विरुद्धमा र नेपालमा राणा र पञ्चायती शासनका विरुद्धमा सङ्घर्ष गरे । लामो जेल जीवन बिताए । समस्या र अभाव खेपे । उनको मृत्यु चुनावको मैदानमा भयो ।

मनमोहन अधिकारीको जन्म वि.सं. १९७८ सालमा काठमाडौँको लाजिम्पाटमा भएको थियो । उनका पिताको नाम रामचन्द्र र माताको नाम पूर्णकुमारी थियो । उनका आठ जना दाजुभाइ र दुई दिदी बहिनी थिए। मनमोहनका पिताले जलेश्वरमा जागिर खाँदा भारतका अङ्ग्रेज विरोधी नेताहरूलाई सहयोग गर्ने गर्थे। यसै कारण राणाहरूले उनको जागिर खोसिदिए । यस बेला मनमोहनका परिवारलाई भातपानीको समस्या भयो। त्यसपछि उनको परिवार विराटनगर सऱ्यो ।

मनमोहन अधिकारी इ.सं १९३८ सालमा पढाइका लागि भारत पसे । उनले बनारसबाट इ.सं. १९४० सालमा म्याट्रिक पास गरे । त्यसपछि उनले बी.एस्सी. सम्मको पढाइ गरे। भारतमा बी.एस्सी. को अध्ययन गर्दा मनमोहन अधिकारी अङ्ग्रेज विरोधी आन्दोलनमा लागे र जेल परे। जेलमा भारतीय कम्युनिस्टहरूसँग अधिकारीको सम्पर्क भयो। त्यसपछि उनी कम्युनिस्ट विचारबाट प्रभावित भए । जेलबाट छुटेपछि अधिकारी बनारसमा रेल्वे र कटन मिल्सका मजदुरहरूलाई सङ्गठित गर्ने काममा जुटे। भारत स्वतन्त्र भएपछि मनमोहन अधिकारी नेपाल फर्केर राणा विरोधी काममा लागे ।

मनमोहन अधिकारीले घर चलाउन

जागिर खानुपऱ्यो । उनी विराटनगर कटन मिल्समा केमिस्टको जागिर खान थाले र त्यहाँका मजदुरहरूलाई सङ्गठित गर्न थाले । मनमोहन अधिकारी र अरू नेताहरूले २००४ सालमा विराटनगरमा ठुलो मजदुर आन्दोलन चलाए । आन्दोलनका क्रममा जेल परे र २००६ सालमा मात्र छुटे ।

२००६ सालमा पुष्पलाल श्रेष्ठले कलकत्तामा नेपाल कम्युनिस्ट पार्टी खोले । २००६ सालमै मनमोहन र पुष्पलालको भेट भयो । २००८ सालमा मनमोहन नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयको सचिव भए । २०१० मा भएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी त्यस पार्टीको महासचिव भए । २०१२ सालमा साधना प्रधानसँग मनमोहनको विवाह भयो ।

२०१७ सालमा बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लाग्यो । बहुदल मान्ने नेताहरू पक्राउ परे । यस बेला मनमोहन चीनमा थिए । उनी नेपाल फर्कनासाथ जेल परे । उनी जेलमा परेका बेला नेपाल कम्युनिस्ट पार्टी फुट्यो । २०२५ सालमा मनमोहन जेलमुक्त भए त्यसपछि उनी विभिन्न चिरामा बाँडिएको कम्युनिस्ट समूहलाई एकीकृत गर्न र पञ्चायती शासन विरोधी काम गर्न थाले । २०३६ सालमा राजाबाट पञ्चायत रोज्ने कि बहुदल रोज्ने भनेर जनमत सङ्ग्रह गराउने घोषणा भयो । मनमोहन बहुदलको प्रचार प्रसारमा जोडतोडले लागे । त्यस बेला मनमोहनको भाषणको खुबै चर्चा हुन्थ्यो ।

मनमोहनको भाषण सुन्न मानिसको ठुलो भिड लाग्दथ्यो । बहुदलले जितेन तर मनमोहन पञ्चायत विरोधी सङ्घर्षमा लागिरहे । २०४६ सालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट मिलेर पञ्चायतका विरुद्ध संयुक्त जन आन्दोलन भयो । त्यस आन्दोलनले पञ्चायतको पतन गरायो र नेपालमा बहुदल पुनः आयो ।

२०४७ सालमा मनमोहनले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी र मदन भण्डारीले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मालेबिच एकता गराउन यी दुवै नेता सफल भए । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी बन्यो । मनमोहन यस पार्टीको अध्यक्ष र मदन भण्डारी महासचिव बने ।

बहुदल आएपछिको २०४८ को आम चुनावमा मनमोहन अधिकारी सुनसरी

क्षेत्र नं. एकबाट संसद सदस्य जितेर प्रमुख प्रतिपक्षी दलको नेता भए । २०५१ सालको चुनावमा मनमोहनले काठमाडौँ क्षेत्र न. एक र तिनबाट चुनाव जितेर नेपालको प्रधानमन्त्री बने ।

मनमोहन दुई पटक कालको मुखबाट बाँचेका थिए । २०४६ सालमा उनी जनआन्दोलनका लागि कार्यकर्तालाई सङ्गठित गर्न पश्चिमका जिल्लाको भ्रमणमा थिए । उनी कैलालीमा पक्राउ परे । पञ्चायती क्रूर शासकले रातको समयमा सत्तरी वर्ष पुग्न लागेका वृद्ध नेता मनमोहनलाई शाही बर्दिया राष्ट्रिय निकुञ्जको जङ्गलमा लगेर छोडिदियो । संयोगले उनी हिंस्रक जन्तुको मुखमा परेनन् । २०५१ साल साउनमा प्रधानमन्त्री भएकै बेला मनमोहन हेलिकप्टर दुर्घटनामा परे । यस दुर्घटनामा मनमोहनको मेरुदण्ड (ढाडको हाड) चर्कियो र उनी केही समय अस्पताल बसे । त्यस बेला संसदमा उनीमाथि अविश्वासको प्रस्ताव आएको थियो । अविश्वासको प्रस्ताव पास भएकाले उनले राजिनामा दिए ।

२०५६ सालको आम निर्वाचनमा एमालेको पक्षमा प्रचार प्रसार गर्न मनमोहन खुबै खटे । उनी आफू पनि काठमाडौँ निर्वाचन क्षेत्र न. एक र तिनबाट उम्मेदवार भएका थिए । क्षेत्र न. एकको गोठाटार भन्ने ठाउँमा भाषण सकेपछि उनी मुर्छा परे । मुर्छा परेको हप्ता दिनपछि २०५६ साल वैशाख १३ गते उनले सधैँका लागि संसारबाट विश्राम लिए । लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भए । हजारौँ नेपालीले उनको मृत्युमा आँसु बगाए ।

मनमोहन अधिकारीको जीवन अत्यन्तै सादा थियो । उनी बाटाघाटामा पैदल हिंड्दै गरेका देखिन्थे । उनी प्रधानमन्त्री हुँदा पनि बिहानको चिया आफैँ बनाएर खान्थे । उनी केटाकेटीहरूलाई खुबै माया गर्थे । सबैभन्दा ठुलो कुरा त उनी सच्चा राष्ट्रभक्त र अत्यन्तै इमानदार थिए । भनिन्छ उनी प्रधानमन्त्री हुँदा आफू र आफन्तहरूको फाइदाका लागि कुनै काम गरेनन् । उनी सम्पूर्ण गरिब, निमुखा नेपाली जनताको उन्नति चाहन्थे । उनको सम्पूर्ण जीवन नेपालमा प्रजातन्त्र प्राप्तिका लागि बित्यो । उनले गरिब, निमुखाहरूका लागि काम गर्ने अवसर पाएनन् ।

# निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे

– शारदा अधिकारी




नेपालको शिक्षाको विकासमा धेरै व्यक्तिले सहयोग पुऱ्याएका छन् । त्यसमा सरदार रुद्रराज पाण्डको नाम अगाडि आउँछ । उनको विद्वता र शिक्षाको कदर गरेर नै जुद्ध शम्शेरले उनलाई सरदार भन्ने पदवी दिएका थिए । त्यसैले हामी उनलाई सरदार रुद्रराज पाण्डे भन्दछौँ ।

सरदार रुद्रराज पाण्डेको जन्म वि.सं. १९५७ साल चैत्र २६ गते काठमाडौँको प्यूखा टोलमा भएको थियो । उनका पिताको नाम पद्मराज र माताको नाम टीकालक्ष्मी हो ।

सरदार पाण्डेको परिवार राणाहरूको गुरु खलकमा पर्दथ्यो । यसैले पनि यो परिवार शिक्षाको क्षेत्रमा अरूको तुलनामा अघि नै थियो । त्यसमाथि पनि रुद्रराज पाण्डेले त आफ्नो प्रतिभा सानैदेखि देखाउन थाले। यिनी पढ्नमा सारै रमाउँथे । अक्षर चिनेदेखि नै यिनमा पढ्ने रुचि जाग्यो। सानै उमेरमा बुबाहरूबाट यिनले घरमै धेरै कुरा सिके । त्यसपछि रानी पोखरी प्रधान पाठशालामा भर्ना भए। त्यहाँ लघु कौमुदी, अमर कोष, रघुवंश आदि ग्रन्थहरूको अध्ययन गरे। त्यसपछि उनी अङ्ग्रेजी पढ्नका लागि दरबार स्कुलमा तिन कक्षामा भर्ना भए ।

त्यतिखेर अहिले जस्तो नेपालबाटै एस.एल.सी. परीक्षा दिन पाइँदैनथ्यो। दरबार हाइस्कुलमा पढाइ हुन्थ्यो तर परीक्षा दिन भारतको कलकत्ता वा पटना जानु पर्थ्यो । अहिले एस.एल. सी. भनिए झैँ त्यति बेला म्याट्रिक परीक्षा भनिन्थ्यो ।

पाण्डे पनि दरबार हाइस्कुलमा पढी म्याट्रिक परीक्षा दिन कलकत्ता गए। वि. स. १९७६ मा प्रथम श्रेणीमा

म्याट्रिक पास गरे । त्यति बेला प्रथम श्रेणीमा म्याट्रिक उत्तीर्ण गर्नु चानचुने कुरो थिएन । रुद्रराजले त्यसरी म्याट्रिकमा प्रथम श्रेणी ल्याएकाले बडागुरुज्यू सारै खुसी भए ।

बडागुरुज्यू खुसी भएकाले रुद्रराजको छात्रवृत्तिका लागि पनि सिफारिस गरिदिए । उनको सिफारिस भएकाले तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरबाट उनले छात्रवृत्ति पाए । त्यही छात्रवृत्तिमा उनले इलाहावादको कायत्य कलेजबाट आई.ए. पास गरे । यसरी नै सेन्टम्योर कलेजबाट बी.ए. पास गरे । इलाहावाद विश्व विद्यालयबाट वि.सं. १९८२ मा इतिहास विषयमा एम.ए. गरे ।

त्यतिखेर यसरी बी.ए., एम.ए पास गरेको मानिस भेट्न सारै गारो थियो । कसैले पास गरेको थाहा हुनासाथ उसलाई विभिन्न पदको जिम्मेवारी दिइहालिन्थ्यो । यिनलाई पनि एम.ए गरी आउनासाथ त्रिचन्द्र कलेजको प्राध्यापकको पद दिइयो । त्रिचन्द्र कलेजको प्राध्यापक भई यिनी इतिहास पढाउन थाले ।

यसरी यिनी कलेजमा पढाउन थालेको डेढ वर्ष जति भएको थियो । त्यतिखेर दरबार हाइस्कुलका हेडमास्टर शारदाप्रसाद मुखर्जीको निधन भयो । उनको मृत्यु भएपछि त्यहाँको हेडमास्टर पनि यिनै हुन पुगे । यिनलाई दोहरो दायित्व पुरा गर्नुपर्ने भयो ।

त्यतिखेरसम्म पनि नेपालमा दस कक्षाको जाँच दिन भारत जानुपर्थ्यो । यसले गर्दा विद्यार्थीहरूलाई निकै मर्का परिरहेको थियो । त्यसमाथि पनि नेपालीले नेपाली विषयमा जाँच दिन नपाउने, हिन्दी विषयमा जाँच दिनुपर्ने बाध्यता छँदै थियो । यस समस्याले रुद्रराज पाण्डेलाई पढ्ने बेलादेखि चिमोटिरहेको थियो । दरबार स्कुलको हेडमास्टर भएपछि यिनले धेरै चोटि पटना पुगी सबलाई कुरा बुझाई नेपाली विद्यार्थीले नेपालबाटै म्याट्रिक दिन पाउने व्यवस्था मिलाएरै छाडे ।

अब सरदार रुद्रराज पाण्डे नेपालका विद्यालयमा नेपाली विषय पढाउन पाउने र जाँच पनि नेपाली मध्यमबाटै दिलाउन पाउने कुराका लागि खट्न थाले । यिनी पटना बोर्डको मिटिङमा गएपिच्छे यस कुरामा कचकच गर्न थाले । नेपालीले नेपाली भाषामा नै जाँच दिन पाउनु पर्छ किन नपाउने ? भन्ने प्रश्न सोधेर यिनले भारतीय बोर्डका सदस्यहरूलाई हैरान पारे ।

नेपाली भाषामा लेखिएका पाठ्य पुस्तक खोइ ? भनी बोर्डका सदस्यहरूले उल्टै अर्को अत्तो थापे । अर्को बैठकमा उनी किताबको बाकस बोकाएर गए । अनि त बाकसबाट एक एक किताब झिक्दै बोर्डका सदस्यहरूलाई 'यो पाठ्य पुस्तक होइन भने के हो त ?' भन्ने प्रश्न गर्दै किताब देखाउँदै गए ।

उनले आठ दस किताब देखाएपछि बोर्डका सदस्यहरूलाई भो भो भन्न करै लाग्यो । भैंगो बाकस बन्द गर्नुहोस्, तपाईँले भनेअनुसार व्यवस्था हुन्छ भन्दै उनीहरूले सो मान्ने कबुल गरे । वास्तवमा ती बाकसका मुनितिर उही उही किताबहरू दोहऱ्याएर राखिएका थिए । सदस्यहरूले सबै किताब झिकेर एक एक केलाएको भए उनको भेद खुल्थ्यो । यिनको यही जुक्तिले गर्दा नेपाली भाषामा परीक्षा दिन पाउने व्यवस्था भएरै छाड्यो ।

यसरी जुक्ति लगाएर नेपाली भाषामा जाँच दिन पाउने व्यवस्था त मिलाए । उताबाट फर्केपछि भने यिनलाई पिर पऱ्यो । नेपाली भाषाको इज्जत कसरी राख्ने भन्ने कुराले यिनी चिन्तित भए ।

मूर्ख मान्छे चिन्तामा पिरोलिई मात्र रहन्छ, बुद्धिमान् मान्छे चिन्ता हटाउने उपायतिर लाग्छ । रुद्रराज पाण्डे बुद्धिमान् त छँदै थिए । सो चिन्तालाई हटाउन उनी आफै किताबहरू लेख्न थाले ।

नेपाली भाषामा पनि साहित्य हुन्छ र भन्नेहरूका लागि यिनले पाँच ओटा उपन्यासका लहर लगाइदिए । रूपमती उपन्यास लेखेर त यिनी पहिलो आधुनिक नेपाली उपन्यासकार नै बन्न पुगे । यसपछि पनि यिनले चम्पाकाजी, प्रायश्चित, प्रेम र हेरफेर नामका उपन्यासहरू लेखे । नाटक, निबन्ध, कविता, एकाङ्कीहरू पनि लेखेर यिनले प्रशस्त पुस्तकहरू तयार पारे । यिनले ठुला मानिसहरूका लागि पनि लेखे । बालबालिकाका लागि पनि लेखे । बाल रामायण, बालकृष्ण चरित्र, नवरत्न, इसप, नीतिकथा जस्ता तिमीहरूलाई मन पर्ने पुस्तकहरू पनि यिनले लेखेका छन् ।

यसरी कलेजका प्राचार्य र स्कुलका प्रधान अध्यापक भएर यिनले शिक्षा सेवा गरिरहेका थिए । यिनको शिक्षा प्रेम र योग्यताको पनि कदर भयो । यसैले यिनी वि.सं. २००८ मा शिक्षा सचिवमा नियुक्त हुन पुगे । वि.सं. २०२१ मा त्रिभुवन

विश्व विद्यालयको उपकुलपति भए। यही पदमा रही ६ वर्षसम्म नेपाली उच्च शिक्षाको सेवा गरे । यसपछि वि.सं. २०२६ मा सेवाबाट अवकाश लिए ।

जागिर छोडेपछि यिनी साधुसन्तहरूको सत्सङ्गमा रमाउन थाले । यिनी पहिलेदेखि नै भगवान्को पूजापाठ, भजनकीर्तनमा रमाउँथे। दिनहुँ गीता पाठ गर्दथे । रामायण महाभारत यिनलाई खुब मन पर्थ्यो। अब उनी नेपाल र भारतका तीर्थस्थलको भ्रमणमा लागे। ठुला ठुला सन्तहरूलाई भेट्ने, उनीहरूको सेवा गर्ने काममा नै यिनी लाग्दै गए । यसै क्रममा भारतको केदार घाटमा वि.सं. २०४३ चैत्र २३ का दिन यिनले देहत्याग गरे ।

छ्यासी बर्से जीवनमा पाण्डेले तनमन लगाएर देश सेवा गरे । शिक्षाको विकासका लागि दिलोज्यानले लागे। नेपाली भाषा र साहित्यको विकासका लागि डटेर अघि सरे। यसैले यिनी सरदार पदवीले सम्मानित भए । निःस्वार्थ सेवाले गर्दा यिनी लोकप्रिय भए । नेपाली भाषा र साहित्य, नेपालको शिक्षा क्षेत्रको विकासका लागि यिनले आफ्नो जीवन अर्पिए। यसैले यिनी गोरखा दक्षिण बाहु, त्रिशक्तिपट्टले विभूषित भए। श्री ५ त्रिभुवन रजत जयन्ती पदक पाए। श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक, श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदकबाट सम्मानित भए ।

आज यिनको शरीर हाम्रो सामूबाट बिलाइसक्यो । तर, यिनी युग पुरुष भएर हामीमाझ चम्किरहेका छन् ।

# अद्वितीय प्रतिभा अमर चित्रकार

– शारदा अधिकारी




हाम्रो नेपाल भूमिमा पनि केही विशेष प्रतिभा जन्मिएका छन् । ती प्रतिभामध्ये अमर चित्रकार पनि पर्छन् । उनले अनगिन्ती चित्र कोरेर अनगिन्ती मूर्ति पनि कुँदे । उनी चित्रकारभन्दा पनि मूर्तिकारका रूपमा नेपालमा मात्र नभएर छिमेकी मुलुकमा समेत प्रख्यात भए । नेपालका सडक चोकहरूमा स्थापित अधिकांश मूर्तिहरू अमर चित्रकारकै कृति हुन् । उनका मूर्तिले कैयन् नेपालीका बैठक कोठा सजिएका छन् । उनका मूर्ति विदेशीले पनि त्यत्तिकै मन पराउँछन् ।

अमर चित्रकारको जन्म वि.सं. १९७७ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम बिन्दुलाल र माताको नाम चिनीमाया थियो । अमर चित्रकारले आठ वर्षको उमेरदेखि चित्र बनाउन थाले । पछि उनले मूर्ति पनि बनाउन थाले । उनले आफ्नो ७९ वर्षको उमेरसम्म यी दुवै काम गरिरहे । उनी बिहानदेखि बेलुकासम्म चित्र कोरिरहन्थे । आफ्नो काम नसकी उनी खाना पनि खाँदैनथे । ७९ वर्षको उमेरमा भगवान् गौतम बुद्ध र भूपालमान सिंह कार्कीको मूर्ति बनाउँदा बनाउँदै अमर चित्रकारको निधन भयो ।

मूर्ति बनाउनु सजिलो काम होइन । मूर्ति बनाउँदै जाँदा जसको मूर्ति बनाइएको हो उसको अनुहार मिलाउन ज्यादै कठिन हुन्छ । ढलौटको मूर्ति बनाउँदा मूर्ति टुटफुट हुने सम्भावना हुन्छ । यस्तो गारो काम भए पनि अमर चित्रकारले धेरै मानिसका चित्र बनाए । उनले राजा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, राजा महेन्द्र, राजा वीरेन्द्रका मूर्तिहरू बनाए । उनले अरू धेरै व्यक्तिका पनि मूर्ति बनाए ।

अमर चित्रकार राष्ट्रवादी कलाकार थिए । उनले नेपालीले बनाएका मूर्ति तथा चित्रले नेपालको परिचय दिन सक्नुपर्छ भन्थे। उनी भन्थे, "नेपालको आफ्नो छुट्टै प्रकारको वेषभूषा, खानपान, चलन व्यवहार छ । हाम्रो मूर्ति र चित्रले यी कुरा झल्काउनु पर्छ ।" उनी आफू पनि नेपालीपन झल्कने चित्र तथा मूर्ति बनाउँथे ।

अमर चित्रकार नेपालका अद्वितीय प्रतिभा थिए । उनले बनाएका चित्र र मूर्तिहरू भारत, बङ्गलादेश, जापान आदि मुलुकमा पनि प्रदर्शन गरिएका थिए । यस्तो ख्याति कमाएर पनि अमर चित्रकारका कत्ति पनि घमन्ड थिएन । उनी सरल र मिलनसार थिए ।

अमर चित्रकार नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य थिए । उनले सुविख्यात त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु जस्ता मान पदक र इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार पाएका थिए ।

विश्राम नगरी चित्र र मूर्ति बनाउँदा बनाउँदै २०५६ साल कार्तिक २५ गते अमर चित्रकार यस धर्तीबाट बिदा भए । उनी जीवित नभए पनि उनका मूर्ति र चित्रहरूले उनको सम्झना दिलाइरहने छन् । नेपाली भूमिमा नामअनुसार नै उनी अमर हुने छन् ।

# वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन

– जयप्रसाद लम्साल




*देशले रगत मागे मलाई बली चढाऊ,*
*रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी।*

यो गीत रेडियोबाट बेला बेलामा सुन्न पाइन्छ । यो गीत सुन्दा हामी राष्ट्रभक्त नेपालीको आङ जुर्मुराउँछ। यस गीतले हामी नेपालीहरूमा देशको भलो हुने केही काम गर्न पाए हुन्थ्यो भन्ने इच्छा जगाउँछ ।

माथिको गीत आफैँले लेखेर गाउने गायकको नाम हो गोपाल योञ्जन । गोपाल योञ्जन यस धरतीबाट बिदा भइसकेका छन् । तर पनि उनी गीत, सङ्गीत र स्वरको माध्यमले हामी माझमै छन् । उनका गीत सङ्गीत र स्वरले हामीलाई दुई कुरा दिइरहेका छन् । पहिलो कुरा देशभक्तिको भावना र दोस्रो कुरा स्वर र सङ्गीतको आनन्द ।

गोपाल योञ्जनको जन्म वि.सं. २००० मा भएको हो। उनी भारतको दार्जिलिङको मिरिक भन्ने ठाउँमा जन्मिएका थिए। मिरिक इलाम जिल्लाको पशुपतिनगर भन्ने ठाउँसँगै जोडिएको छ। गोपाल योञ्जनका पिताको नाउँ बुद्धिमान् र माताको नाउँ छेकु डोल्मा हो। गोपाल योञ्जनले बाल्यकाल दार्जिलिङमै बिताएर २०२० सालतिर काठमाडौँ आए। उनले नेपाली विषयमा एम.ए. सम्मको पढाइ पुरा गरे । उनी सानै उमेरदेखि गीत सङ्गीतमा लागेका थिए। गोपाल योञ्जन २०२८ सालदेखि पद्मकन्या क्याम्पसमा लोक सङ्गीतको प्राध्यापन गर्थे ।

गोपाल योञ्जन बहुमुखी प्रतिभाका धनी थिए । उनी गीत रचना गर्थे, सङ्गीत सिर्जना गर्थे र गाउने पनि गर्थे। स्रोताहरू उनका गीत र सङ्गीत

सुनेर मन्त्रमुग्ध हुन्छन् । उनले धेरै राष्ट्रिय गीतहरू रचना गरी आफैँले सङ्गीत बद्ध गरी आफैँले पनि गाएका छन् ।

*नेपाली नेपालको माया छ कि छैन,*
*धेरै खेल्यौ नेपालका तिमी छातीमाझ*
*तिम्रो छातीमाथि पनि नेपाल छ कि छैन ?*

गोपाल योञ्जनले यस्ता गीत सुमधुर स्वरमा गाएर नेपालीहरूलाई नेपालको माया गरौँ भन्ने सन्देश दिएका छन् ।

गोपाल योञ्जनले गीत मञ्जरी र सङ्गीताञ्जली भन्ने गीतका पुस्तकहरू लेखेका छन् । गीत मञ्जरीमा बाल गीतहरू छन् । गोपाल योञ्जन आफैँले सङ्गीत दिएर गीत मञ्जरीको क्यासेट पनि निकालेका छन् । हामीले गाउने कक्षा एक र पाँचको कक्षागत गीतमा गोपाल योञ्जनले नै सङ्गीत दिएका छन् ।

गोपाल योञ्जनले अग्नि परीक्षा, डाँफे चरी, चेलीको आवाज, चौतारीको चौकीदार जस्ता बिस ओटाभन्दा धेरै गीती नाटकहरू पनि लेखे । ती नाटकहरूमा आफैँले सङ्गीत दिएर मञ्चन गराए ।

गोपाल योञ्जनले धेरै गीत लेखेर गाए । उनलाई सिपालु सङ्गीतकारको रूपमा हेरिन्छ । उनले अरू मुलुकको सङ्गीत नक्कल गरेनन् । उनको सङ्गीतको सुरताल र लयले नेपाली संस्कृतिलाई समेटको छ ।

उनले १०–२० ओटा नेपाली चलचित्रमा सङ्गीत दिएका छन् । उनको सङ्गीतले सबै नेपालीको मन जितेको छ । उनले लगभग एक हजार गीतमा सङ्गीत दिएका छन् । स्वर सम्राट् नारायण गोपालले गाएका धेरै गीतमा गोपाल योञ्जनले सङ्गीत दिएका छन् जुन नेपाली साङ्गीतिक जगत्मा अमर रहने छन् ।

गोपाल योञ्जन नेपालबाहेक अरू मुलुकहरूमा पनि सफल सङ्गीतकारका रूपमा चिनिए । उनी २०४८ सालमा मलेसियामा भएको गोल्डेन काइट पप फेस्टिभलको निर्णायक मण्डलको सदस्यमा छानिएका थिए ।

गोपाल योञ्जन धेरै बाँचेनन् । २०५४ सालमा गोपाल योञ्जनको निधन भयो । उनको अमूल्य सङ्गीत भने बाँचिरहेको छ, बाँचिरहने छ ।

# दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त

– शारदा अधिकारी



‘म मरे पनि मेरो आत्मा महाविद्यालय ओरिपरि घुमिरहने छ । मेरो चिता भस्म (खरानी) कलेज क्याम्पभित्र छरिदिए मनुष्य चोला सार्थक भएछ भनी शान्ति मिल्ला ।’

यो भनाइ नेपाल आमाका सपुत शिक्षा प्रेमी शङ्करदेव पन्तको हो । यिनले आफ्नो सिङ्गो जीवन शिक्षाको विकासमा नै बिताए । यिनी विद्यार्थी भनेपछि हुरुक्कै हुन्थे । यिनले त आफ्नो लास पनि विद्यार्थीलाई नै उठाउनु भनेका थिए ।

यिनको जन्म वि.सं. १९६६ साल असार महिनाको शुक्लपक्षको तृतीया तिथिको दिन भएको हो । हर्षलक्ष्मी र जयदेव पन्तका पुत्रका रूपमा यिनी काठमाडौँको बुढानीलकण्ठमा जन्मेका हुन् ।

शङ्करदेव पन्तको जीवनमा बाल्यकालदेखि नै दुःख भित्रियो । यिनी सात वर्ष पुग्दानपुग्दै यिनकी आमाको मृत्यु भयो । त्यसको लगत्तै दुई वर्षमा बाबुको मृत्यु भयो र उनी बिलकुल टुहुरा भए । दुई भाइका दाजु शङ्करदेव पन्त तर्कराजकहाँ बस्न थाले । तर्कराज त्यति बेला बडागुरुज्यू थिए । यिनी नातामा शङ्करदेव पन्तका काका पर्दथे । यिनको घर डिल्लीबजार, गुरुजुधारामा थियो । शङ्करदेव पन्तको बाल्यकाल त्यहीँ नै बित्यो । शिक्षादीक्षाको प्रबन्ध पनि त्यहीँ नै भयो । प्राथमिक शिक्षा यिनले घरमा नै पाए । दरबार स्कुलमा भर्ना भई माध्यमिक शिक्षा उत्तीर्ण गरे । त्रिचन्द्र कलेजबाट बी.ए. गरे । विचार गरेर बोल्ने, आफ्नो विषयमा सोचिरहने यिनको बानी थियो । पढाइमा त यिनी सानैदेखि तेज थिए । बी.ए पढ्दा यिनी पुस्तकालय खोल्ने काममा लागिपर्न थाले । त्यतिखेर राणाहरूको

जगजगी थियो । उनीहरू पाठशाला, पुस्तकालय खोल्नेलाई अपराधी भनी सजाय दिन्थे । त्यस्तो अवस्थामा शङ्करदेव पन्त, लक्ष्मीप्रसाद देवकोटा आदि मिलेर भित्रभित्रै पुस्तकालय चलाए तर यो धेरै दिन टिक्न सकेन। त्यसमा लागिपर्ने सबैलाई समातियो । शङ्करदेव पन्त पनि समातिए र रु १०० जरिवाना तिरी छुटे ।

बी.ए. पास गरेर यिनी एम.ए पढ्न पटनातिर लागे । त्यहाँ भारतीय साहित्यकारहरूसँग पनि उनको भेटघाट भयो । उनले विश्वकवि रवीन्द्रनाथ टाइगरको मेरो स्कुल भन्ने निबन्ध पनि पढ्न पुगे । यो निबन्ध यिनलाई सारै मन पऱ्यो । यसले यिनलाई नेपालमा पनि स्कुल खोलूँ खोलूँ लाग्यो ।

एम.ए. पास गरेपछि यिनी नेपाल फर्किए। त्यति बेला नेपालमा सलामी प्रथा थियो। जनता तथा भाइभारदार जो कोहीले पनि केही विशेष राम्रो कुरो गर्नासाथ श्री ३ सरकारलाई रुपियाँ राखी ढोग्नु पर्दथ्यो । चलनअनुसार यिनी पनि ढोग गर्न गए । श्री ३ जुद्धशमशेरलाई रुपियाँ राखी ढोगे। त्यस बेला एम.ए. पास गर्नेको त के कुरा बी.ए. पास गर्ने नेपाली पनि ज्यादै कम थिए । यिनले त झन् अङ्ग्रेजीमा एम.ए. गरेका ! के चाहियो र ! 'दरबार स्कुलको मास्टर हुन्' भनी जुद्धशमशेरले यिनलाई आदेश दिए । तर यिनलाई यो आदेश मन परेन। स्वतन्त्र विचारका स्वाभिमानी मान्छेलाई ठाडो आदेश मनपर्ने कुरो पनि भएन। हुकुमले दिएको शिक्षकको जागिर खान नमाने तापनि यिनी शिक्षाप्रेमी नै थिए ।

यिनलाई राजनीतिमा पनि चाख थियो। पढे लेखेका मानिस राजनीतिमा लागि देशको अवस्था सुधार्नु पनि थियो । वि.सं. २००४ मा काठमाडौँ म्युनिसिप्यालिटीमा २१ वडाको सदस्य भए। त्यही बोर्डको उपप्रमुख पनि भए। वि.सं. २००७ मा नेपाल सांस्कृतिक सङ्घ खोली त्यसको अध्यक्ष बने। त्यही संस्थाको माध्यमबाट विदेशी विद्वान्हरू बोलाउने, साहित्यिक, सांस्कृतिक गतिविधिहरू चलाउने गर्न थाले।

यी सबै कार्यबाट पनि यिनको सामाजिक सेवा गर्ने धित मरेन । पाठशाला खोल्ने इच्छा त यिनको मनमा बसिरहेकै थियो । शङ्करदेव पन्तले पद्मोदय स्कुल, विजय स्मारक स्कुलहरू खोली तिनको सञ्चालक समितिको अध्यक्ष आफैँ भई काम गर्न थाले । यतिले पनि यिनको चित्त बुझेन। स्कुलहरू मात्र खोलेर पुग्दैन, कलेजहरू पनि खोल्नुपर्छ

भन्ने यिनलाई लाग्न थाल्यो । त्यति बेला स्नातकसम्म पढाइ हुने त्रिचन्द्र कलेज एउटा त थियो । तर त्यहाँ पढ्न सक्ने अवस्था सबैको थिएन । नारी शिक्षा त झन् शून्य जस्तै थियो। यस्तो अवस्था देखिरहेका शङ्करदेव पन्तले महिलाहरूका लागि कलेज खोल्नुपर्छ भन्ने सोच लिए । यिनले पद्यकन्या क्याम्पस खोल्न ठुलो प्रयास गरे। उनले यसको सञ्चालक समितिमा सदस्य भई सरसल्लाह पनि दिँदै रहे।

त्यसपछि पढ्ने इच्छा हुँदाहुँदै पढ्न नपाएकातिर यिनको ध्यान गयो । यिनका मनमा रातीको कलेज खोलिदिन पाए त काम गरी पेट पाल्नुपर्नेले पनि पढ्न पाउँथे भन्ने विचार आयो । त्यसैले उनले वि.सं. २००८ साउन पाँच गते नेपाल नेसनल कलेज दरबार हाइस्कुलको भवनमा खोले । त्यही भवनमा दिउँसो दिउँसो स्कुल, राती राती कलेजको पढाइ हुन थाल्यो । कलेजमा सुरु सुरुमा आइ.ए. र बी.ए.को पढाइ हुन्थ्यो । पछिपछि त विभिन्न विषयका एम.ए. को कक्षा पनि चल्न थाले। विदेश गएर उच्च शिक्षामा पढ्न नसक्नेले आफ्नै देशमा पढ्न पाए। उनले यसरी एम. ए. को कक्षा चलाएकाले तत्कालीन सरकारलाई पनि तातो लाग्न थाल्यो । यसले गर्दा वि.सं. २०१२ सालमा त्रिभुवन विश्व विद्यालय पनि खुल्यो। त्रि.वि. खुलेपछि नेसनल कलेजका एम.ए. कक्षाहरू बन्द गर्न लगाइयो । यसले गर्दा यिनको चित्त दुख्यो । राम्रा विद्यार्थी उत्पादन गर्ने धोको अधुरै रह्यो। यसो भए तापनि यिनी शिक्षा विकासमा नै लागिरहे।

यिनी कलेजमा पढाउँथे, विद्यार्थीले बढी पढ्न खोजे भने घरमै पनि पढाइदिन्थे। तलबको भने यिनलाई मतलब हुँदैनथ्यो। अरू शिक्षकहरूलाई तलब दिएर बाँकी रहेको रकम कलेजकै लागि खर्च गर्दथे। त्यतिले पनि नपुगे आफ्नो पैतृक सम्पत्ति पनि विद्यार्थी र कलेजकै सेवामा खर्च गर्दथे। यिनी विद्यार्थीलाई छोराछोरी झैँ माया गर्दथे।

यिनले आफ्नै जग्गामा कलेज भवन बनाए । भवन बनाउँदा पनि बिहान सूर्य उदाएदेखि अस्ताउँदासम्म त्यसैमा खटिरहन्थे। रात दिनको मिहिनेतबाट तयार भएको भवनमा विद्यार्थी पढाउन पाउँदा यिनी असाध्यै खुसी भए । शङ्करदेव पन्त दानी मात्र होइन त्यागी पनि थिए। यिनमा लोभ भने केही दिएन । थियो भने असल विद्यार्थीको लोभ थियो। ध्यान दिएर पढ्ने विद्यार्थी पाएपछि यिनलाई केही

चाहिँदैनथ्यो । यिनी जति घण्टा पनि पढाउन सक्थे। अङ्ग्रेजी एम. ए. को जुन विषय पनि यिनी मजाले पढाइदिन्थे। यिनले निजी क्षेत्रमा रहेर शिक्षा सेवा गरिरहे। यिनको धर्म, कर्म सबै शिक्षा सेवा नै थियो । यसैले यिनी एक चित्तले त्यसैमा लागिरहन्थे।

यिनको यस्तो निस्वार्थ सेवा देखेर वि.सं. २०२३ मा सरकारले गोरखा दक्षिण बाहु विभूषणले सम्मान गर्ने घोषणा गऱ्यो। दिन मात्र जान्ने लिन नजान्ने शङ्करदेव पन्तले यो पदक पनि चाहेनन्, अस्वीकार नै गरे। यिनको स्वाभिमानको यो क्षण एउटा नमुना नै थियो।

शिक्षासेवी शङ्करदेव पन्त साधा जीवन र उच्च विचार मन पराउँथे। मन पराउने मात्र होइन व्यवहारमा पनि लागु गर्थे। उनी निकै सम्पन्न परिवारका भएर पनि अत्यन्त साधारण थिए । धनको तुजुकतिर यिनी कहिल्यै पनि लागेनन्। खानु र लगाउनु मात्र जीवन होइन । असल काम गर्नु नै जीवनका लक्ष्य हो भन्ने भनाइलाई यिनी गरेर देखाउँथे।

यिनलाई साहित्य र सङ्गीतमा विशेष रुचि थियो। पढ्ने र पढाउने कामबाट फुर्सद पाएको समयमा यिनी हारमोनियम बजाएर राग पनि गाउँथे । निबन्ध, कविता, कथाहरू त पढ्थे नै। आफैँ पनि राम्रा राम्रा निबन्धहरू लेखी छपाउँथे। रवीन्द्रनाथ टेगोरले नोबेल पुरस्कार पाएको काव्य गीताञ्जली यिनलाई असाध्यै मन पऱ्यो। यसैले यसलाई नेपालमा अनुवाद पनि गरे। नेपालका चर्चित व्यक्ति तेन्जिङ सेर्पाका बारेमा पनि यिनलाई निबन्ध लेख्ने इच्छा थियो। यो इच्छा चाहिँ पुरा हुन सकेन। यो इच्छा पुरा नहुँदै वि.सं. २०३० साल जेठ १ गते यिनको मृत्यु भयो।

यिनको मृत्युपछि यिनको सेवाको कदर गरी त्रिभुवन विश्व विद्यालयले नेपाल नेसनल कलेजको नाम शङ्करदेव क्याम्पस राखिदियो।

पुतली सडकमा रहेको शङ्करदेव क्याम्पस यिनै शङ्करदेव पन्तकै नेसनल कलेजको अर्को नाम हो। यिनकै पसिनाको कमाइ हो । आफू बाँचुन्जेल आफ्नो कामको नाम छोप्न चाहने शङ्करदेव पन्त छोपिइरहन पाएनन्। शङ्करदेव पन्त त हाम्रा अगाडि हाँसिरहेका छन्, हाँसिरहने छन्।

# पूर्वका व्यास छविलाल पोखरेल

– जयप्रसाद लम्साल



*"मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।"*

यस भनाइ नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको हो । यो भनाइले हाम्रा महाकवि छुवाछुत र जातपातको विरोधी रहेछन् भन्ने जानकारी हुन्छ । हाम्रो मुलुकमा छुवाछुतको विरोध गर्ने अर्को आँटिला व्यक्ति पनि थिए । ती हुन् – पण्डित छविलाल पोखरेल । पण्डित छविलाल पोखरेललाई आदरसाथ छविलाल गुरु पनि भन्ने गरिन्छ । छविलाल गुरु ९४ वर्ष बाँचे । आफ्नो बाल्यकालबाट हुर्केपछि पण्डित छविलाल पोखरेल विद्यालय खोल्ने, केटाकेटी जम्मा गरेर पढाउने र छुवाछुतको विरोध गर्ने काममा बाँचुन्जेल लागे ।

पण्डित छविलाल पोखरेलको जन्म चन्द्र शमशेरका शासन कालमा विक्रम संवत् १९६२ सालमा भएको थियो । उनको जन्म धनकुटाको कचिँडे भन्ने ठाउँमा भएको थियो । उनी जन्मँदा काठमाडौँमा मात्र एक दुई ओटा स्कुल थिए । त्यस बेला सर्व साधारणले लेखपढ गर्नु असम्भव जस्तै थियो । छविलाल गुरुले आफ्नो प्रयासमा संस्कृत पढे र त्यसपछि उनी सर्व साधारणलाई लेखपढ गराउन स्कुल खोल्ने काममा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले वि.सं. १९९१ मा गजेन्द्रबहादुर मल्ल भन्ने शिक्षाप्रेमीसँग मिलेर धनकुटाको गोकुण्डेश्वर पाटीमा पहिलो विद्यालय खोले । गोकुण्डेश्वर विद्यालय नेपालका पुराना दस–बार विद्यालयहरूमध्ये एक मानिन्छ । वि.सं. २००७ सालभन्दा पहिले राणाहरूलाई खुसी गराएर मात्र स्कुल खोल्नुपर्थ्यो । बडाहाकिमले सताएकाले गोकुण्डेश्वर विद्यालय केही समय बन्द भयो र १९९६ मा फेरि खुल्यो । त्यसपछि छविलाल गुरु धरानमा पब्लिक माध्यमिक विद्यालय, सार्वजनिक विद्या भवन, शारदा बालिका विद्यालय, पिण्डेश्वर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस खोल्ने, खोलाउने काममा सक्रिय रूपमा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले धेरै समय पिण्डेश्वर क्याम्पसमा पढाए । पिण्डेश्वर क्याम्पसका गुरु भएकै कारण

उनलाई छविलाल गुरु भनिएको हो ।

हाम्रो गाउँघरमा हिजोआज पनि आफूलाई ठुलो जातका मान्नेहरूबाट तल्लो जातका मानिसलाई हेला गरिन्छ। २०२० सालभन्दा पहिले त अझै तल्लो जातका मानिसलाई सताउने खालका कानुनहरू पनि थिए । त्यस बेला दलित मानिसहरूलाई सार्वजनिक विद्यालयमा पढ्न पनि बन्देज गरिन्थ्यो। छविलाल गुरुले त्यस्तो भेदभावलाई चुनौती दिए र खोजी खोजी दलित बालबालिकालाई विद्यालय भर्ना गराउन थाले । ठुला जातका भनाउँदाहरूले छविलाल गुरुको यस कदमको विरोध गरे । छविलाल गुरुले विरोधको वास्ता गरेनन् । २००५ सालमा गुरुले हिरालाल विश्वकर्मालाई विद्यालयमा भर्ना गरेर पढाए। विश्वकर्मा जान्ने सुन्ने भएर हाम्रो मुलुकका शिक्षा राज्यमन्त्री पनि भए । छविलाल गुरु दलित जातका घरमा गएर पुरोहितको काम गरिदिन्थे। उनी राई, लिम्बु, गुरुङ जातका कुमारहरूलाई व्रतबन्ध गराइदिन्थे । उनी महिला पुरुषको लिङ्गभेदको पनि विरोधी थिए। उनी छोरीहरूको पनि व्रतबन्ध गराइदिन्थे।

छविलाल गुरु साहित्यकार पनि थिए । उनले डेढ दर्जन जति साहित्यिक पुस्तकहरू पनि लेखेका छन् । भाव तरङ्ग (कविता सङ्ग्रह), समालोचनाको कसीमा देवासुर सङ्ग्राम, आधुनिक दृष्टिमा वाल्मीकि रामायण उनका प्रमुख साहित्यिक कृतिहरू हुन् । उनी वेदको व्याख्या पनि गर्दथे । उनले वेदसँग सम्बन्धित धर्म र मतहरू, वेदको सोमरस र जाँड रक्सीको व्यवहार जस्ता पुस्तकहरू पनि लेखेका थिए । धर्म र वेदको व्याख्या गर्ने विद्वान् व्यक्ति भएकै कारण उनलाई पूर्वका व्यास पनि भनिन्छ ।

छविलाल गुरुको जीवनको अन्ततिर मात्र सरकार र अन्य सङ्घसंस्थाले उनका कामको प्रशंसा गर्न थाले । ९२ वर्षको उमेरमा मात्र उनले महेन्द्र प्रज्ञा पुरस्कार पाए । उनले २०४४ सालमा शिक्षा पुरस्कार, २०५२ सालमा सामाजिक सेवा र २०५३ सालमा केशरसिंह, खड्गकुमारी कार्की पुरस्कार पाए । उनले गोरखा दक्षिणबाहु चौथा पनि पाएका थिए ।

छविलाल गुरुले दलित र सर्व साधारण जनताको भलो हुने काममा आफ्नो लामो जीवन समर्पण गरे । उनी २०५६ साल फागुन एक गते हामीबाट बिदा भए । हामीले पनि छविलाल गुरुले जस्तै अरूको भलो हुने काम गरेर नाम कमाउनुपर्छ ।

# केही अमर मानिस



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो।
बिक्री गर्न पाइने छैन।

पुनर्लेखन
जयप्रसाद लम्साल
शारदा अधिकारी

चित्राङ्कन कर्ता
लक्ष्मण भुजेल

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | लौह पुरुष गणेशमान सिंह | ५ |
| २. | सङ्घर्षशील नेता मनमोहन अधिकारी | ८ |
| २. | निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे | ११ |
| ३. | अद्वितीय प्रतिभा अमर चित्रकार | १५ |
| ४. | वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन | १७ |
| ५. | दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त | १९ |
| ६. | पूर्वका व्यास छविलाल पोखरेल | २३ |

# लौह पुरुष गणेशमान सिंह

– जयप्रसाद लम्साल



फलाम अत्यन्त कडा धातु हो । यसलाई लोहा पनि भनिन्छ । फलाम सजिलै भाँचिदैन र बाङ्गिदैन पनि । कस्तो आपत् पर्दा पनि आफ्नो सत् विचारमा अडिक रहने निडर मानिसलाई फलामसँग तुलना गरेर लौह पुरुष वा लोहनारी भनिन्छ । प्रजातन्त्रका सेनानी गणेशमान सिंहलाई लौह पुरुष भनिन्छ ।

गणेशमान सिंह राणा र पञ्चायती शासन हटाएर नेपालमा प्रजातान्त्रिक शासन (बहुदलीय संसदीय शासन) स्थापना गर्न चाहन्थे । राणाकालमा राणाहरू आफ्नो विरोध गर्नेलाई झुन्ड्याउथे वा गोली हानेर मार्दथे । गणेशमानका चारजना सहयोद्धा यसरी नै मारिए । गणेशमानलाई मारिएन तर जन्मकैदको सजाय दिइयो । जेलमा राणाहरूले गणेशमानलाई पिँडौलामा छरछरी रगत आउन्जेल कोर्राले पिट्थे । तर गणेशमान राणाहरूसँग झुकेनन् । त्यसैगरी पञ्चायत कालमा पञ्चायती सरकारले पनि गणेशमानलाई लामो समय जेलमा राख्यो । जेलबाट छुटेपछि स्वतन्त्र रूपमा हिँड्डुल गर्न पनि दिएन । तर उनी पञ्चसँग पनि झुकेनन् । कोही रिसाओस् वा आफ्नो ज्यानै जाओस् गणेशमान सिंह आफ्ना मनका कुरा निर्भिक भएर बोल्दथे ।

गणेशमान सिंहको जन्म वि.सं. १९७२ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम सुब्बा ज्ञानमान श्रेष्ठ र आमाको नाम सानुनानी श्रेष्ठ हो । उनको बोलाउने नाम हिराकाजी थियो । गणेशमान सानैदेखि निडर थिए । उनले दरबार हाइस्कुलमा ६ कक्षामा पढ्दा राणाका छोरा नातिहरूका अगाडि शिर झुकाएनन् । यस कारण उनलाई दरबार हाइस्कुलबाट निकालियो । यस्ता कुराले गर्दा गणेशमानमा बाल्यकालदेखि नै राणाहरूप्रति घृणा जागेर आयो ।

गणेशमान सिंह कलकत्ता गए र त्यहाँबाट वि.सं. १९९४ मा म्याट्रिक पास गरेपछि उनी नेपाल फर्किए । त्यसपछि सहिद धर्मभक्त र गङ्गालालसँग गणेशमान सिंहको सम्पर्क भयो । उहाँहरूले टङ्कप्रसाद आचार्यको अध्यक्षतामा नेपाल प्रजा परिषद् नामको राणा विरोधी राजनीतिक पार्टी खोल्नुभयो । १९९७ सालमा राणाहरूले गणेशमान सहित प्रजा परिषद्का धेरैजसो सदस्यहरूलाई पक्रिए । पक्राउ पर्नु तिन महिना अगाडि मात्र गणेशमान र मङ्गलादेवीको विवाह भएको थियो । पक्राउ परेका मध्ये शुक्रराज, गङ्गालाल, धर्मभक्त र दशरथ चन्दलाई मृत्युदण्ड दिइयो । गणेशमानलाई सर्वस्व हरण गरेर आजन्म कारावासको सजाय दिइयो ।

चार वर्ष जेल बसेपछि २००१ सालमा गणेशमान जेलबाट भागेर भारत पसे । कलकत्तामा जन नायक विश्वेश्वरप्रसाद कोइराला र गणेशमानको भेट भयो । त्यसपछि उहाँहरूले नेपाली राष्ट्रिय काङ्ग्रेस नामको राजनीतिक पार्टी खोल्नुभयो । यो पार्टी २००६ सालमा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग मिलेर नेपाली काङ्ग्रेस भयो।

२००६ सालमा नेपाली काङ्ग्रेसले राणाका विरुद्ध लडाइँ गर्ने योजना बनायो । रक्सौलबाट वीरगञ्ज हुँदै काठमाडौँमा आक्रमण गर्ने जिम्मा गणेशमानलाई दिइयो । उनी लडाइँको तयारी गर्न गोप्य रूपमा काठमाडौँ जाँदै गर्दा बाटामा पक्राउ परे । त्यसपछि उनलाइ फेरि जेल हालियो । गणेशमान जेल परे पनि नेपाली काङ्ग्रेसले विभिन्न ठाउँमा आक्रमण गरेर ती ठाउँ आफ्नो कब्जामा लियो । २००७ सालमा नेपालमा प्रजातन्त्र आयो । गणेशमान जेलबाट छुटे र वाणिज्य मन्त्री बनाइए ।

२०१५ सालको आम निर्वाचनमा गणेशमान सिंह काठमाडौँबाट सांसद निर्वाचित भए । त्यसपछि उनी निर्माण तथा यातायात मन्त्री भए । २०१७ सालमा राजा महेन्द्रबाट बहुदलीय व्यवस्था खारेजी भयो । प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह र अरू नेताहरूलाई जेल हालियो । २०२५ सालमा मात्र उहाँहरू जेलबाट छुट्नुभयो । त्यस बेला नेपालमा पञ्चायती शासन थियो । पञ्चायतकालमा पार्टी खोल्ने र पञ्चायती शासनको विरोध गर्नेलाई कुटपिट गरिन्थ्यो । जेलमा हालिन्थ्यो ।

त्यस बेला वी.पी. र गणेशमानलाई नेपाल बस्न सक्ने अवस्था थिएन । उहाँहरू भारत जानुभयो। २०३३ सालमा देशभित्रै बसेर आन्दोलन गर्ने भनेर बी.पी., गणेशमान र नेपाली काङ्ग्रेसका अरू नेताहरू नेपाल फर्कनुभयो । त्यस बेला पञ्चहरूले बी.पी. र गणेशमानलाई मृत्युदण्ड दिनुपर्छ भन्ने हल्ला उठाएका थिए ।

२०३६ सालमा विद्यार्थीहरूले ठुलो आन्दोलन गरे । यस आन्दोलनलाई नेपाली काङ्ग्रेस र कम्युनिस्ट नेताहरूको समर्थन थियो । यही आन्दोलनका कारण राजाबाट निर्दलीय पञ्चायती शासन रोज्ने कि बहुदलीय प्रजातन्त्र रोज्ने भनेर जनमत गराउने घोषणा भयो। बी.पी. र गणेशमान बहुदलको प्रचारमा जुट्नुभयो । जनमतमा पञ्चायतले जित्यो तर गणेशमानले पञ्चायती शासन स्वीकारेनन् ।

२०३९ सालमा बी. पी. को निधन भयो। त्यसपछि गणेशमान नेपाली काङ्ग्रेसका सर्वमान्य नेता भए । ०४२ सालमा गणेशमानको नेतृत्वमा पञ्चायती शासनको विरोधमा सत्याग्रह आन्दोलन भयो । आन्दोलन अगाडि बढ्दै जाँदा बमकाण्डहरू भएकाले सत्याग्रह रोकियो । २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाले गणेशमान सिंहको नेतृत्वमा संयुक्त आन्दोलन गरे । पञ्चायत ढल्यो र नेपालमा २०१७ सालमा गुमेको बहुदलीय प्रजातन्त्र फेरि आयो। यसरी मुलुकमा प्रजातन्त्र ल्याउन गणेशमान सिंहले कठिन सङ्घर्ष गरे ।

कुटाइ पिटाइ, जेल, आप्रवास आदि सबै कुरा भोगे । आपत् परे पनि गणेशमान सिंहले आफ्नो साहस छोडेनन् ।

गणशेमान सिंह विश्वमै प्रजातान्त्रिक योद्धाका रूपमा चिनिन्छन् । २०४८ सालमा सिंह अमेरिकाको पिसस पुरस्कारबाट सम्मानित भए । २०५० सालमा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार पुरस्कारबाट सम्मानित भए। गणेशमान सिंह त्यागी महापुरुष थिए । उनले जन्मभर राजनीति गरे। २०४६ सालको आन्दोलनपछि राजाबाट उनलाई प्रधानमन्त्री हुन अनुरोध गरियो तर उनले आफू प्रधानमन्त्री नहुने कुरा जाहेर गरे। उनले अन्तर्राष्ट्रिय पुरस्कारबाट पाएको रकम पनि समाज सेवामा लगाए ।

२०५४ सालमा प्रजातन्त्रका महासेनानी गणेशमान सिंहको निधन भयो। लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भएर उनलाई बिदा गरे । उहाँको निधनले सारा नेपालीलाई शोकाकुल बनायो ।

# सङ्घर्षशील नेता मनमोहन अधिकारी

– जयप्रसाद लम्साल




हाम्रो मुलुकमा लामो दुःख काटेर सङ्घर्षमय जीवन बिताउनेहरू धेरै छन्। तीमध्ये मनमोहन अधिकारीको नाम अगाडि आउँछ। मनमोहन अधिकारीले भारतमा अङ्ग्रेजका विरुद्धमा र नेपालमा राणा र पञ्चायती शासनका विरुद्धमा सङ्घर्ष गरे । लामो जेल जीवन बिताए । समस्या र अभाव खेपे । उनको मृत्यु चुनावको मैदानमा भयो ।

मनमोहन अधिकारीको जन्म वि.सं. १९७८ सालमा काठमाडौँको लाजिम्पाटमा भएको थियो । उनका पिताको नाम रामचन्द्र र माताको नाम पूर्णकुमारी थियो । उनका आठ जना दाजुभाइ र दुई दिदी बहिनी थिए। मनमोहनका पिताले जलेश्वरमा जागिर खाँदा भारतका अङ्ग्रेज विरोधी नेताहरूलाई सहयोग गर्ने गर्थे। यसै कारण राणाहरूले उनको जागिर खोसिदिए । यस बेला मनमोहनका परिवारलाई भातपानीको समस्या भयो। त्यसपछि उनको परिवार विराटनगर सऱ्यो ।

मनमोहन अधिकारी इ.सं १९३८ सालमा पढाइका लागि भारत पसे । उनले बनारसबाट इ.सं. १९४० सालमा म्याट्रिक पास गरे । त्यसपछि उनले बी.एस्सी. सम्मको पढाइ गरे। भारतमा बी.एस्सी. को अध्ययन गर्दा मनमोहन अधिकारी अङ्ग्रेज विरोधी आन्दोलनमा लागे र जेल परे। जेलमा भारतीय कम्युनिस्टहरूसँग अधिकारीको सम्पर्क भयो। त्यसपछि उनी कम्युनिस्ट विचारबाट प्रभावित भए । जेलबाट छुटेपछि अधिकारी बनारसमा रेल्वे र कटन मिल्सका मजदुरहरूलाई सङ्गठित गर्ने काममा जुटे। भारत स्वतन्त्र भएपछि मनमोहन अधिकारी नेपाल फर्केर राणा विरोधी काममा लागे ।

मनमोहन अधिकारीले घर चलाउन

जागिर खानुपऱ्यो । उनी विराटनगर कटन मिल्समा केमिस्टको जागिर खान थाले र त्यहाँका मजदुरहरूलाई सङ्गठित गर्न थाले । मनमोहन अधिकारी र अरू नेताहरूले २००४ सालमा विराटनगरमा ठुलो मजदुर आन्दोलन चलाए । आन्दोलनका क्रममा जेल परे र २००६ सालमा मात्र छुटे ।

२००६ सालमा पुष्पलाल श्रेष्ठले कलकत्तामा नेपाल कम्युनिस्ट पार्टी खोले । २००६ सालमै मनमोहन र पुष्पलालको भेट भयो। २००८ सालमा मनमोहन नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयको सचिव भए । २०१० मा भएको नेपाल कम्युनिस्ट पार्टीको पहिलो महाधिवेशनमा मनमोहन अधिकारी त्यस पार्टीको महासचिव भए। २०१२ सालमा साधना प्रधानसँग मनमोहनको विवाह भयो ।

२०१७ सालमा बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लाग्यो। बहुदल मान्ने नेताहरू पक्राउ परे। यस बेला मनमोहन चीनमा थिए । उनी नेपाल फर्कनासाथ जेल परे । उनी जेलमा परेका बेला नेपाल कम्युनिस्ट पार्टी फुट्यो। २०२५ सालमा मनमोहन जेलमुक्त भए त्यसपछि उनी विभिन्न चिरामा बाँडिएको कम्युनिस्ट समूहलाई एकीकृत गर्न र पञ्चायती शासन विरोधी काम गर्न थाले। २०३६ सालमा राजाबाट पञ्चायत रोज्ने कि बहुदल रोज्ने भनेर जनमत सङ्ग्रह गराउने घोषणा भयो । मनमोहन बहुदलको प्रचार प्रसारमा जोडतोडले लागे। त्यस बेला मनमोहनको भाषणको खुबै चर्चा हुन्थ्यो ।

मनमोहनको भाषण सुन्न मानिसको ठुलो भिड लाग्दथ्यो । बहुदलले जितेन तर मनमोहन पञ्चायत विरोधी सङ्घर्षमा लागिरहे। २०४६ सालमा नेपाली काङ्ग्रेस र कम्युनिस्ट मिलेर पञ्चायतका विरुद्ध संयुक्त जन आन्दोलन भयो। त्यस आन्दोलनले पञ्चायतको पतन गरायो र नेपालमा बहुदल पुनः आयो ।

२०४७ सालमा मनमोहनले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी र मदन भण्डारीले नेतृत्व गर्नुभएको नेपाल कम्युनिस्ट पार्टी मालेबिच एकता गराउन यी दुवै नेता सफल भए। त्यसपछि नेपाल कम्युनिस्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी बन्यो। मनमोहन यस पार्टीको अध्यक्ष र मदन भण्डारी महासचिव बने ।

बहुदल आएपछिको २०४८ को आम चुनावमा मनमोहन अधिकारी सुनसरी

क्षेत्र नं. एकबाट संसद सदस्य जितेर प्रमुख प्रतिपक्षी दलको नेता भए । २०५१ सालको चुनावमा मनमोहनले काठमाडौँ क्षेत्र न. एक र तिनबाट चुनाव जितेर नेपालको प्रधानमन्त्री बने ।

मनमोहन दुई पटक कालको मुखबाट बाँचेका थिए । २०४६ सालमा उनी जनआन्दोलनका लागि कार्यकर्तालाई सङ्गठित गर्न पश्चिमका जिल्लाको भ्रमणमा थिए। उनी कैलालीमा पक्राउ परे। पञ्चायती क्रूर शासकले रातको समयमा सत्तरी वर्ष पुग्न लागेका वृद्ध नेता मनमोहनलाई शाही बर्दिया राष्ट्रिय निकुञ्जको जङ्गलमा लगेर छोडिदियो । संयोगले उनी हिंस्रक जन्तुको मुखमा परेनन् । २०५१ साल साउनमा प्रधानमन्त्री भएकै बेला मनमोहन हेलिकप्टर दुर्घटनामा परे । यस दुर्घटनामा मनमोहनको मेरुदण्ड (ढाडको हाड) चर्कियो र उनी केही समय अस्पताल बसे । त्यस बेला संसदमा उनीमाथि अविश्वासको प्रस्ताव आएको थियो । अविश्वासको प्रस्ताव पास भएकाले उनले राजिनामा दिए।

२०५६ सालको आम निर्वाचनमा एमालेको पक्षमा प्रचार प्रसार गर्न मनमोहन खुबै खटे। उनी आफू पनि काठमाडौँ निर्वाचन क्षेत्र न. एक र तिनबाट उम्मेदवार भएका थिए । क्षेत्र न. एकको गोठाटार भन्ने ठाउँमा भाषण सकेपछि उनी मुर्छा परे। मुर्छा परेको हप्ता दिनपछि २०५६ साल वैशाख १३ गते उनले सधैँका लागि संसारबाट विश्राम लिए । लाखौँ नेपालीहरू उनको शवयात्रामा सामेल भए। हजारौँ नेपालीले उनको मृत्युमा आँसु बगाए ।

मनमोहन अधिकारीको जीवन अत्यन्तै सादा थियो । उनी बाटाघाटामा पैदल हिंड्दै गरेका देखिन्थे । उनी प्रधानमन्त्री हुँदा पनि बिहानको चिया आफैँ बनाएर खान्थे । उनी केटाकेटीहरूलाई खुबै माया गर्थे । सबैभन्दा ठुलो कुरा त उनी सच्चा राष्ट्रभक्त र अत्यन्तै इमानदार थिए। भनिन्छ उनी प्रधानमन्त्री हुँदा आफू र आफन्तहरूको फाइदाका लागि कुनै काम गरेनन्। उनी सम्पूर्ण गरिब, निमुखा नेपाली जनताको उन्नति चाहन्थे । उनको सम्पूर्ण जीवन नेपालमा प्रजातन्त्र प्राप्तिका लागि बित्यो। उनले गरिब, निमुखाहरूका लागि काम गर्ने अवसर पाएनन्।

# निर्भिक शिक्षाप्रेमी रुद्रराज पाण्डे

– शारदा अधिकारी




नेपालको शिक्षाको विकासमा धेरै व्यक्तिले सहयोग पुऱ्याएका छन् । त्यसमा सरदार रुद्रराज पाण्डको नाम अगाडि आउँछ । उनको विद्वता र शिक्षाको कदर गरेर नै जुद्ध शम्शेरले उनलाई सरदार भन्ने पदवी दिएका थिए । त्यसैले हामी उनलाई सरदार रुद्रराज पाण्डे भन्दछौँ ।

सरदार रुद्रराज पाण्डेको जन्म वि.सं. १९५७ साल चैत्र २६ गते काठमाडौँको प्यूखा टोलमा भएको थियो । उनका पिताको नाम पद्मराज र माताको नाम टीकालक्ष्मी हो ।

सरदार पाण्डेको परिवार राणाहरूको गुरु खलकमा पर्दथ्यो । यसैले पनि यो परिवार शिक्षाको क्षेत्रमा अरूको तुलनामा अघि नै थियो । त्यसमाथि पनि रुद्रराज पाण्डेले त आफ्नो प्रतिभा सानैदेखि देखाउन थाले। यिनी पढ्नमा सारै रमाउँथे । अक्षर चिनेदेखि नै यिनमा पढ्ने रुचि जाग्यो। सानै उमेरमा बुबाहरूबाट यिनले घरमै धेरै कुरा सिके । त्यसपछि रानी पोखरी प्रधान पाठशालामा भर्ना भए। त्यहाँ लघु कौमुदी, अमर कोष, रघुवंश आदि ग्रन्थहरूको अध्ययन गरे। त्यसपछि उनी अङ्ग्रेजी पढ्नका लागि दरबार स्कुलमा तिन कक्षामा भर्ना भए ।

त्यतिखेर अहिले जस्तो नेपालबाटै एस.एल.सी. परीक्षा दिन पाइँदैनथ्यो। दरबार हाइस्कुलमा पढाइ हुन्थ्यो तर परीक्षा दिन भारतको कलकत्ता वा पटना जानु पर्थ्यो । अहिले एस.एल. सी. भनिए झैँ त्यति बेला म्याट्रिक परीक्षा भनिन्थ्यो ।

पाण्डे पनि दरबार हाइस्कुलमा पढी म्याट्रिक परीक्षा दिन कलकत्ता गए। वि. स. १९७६ मा प्रथम श्रेणीमा

म्याट्रिक पास गरे। त्यति बेला प्रथम श्रेणीमा म्याट्रिक उत्तीर्ण गर्नु चानचुने कुरो थिएन । रुद्रराजले त्यसरी म्याट्रिकमा प्रथम श्रेणी ल्याएकाले बडागुरुज्यू सारै खुसी भए ।

बडागुरुज्यू खुसी भएकाले रुद्रराजको छात्रवृत्तिका लागि पनि सिफारिस गरिदिए। उनको सिफारिस भएकाले तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरबाट उनले छात्रवृत्ति पाए। त्यही छात्रवृत्तिमा उनले इलाहावादको कायत्य कलेजबाट आई.ए. पास गरे। यसरी नै सेन्टम्योर कलेजबाट बी.ए. पास गरे। इलाहावाद विश्व विद्यालयबाट वि.सं. १९८२ मा इतिहास विषयमा एम.ए. गरे ।

त्यतिखेर यसरी बी.ए., एम.ए पास गरेको मानिस भेट्न सारै गारो थियो । कसैले पास गरेको थाहा हुनासाथ उसलाई विभिन्न पदको जिम्मेवारी दिइहालिन्थ्यो । यिनलाई पनि एम.ए गरी आउनासाथ त्रिचन्द्र कलेजको प्राध्यापकको पद दिइयो । त्रिचन्द्र कलेजको प्राध्यापक भई यिनी इतिहास पढाउन थाले ।

यसरी यिनी कलेजमा पढाउन थालेको डेढ वर्ष जति भएको थियो। त्यतिखेर दरबार हाइस्कुलका हेडमास्टर शारदाप्रसाद मुखर्जीको निधन भयो । उनको मृत्यु भएपछि त्यहाँको हेडमास्टर पनि यिनै हुन पुगे । यिनलाई दोहरो दायित्व पुरा गर्नुपर्ने भयो ।

त्यतिखेरसम्म पनि नेपालमा दस कक्षाको जाँच दिन भारत जानुपर्थ्यो। यसले गर्दा विद्यार्थीहरूलाई निकै मर्का परिरहेको थियो । त्यसमाथि पनि नेपालीले नेपाली विषयमा जाँच दिन नपाउने, हिन्दी विषयमा जाँच दिनुपर्ने बाध्यता छँदै थियो । यस समस्याले रुद्रराज पाण्डेलाई पढ्ने बेलादेखि चिमोटिरहेको थियो। दरबार स्कुलको हेडमास्टर भएपछि यिनले धेरै चोटि पटना पुगी सबलाई कुरा बुझाई नेपाली विद्यार्थीले नेपालबाटै म्याट्रिक दिन पाउने व्यवस्था मिलाएरै छाडे ।

अब सरदार रुद्रराज पाण्डे नेपालका विद्यालयमा नेपाली विषय पढाउन पाउने र जाँच पनि नेपाली मध्यमबाटै दिलाउन पाउने कुराका लागि खट्न थाले। यिनी पटना बोर्डको मिटिङमा गएपिच्छे यस कुरामा कचकच गर्न थाले । नेपालीले नेपाली भाषामा नै जाँच दिन पाउनु पर्छ किन नपाउने ? भन्ने प्रश्न सोधेर यिनले भारतीय बोर्डका सदस्यहरूलाई हैरान पारे ।

नेपाली भाषामा लेखिएका पाठ्य पुस्तक खोइ ? भनी बोर्डका सदस्यहरूले उल्टै अर्को अत्तो थापे । अर्को बैठकमा उनी किताबको बाकस बोकाएर गए । अनि त बाकसबाट एक एक किताब झिक्दै बोर्डका सदस्यहरूलाई 'यो पाठ्य पुस्तक होइन भने के हो त ?' भन्ने प्रश्न गर्दै किताब देखाउँदै गए ।

उनले आठ दस किताब देखाएपछि बोर्डका सदस्यहरूलाई भो भो भन्न करै लाग्यो । भैंगो बाकस बन्द गर्नुहोस्, तपाईँले भनेअनुसार व्यवस्था हुन्छ भन्दै उनीहरूले सो मान्ने कबुल गरे । वास्तवमा ती बाकसका मुनितिर उही उही किताबहरू दोहऱ्याएर राखिएका थिए । सदस्यहरूले सबै किताब झिकेर एक एक केलाएको भए उनको भेद खुल्थ्यो । यिनको यही जुक्तिले गर्दा नेपाली भाषामा परीक्षा दिन पाउने व्यवस्था भएरै छाड्यो ।

यसरी जुक्ति लगाएर नेपाली भाषामा जाँच दिन पाउने व्यवस्था त मिलाए । उताबाट फर्केपछि भने यिनलाई पिर पऱ्यो । नेपाली भाषाको इज्जत कसरी राख्ने भन्ने कुराले यिनी चिन्तित भए ।

मूर्ख मान्छे चिन्तामा पिरोलिई मात्र रहन्छ, बुद्धिमान् मान्छे चिन्ता हटाउने उपायतिर लाग्छ । रुद्रराज पाण्डे बुद्धिमान् त छँदै थिए । सो चिन्तालाई हटाउन उनी आफैं किताबहरू लेख्न थाले ।

नेपाली भाषामा पनि साहित्य हुन्छ र भन्नेहरूका लागि यिनले पाँच ओटा उपन्यासका लहर लगाइदिए । रूपमती उपन्यास लेखेर त यिनी पहिलो आधुनिक नेपाली उपन्यासकार नै बन्न पुगे । यसपछि पनि यिनले चम्पाकाजी, प्रायश्चित, प्रेम र हेरफेर नामका उपन्यासहरू लेखे । नाटक, निबन्ध, कविता, एकाङ्कीहरू पनि लेखेर यिनले प्रशस्त पुस्तकहरू तयार पारे । यिनले ठुला मानिसहरूका लागि पनि लेखे । बालबालिकाका लागि पनि लेखे । बाल रामायण, बालकृष्ण चरित्र, नवरत्न, इसप, नीतिकथा जस्ता तिमीहरूलाई मन पर्ने पुस्तकहरू पनि यिनले लेखेका छन् ।

यसरी कलेजका प्राचार्य र स्कुलका प्रधान अध्यापक भएर यिनले शिक्षा सेवा गरिरहेका थिए । यिनको शिक्षा प्रेम र योग्यताको पनि कदर भयो । यसैले यिनी वि.सं. २००८ मा शिक्षा सचिवमा नियुक्त हुन पुगे । वि.सं. २०२१ मा त्रिभुवन

विश्व विद्यालयको उपकुलपति भए। यही पदमा रही ६ वर्षसम्म नेपाली उच्च शिक्षाको सेवा गरे । यसपछि वि.सं. २०२६ मा सेवाबाट अवकाश लिए ।

जागिर छोडेपछि यिनी साधुसन्तहरूको सत्सङ्गमा रमाउन थाले । यिनी पहिलेदेखि नै भगवान्को पूजापाठ, भजनकीर्तनमा रमाउँथे । दिनहुँ गीता पाठ गर्दथे । रामायण महाभारत यिनलाई खुब मन पर्थ्यो । अब उनी नेपाल र भारतका तीर्थस्थलको भ्रमणमा लागे । ठुला ठुला सन्तहरूलाई भेट्ने, उनीहरूको सेवा गर्ने काममा नै यिनी लाग्दै गए । यसै क्रममा भारतको केदार घाटमा वि.सं. २०४३ चैत्र २३ का दिन यिनले देहत्याग गरे ।

छ्यासी बर्से जीवनमा पाण्डेले तनमन लगाएर देश सेवा गरे । शिक्षाको विकासका लागि दिलोज्यानले लागे । नेपाली भाषा र साहित्यको विकासका लागि डटेर अघि सरे । यसैले यिनी सरदार पदवीले सम्मानित भए । निःस्वार्थ सेवाले गर्दा यिनी लोकप्रिय भए । नेपाली भाषा र साहित्य, नेपालको शिक्षा क्षेत्रको विकासका लागि यिनले आफ्नो जीवन अर्पिए । यसैले यिनी गोरखा दक्षिण बाहु, त्रिशक्तिपट्टले विभूषित भए । श्री ५ त्रिभुवन रजत जयन्ती पदक पाए । श्री ५ महेन्द्र शुभराज्याभिषेक पदक, श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदकबाट सम्मानित भए ।

आज यिनको शरीर हाम्रो साम्‍नेबाट बिलाइसक्यो । तर, यिनी युग पुरुष भएर हामीमाझ चम्किरहेका छन् ।

# अद्वितीय प्रतिभा अमर चित्रकार

– शारदा अधिकारी



हाम्रो नेपाल भूमिमा पनि केही विशेष प्रतिभा जन्मिएका छन् । ती प्रतिभामध्ये अमर चित्रकार पनि पर्छन् । उनले अनगिन्ती चित्र कोरेर अनगिन्ती मूर्ति पनि कुँदे । उनी चित्रकारभन्दा पनि मूर्तिकारका रूपमा नेपालमा मात्र नभएर छिमेकी मुलुकमा समेत प्रख्यात भए । नेपालका सडक चोकहरूमा स्थापित अधिकांश मूर्तिहरू अमर चित्रकारकै कृति हुन् । उनका मूर्तिले कैयन् नेपालीका बैठक कोठा सजिएका छन् । उनका मूर्ति विदेशीले पनि त्यत्तिकै मन पराउँछन् ।

अमर चित्रकारको जन्म वि.सं. १९७७ सालमा काठमाडौँमा भएको थियो । उनका पिताको नाम बिन्दुलाल र माताको नाम चिनीमाया थियो । अमर चित्रकारले आठ वर्षको उमेरदेखि चित्र बनाउन थाले । पछि उनले मूर्ति पनि बनाउन थाले । उनले आफ्नो ७९ वर्षको उमेरसम्म यी दुवै काम गरिरहे । उनी बिहानदेखि बेलुकासम्म चित्र कोरिरहन्थे । आफ्नो काम नसकी उनी खाना पनि खाँदैनथे । ७९ वर्षको उमेरमा भगवान् गौतम बुद्ध र भूपालमान सिंह कार्कीको मूर्ति बनाउँदा बनाउँदै अमर चित्रकारको निधन भयो ।

मूर्ति बनाउनु सजिलो काम होइन । मूर्ति बनाउँदै जाँदा जसको मूर्ति बनाइएको हो उसको अनुहार मिलाउन ज्यादै कठिन हुन्छ । ढलौटको मूर्ति बनाउँदा मूर्ति टुटफुट हुने सम्भावना हुन्छ । यस्तो गारो काम भए पनि अमर चित्रकारले धेरै मानिसका चित्र बनाए । उनले राजा पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, भानुभक्त, लक्ष्मीप्रसाद देवकोटा, राजा महेन्द्र, राजा वीरेन्द्रका मूर्तिहरू बनाए । उनले अरू धेरै व्यक्तिका पनि मूर्ति बनाए ।

अमर चित्रकार राष्ट्रवादी कलाकार थिए । उनले नेपालीले बनाएका मूर्ति तथा चित्रले नेपालको परिचय दिन सक्नुपर्छ भन्थे। उनी भन्थे, "नेपालको आफ्नो छुट्टै प्रकारको वेषभूषा, खानपान, चलन व्यवहार छ । हाम्रो मूर्ति र चित्रले यी कुरा झल्काउनु पर्छ ।" उनी आफू पनि नेपालीपन झल्कने चित्र तथा मूर्ति बनाउँथे।

अमर चित्रकार नेपालका अद्वितीय प्रतिभा थिए। उनले बनाएका चित्र र मूर्तिहरू भारत, बङ्गलादेश, जापान आदि मुलुकमा पनि प्रदर्शन गरिएका थिए । यस्तो ख्याति कमाएर पनि अमर चित्रकारका कत्ति पनि घमन्ड थिएन । उनी सरल र मिलनसार थिए ।

अमर चित्रकार नेपाली राजकीय प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्य थिए। उनले सुविख्यात त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु जस्ता मान पदक र इन्द्रराज्यलक्ष्मी प्रज्ञा पुरस्कार पाएका थिए ।

विश्राम नगरी चित्र र मूर्ति बनाउँदा बनाउँदै २०५६ साल कार्तिक २५ गते अमर चित्रकार यस धर्तीबाट बिदा भए। उनी जीवित नभए पनि उनका मूर्ति र चित्रहरूले उनको सम्झना दिलाइरहने छन् । नेपाली भूमिमा नामअनुसार नै उनी अमर हुने छन् ।

# वरिष्ठ सङ्गीतकार गोपाल योञ्जन

– जयप्रसाद लम्साल



*देशले रगत मागे मलाई बली चढाऊ,*
*रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी ।*

यो गीत रेडियोबाट बेला बेलामा सुन्न पाइन्छ । यो गीत सुन्दा हामी राष्ट्रभक्त नेपालीको आङ जुर्मुराउँछ । यस गीतले हामी नेपालीहरूमा देशको भलो हुने केही काम गर्न पाए हुन्थ्यो भन्ने इच्छा जगाउँछ ।

माथिको गीत आफैँले लेखेर गाउने गायकको नाम हो गोपाल योञ्जन । गोपाल योञ्जन यस धरतीबाट बिदा भइसकेका छन् । तर पनि उनी गीत, सङ्गीत र स्वरको माध्यमले हामी माझमै छन् । उनका गीत सङ्गीत र स्वरले हामीलाई दुई कुरा दिइरहेका छन् । पहिलो कुरा देशभक्तिको भावना र दोस्रो कुरा स्वर र सङ्गीतको आनन्द ।

गोपाल योञ्जनको जन्म वि.सं. २००० मा भएको हो । उनी भारतको दार्जिलिङको मिरिक भन्ने ठाउँमा जन्मिएका थिए । मिरिक इलाम जिल्लाको पशुपतिनगर भन्ने ठाउँसँगै जोडिएको छ । गोपाल योञ्जनका पिताको नाउँ बुद्धिमान् र माताको नाउँ छेकु डोल्मा हो । गोपाल योञ्जनले बाल्यकाल दार्जिलिङमै बिताएर २०२० सालतिर काठमाडौँ आए । उनले नेपाली विषयमा एम.ए. सम्मको पढाइ पुरा गरे । उनी सानै उमेरदेखि गीत सङ्गीतमा लागेका थिए । गोपाल योञ्जन २०२८ सालदेखि पद्मकन्या क्याम्पसमा लोक सङ्गीतको प्राध्यापन गर्थे ।

गोपाल योञ्जन बहुमुखी प्रतिभाका धनी थिए । उनी गीत रचना गर्थे, सङ्गीत सिर्जना गर्थे र गाउने पनि गर्थे । स्रोताहरू उनका गीत र सङ्गीत

सुनेर मन्त्रमुग्ध हुन्छन् । उनले धेरै राष्ट्रिय गीतहरू रचना गरी आफैँले सङ्गीत बद्ध गरी आफैँले पनि गाएका छन् ।

*नेपाली नेपालको माया छ कि छैन,*
*धेरै खेल्यौ नेपालका तिमी छातीमाझ*
*तिम्रो छातीमाथि पनि नेपाल छ कि छैन ?*

गोपाल योञ्जनले यस्ता गीत सुमधुर स्वरमा गाएर नेपालीहरूलाई नेपालको माया गरौँ भन्ने सन्देश दिएका छन् ।

गोपाल योञ्जनले गीत मञ्जरी र सङ्गीताञ्जली भन्ने गीतका पुस्तकहरू लेखेका छन् । गीत मञ्जरीमा बाल गीतहरू छन् । गोपाल योञ्जन आफैँले सङ्गीत दिएर गीत मञ्जरीको क्यासेट पनि निकालेका छन् । हामीले गाउने कक्षा एक र पाँचको कक्षागत गीतमा गोपाल योञ्जनले नै सङ्गीत दिएका छन् ।

गोपाल योञ्जनले अग्नि परीक्षा, डाँफे चरी, चेलीको आवाज, चौतारीको चौकीदार जस्ता बिस ओटाभन्दा धेरै गीती नाटकहरू पनि लेखे । ती नाटकहरूमा आफैँले सङ्गीत दिएर मञ्चन गराए ।

गोपाल योञ्जनले धेरै गीत लेखेर गाए । उनलाई सिपालु सङ्गीतकारको रूपमा हेरिन्छ । उनले अरू मुलुकको सङ्गीत नक्कल गरेनन् । उनको सङ्गीतको सुरताल र लयले नेपाली संस्कृतिलाई समेटको छ ।

उनले १०–२० ओटा नेपाली चलचित्रमा सङ्गीत दिएका छन् । उनको सङ्गीतले सबै नेपालीको मन जितेको छ । उनले लगभग एक हजार गीतमा सङ्गीत दिएका छन् । स्वर सम्राट् नारायण गोपालले गाएका धेरै गीतमा गोपाल योञ्जनले सङ्गीत दिएका छन् जुन नेपाली साङ्गीतिक जगत्मा अमर रहने छन् ।

गोपाल योञ्जन नेपालबाहेक अरू मुलुकहरूमा पनि सफल सङ्गीतकारका रूपमा चिनिए । उनी २०४८ सालमा मलेसियामा भएको गोल्डेन काइट पप फेस्टिभलको निर्णायक मण्डलको सदस्यमा छानिएका थिए ।

गोपाल योञ्जन धेरै बाँचेनन् । २०५४ सालमा गोपाल योञ्जनको निधन भयो । उनको अमूल्य सङ्गीत भने बाँचिरहेको छ, बाँचिरहने छ ।

# दिन मात्रै जान्ने, लिन नजान्ने शिक्षासेवी शङ्करदेव पन्त

– शारदा अधिकारी




'म मरे पनि मेरो आत्मा महाविद्यालय ओरिपरि घुमिरहने छ । मेरो चिता भस्म (खरानी) कलेज क्याम्पभित्र छरिदिए मनुष्य चोला सार्थक भएछ भनी शान्ति मिल्ला ।'

यो भनाइ नेपाल आमाका सपुत शिक्षा प्रेमी शङ्करदेव पन्तको हो । यिनले आफ्नो सिङ्गो जीवन शिक्षाको विकासमा नै बिताए । यिनी विद्यार्थी भनेपछि हुरुक्कै हुन्थे । यिनले त आफ्नो लास पनि विद्यार्थीलाई नै उठाउनु भनेका थिए ।

यिनको जन्म वि.सं. १९६६ साल असार महिनाको शुक्लपक्षको तृतीया तिथिको दिन भएको हो । हर्षलक्ष्मी र जयदेव पन्तका पुत्रका रूपमा यिनी काठमाडौँको बुढानीलकण्ठमा जन्मेका हुन् ।

शङ्करदेव पन्तको जीवनमा बाल्यकालदेखि नै दुःख भित्रियो । यिनी सात वर्ष पुग्दानपुग्दै यिनकी आमाको मृत्यु भयो । त्यसको लगत्तै दुई वर्षमा बाबुको मृत्यु भयो र उनी बिलकुल टुहुरा भए । दुई भाइका दाजु शङ्करदेव पन्त तर्कराजकहाँ बस्न थाले । तर्कराज त्यति बेला बडागुरुज्यू थिए । यिनी नातामा शङ्करदेव पन्तका काका पर्दथे । यिनको घर डिल्लीबजार, गुरुजुधारामा थियो । शङ्करदेव पन्तको बाल्यकाल त्यहीँ नै बित्यो । शिक्षादीक्षाको प्रबन्ध पनि त्यहीँ नै भयो । प्राथमिक शिक्षा यिनले घरमा नै पाए । दरबार स्कुलमा भर्ना भई माध्यमिक शिक्षा उत्तीर्ण गरे । त्रिचन्द्र कलेजबाट बी.ए. गरे । विचार गरेर बोल्ने, आफ्नो विषयमा सोचिरहने यिनको बानी थियो । पढाइमा त यिनी सानैदेखि तेज थिए । बी.ए पढ्दा यिनी पुस्तकालय खोल्ने काममा लागिपर्न थाले । त्यतिखेर राणाहरूको

जगजगी थियो । उनीहरू पाठशाला, पुस्तकालय खोल्नेलाई अपराधी भनी सजाय दिन्थे । त्यस्तो अवस्थामा शङ्करदेव पन्त, लक्ष्मीप्रसाद देवकोटा आदि मिलेर भित्रभित्रै पुस्तकालय चलाए तर यो धेरै दिन टिक्न सकेन। त्यसमा लागिपर्ने सबैलाई समातियो । शङ्करदेव पन्त पनि समातिए र रु १०० जरिवाना तिरी छुटे ।

बी.ए. पास गरेर यिनी एम.ए पढ्न पटनातिर लागे । त्यहाँ भारतीय साहित्यकारहरूसँग पनि उनको भेटघाट भयो । उनले विश्वकवि रवीन्द्रनाथ टाइगरको मेरो स्कुल भन्ने निबन्ध पनि पढ्न पुगे । यो निबन्ध यिनलाई सारै मन पऱ्यो । यसले यिनलाई नेपालमा पनि स्कुल खोलूँ खोलूँ लाग्यो ।

एम.ए. पास गरेपछि यिनी नेपाल फर्किए। त्यति बेला नेपालमा सलामी प्रथा थियो। जनता तथा भाइभारदार जो कोहीले पनि केही विशेष राम्रो कुरो गर्नासाथ श्री ३ सरकारलाई रुपियाँ राखी ढोग्नु पर्दथ्यो । चलनअनुसार यिनी पनि ढोग गर्न गए । श्री ३ जुद्धशमशेरलाई रुपियाँ राखी ढोगे। त्यस बेला एम.ए. पास गर्नेको त के कुरा बी.ए. पास गर्ने नेपाली पनि ज्यादै कम थिए । यिनले त झन् अङ्ग्रेजीमा एम.ए. गरेका ! के चाहियो र ! 'दरबार स्कुलको मास्टर हुन्' भनी जुद्धशमशेरले यिनलाई आदेश दिए । तर यिनलाई यो आदेश मन परेन। स्वतन्त्र विचारका स्वाभिमानी मान्छेलाई ठाडो आदेश मनपर्ने कुरो पनि भएन। हुकुमले दिएको शिक्षकको जागिर खान नमाने तापनि यिनी शिक्षाप्रेमी नै थिए ।

यिनलाई राजनीतिमा पनि चाख थियो। पढे लेखेका मानिस राजनीतिमा लागि देशको अवस्था सुधार्नु पनि थियो । वि.सं. २००४ मा काठमाडौँ म्युनिसिप्यालिटीमा २१ वडाको सदस्य भए। त्यही बोर्डको उपप्रमुख पनि भए। वि.सं. २००७ मा नेपाल सांस्कृतिक सङ्घ खोली त्यसको अध्यक्ष बने। त्यही संस्थाको माध्यमबाट विदेशी विद्वान्हरू बोलाउने, साहित्यिक, सांस्कृतिक गतिविधिहरू चलाउने गर्न थाले।

यी सबै कार्यबाट पनि यिनको सामाजिक सेवा गर्ने धित मरेन । पाठशाला खोल्ने इच्छा त यिनको मनमा बसिरहेकै थियो । शङ्करदेव पन्तले पद्मोदय स्कुल, विजय स्मारक स्कुलहरू खोली तिनको सञ्चालक समितिको अध्यक्ष आफैँ भई काम गर्न थाले । यतिले पनि यिनको चित्त बुझेन। स्कुलहरू मात्र खोलेर पुग्दैन, कलेजहरू पनि खोल्नुपर्छ

भन्ने यिनलाई लाग्न थाल्यो । त्यति बेला स्नातकसम्म पढाइ हुने त्रिचन्द्र कलेज एउटा त थियो । तर त्यहाँ पढ्न सक्ने अवस्था सबैको थिएन । नारी शिक्षा त झन् शून्य जस्तै थियो । यस्तो अवस्था देखिरहेका शङ्करदेव पन्तले महिलाहरूका लागि कलेज खोल्नुपर्छ भन्ने सोच लिए । यिनले पद्यकन्या क्याम्पस खोल्न ठुलो प्रयास गरे । उनले यसको सञ्चालक समितिमा सदस्य भई सरसल्लाह पनि दिँदै रहे ।

त्यसपछि पढ्ने इच्छा हुँदाहुँदै पढ्न नपाएकातिर यिनको ध्यान गयो । यिनका मनमा रातीको कलेज खोलिदिन पाए त काम गरी पेट पाल्नुपर्नेले पनि पढ्न पाउँथे भन्ने विचार आयो । त्यसैले उनले वि.सं. २००८ साउन पाँच गते नेपाल नेसनल कलेज दरबार हाइस्कुलको भवनमा खोले । त्यही भवनमा दिउँसो दिउँसो स्कुल, राती राती कलेजको पढाइ हुन थाल्यो । कलेजमा सुरु सुरुमा आइ.ए. र बी.ए.को पढाइ हुन्थ्यो । पछिपछि त विभिन्न विषयका एम.ए. को कक्षा पनि चल्न थाले । विदेश गएर उच्च शिक्षामा पढ्न नसक्नेले आफ्नै देशमा पढ्न पाए । उनले यसरी एम. ए. को कक्षा चलाएकाले तत्कालीन सरकारलाई पनि तातो लाग्न थाल्यो । यसले गर्दा वि.सं. २०१२ सालमा त्रिभुवन विश्व विद्यालय पनि खुल्यो । त्रि.वि. खुलेपछि नेसनल कलेजका एम.ए. कक्षाहरू बन्द गर्न लगाइयो । यसले गर्दा यिनको चित्त दुख्यो । राम्रा विद्यार्थी उत्पादन गर्ने धोको अधुरै रह्यो । यसो भए तापनि यिनी शिक्षा विकासमा नै लागिरहे ।

यिनी कलेजमा पढाउँथे, विद्यार्थीले बढी पढ्न खोजे भने घरमै पनि पढाइदिन्थे । तलबको भने यिनलाई मतलब हुँदैनथ्यो । अरू शिक्षकहरूलाई तलब दिएर बाँकी रहेको रकम कलेजकै लागि खर्च गर्दथे । त्यतिले पनि नपुगे आफ्नो पैतृक सम्पत्ति पनि विद्यार्थी र कलेजकै सेवामा खर्च गर्दथे । यिनी विद्यार्थीलाई छोराछोरी झैँ माया गर्दथे ।

यिनले आफ्नै जग्गामा कलेज भवन बनाए । भवन बनाउँदा पनि बिहान सूर्य उदाएदेखि अस्ताउँदासम्म त्यसैमा खटिरहन्थे । रात दिनको मिहिनेतबाट तयार भएको भवनमा विद्यार्थी पढाउन पाउँदा यिनी असाध्यै खुसी भए । शङ्करदेव पन्त दानी मात्र होइन त्यागी पनि थिए । यिनमा लोभ भने केही दिएन । थियो भने असल विद्यार्थीको लोभ थियो । ध्यान दिएर पढ्ने विद्यार्थी पाएपछि यिनलाई केही

चाहिँदैनथ्यो । यिनी जति घण्टा पनि पढाउन सक्थे। अङ्ग्रेजी एम. ए. को जुन विषय पनि यिनी मजाले पढाइदिन्थे। यिनले निजी क्षेत्रमा रहेर शिक्षा सेवा गरिरहे। यिनको धर्म, कर्म सबै शिक्षा सेवा नै थियो । यसैले यिनी एक चित्तले त्यसैमा लागिरहन्थे।

यिनको यस्तो निस्वार्थ सेवा देखेर वि.सं. २०२३ मा सरकारले गोरखा दक्षिण बाहु विभूषणले सम्मान गर्ने घोषणा गऱ्यो। दिन मात्र जान्ने लिन नजान्ने शङ्करदेव पन्तले यो पदक पनि चाहेनन्, अस्वीकार नै गरे। यिनको स्वाभिमानको यो क्षण एउटा नमुना नै थियो।

शिक्षासेवी शङ्करदेव पन्त साधा जीवन र उच्च विचार मन पराउँथे। मन पराउने मात्र होइन व्यवहारमा पनि लागु गर्थे । उनी निकै सम्पन्न परिवारका भएर पनि अत्यन्त साधारण थिए । धनको तुजुकतिर यिनी कहिल्यै पनि लागेनन्। खानु र लगाउनु मात्र जीवन होइन । असल काम गर्नु नै जीवनका लक्ष्य हो भन्ने भनाइलाई यिनी गरेर देखाउँथे।

यिनलाई साहित्य र सङ्गीतमा विशेष रुचि थियो। पढ्ने र पढाउने कामबाट फुर्सद पाएको समयमा यिनी हारमोनियम बजाएर राग पनि गाउँथे । निबन्ध, कविता, कथाहरू त पढ्थे नै । आफैँ पनि राम्रा राम्रा निबन्धहरू लेखी छपाउँथे। रवीन्द्रनाथ टेगोरले नोबेल पुरस्कार पाएको काव्य गीताञ्जली यिनलाई असाध्यै मन पऱ्यो । यसैले यसलाई नेपालमा अनुवाद पनि गरे । नेपालका चर्चित व्यक्ति तेन्जिङ सेर्पाका बारेमा पनि यिनलाई निबन्ध लेख्ने इच्छा थियो । यो इच्छा चाहिँ पुरा हुन सकेन। यो इच्छा पुरा नहुँदै वि.सं. २०३० साल जेठ १ गते यिनको मृत्यु भयो।

यिनको मृत्युपछि यिनको सेवाको कदर गरी त्रिभुवन विश्व विद्यालयले नेपाल नेसनल कलेजको नाम शङ्करदेव क्याम्पस राखिदियो।

पुतली सडकमा रहेको शङ्करदेव क्याम्पस यिनै शङ्करदेव पन्तकै नेसनल कलेजको अर्को नाम हो। यिनकै पसिनाको कमाइ हो । आफू बाँचुन्जेल आफ्नो कामको नाम छोप्न चाहने शङ्करदेव पन्त छोपिइरहन पाएनन्। शङ्करदेव पन्त त हाम्रा अगाडि हाँसिरहेका छन्, हाँसिरहने छन्।

# पूर्वका व्यास छविलाल पोखरेल

– जयप्रसाद लम्साल



*"मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।"*

यस भनाइ नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको हो । यो भनाइले हाम्रा महाकवि छुवाछुत र जातपातको विरोधी रहेछन् भन्ने जानकारी हुन्छ । हाम्रो मुलुकमा छुवाछुतको विरोध गर्ने अर्को आँटिला व्यक्ति पनि थिए । ती हुन् – पण्डित छविलाल पोखरेल । पण्डित छविलाल पोखरेललाई आदरसाथ छविलाल गुरु पनि भन्ने गरिन्छ । छविलाल गुरु ९४ वर्ष बाँचे । आफ्नो बाल्यकालबाट हुर्केपछि पण्डित छविलाल पोखरेल विद्यालय खोल्ने, केटाकेटी जम्मा गरेर पढाउने र छुवाछुतको विरोध गर्ने काममा बाँचुन्जेल लागे ।

पण्डित छविलाल पोखरेलको जन्म चन्द्र शमशेरका शासन कालमा विक्रम संवत् १९६२ सालमा भएको थियो । उनको जन्म धनकुटाको कचिँडे भन्ने ठाउँमा भएको थियो । उनी जन्मँदा काठमाडौँमा मात्र एक दुई ओटा स्कुल थिए । त्यस बेला सर्व साधारणले लेखपढ गर्नु असम्भव जस्तै थियो । छविलाल गुरुले आफ्नो प्रयासमा संस्कृत पढे र त्यसपछि उनी सर्व साधारणलाई लेखपढ गराउन स्कुल खोल्ने काममा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले वि.सं. १९९१ मा गजेन्द्रबहादुर मल्ल भन्ने शिक्षाप्रेमीसँग मिलेर धनकुटाको गोकुण्डेश्वर पाटीमा पहिलो विद्यालय खोले । गोकुण्डेश्वर विद्यालय नेपालका पुराना दस–बार विद्यालयहरूमध्ये एक मानिन्छ । वि.सं. २००७ सालभन्दा पहिले राणाहरूलाई खुसी गराएर मात्र स्कुल खोल्नुपर्थ्यो । बडाहाकिमले सताएकाले गोकुण्डेश्वर विद्यालय केही समय बन्द भयो र १९९६ मा फेरि खुल्यो । त्यसपछि छविलाल गुरु धरानमा पब्लिक माध्यमिक विद्यालय, सार्वजनिक विद्या भवन, शारदा बालिका विद्यालय, पिण्डेश्वर क्याम्पस, महेन्द्र बहुमुखी क्याम्पस खोल्ने, खोलाउने काममा सक्रिय रूपमा लागे ।

पण्डित छविलाल पोखरेल गुरुले धेरै समय पिण्डेश्वर क्याम्पसमा पढाए । पिण्डेश्वर क्याम्पसका गुरु भएकै कारण

उनलाई छविलाल गुरु भनिएको हो ।

हाम्रो गाउँघरमा हिजोआज पनि आफूलाई ठूलो जातका मान्नेहरूबाट तल्लो जातका मानिसलाई हेला गरिन्छ। २०२० सालभन्दा पहिले त अझै तल्लो जातका मानिसलाई सताउने खालका कानुनहरू पनि थिए । त्यस बेला दलित मानिसहरूलाई सार्वजनिक विद्यालयमा पढ्न पनि बन्देज गरिन्थ्यो। छविलाल गुरुले त्यस्तो भेदभावलाई चुनौती दिए र खोजी खोजी दलित बालबालिकालाई विद्यालय भर्ना गराउन थाले । ठुला जातका भनाउँदाहरूले छविलाल गुरुको यस कदमको विरोध गरे । छविलाल गुरुले विरोधको वास्ता गरेनन्। २००५ सालमा गुरुले हिरालाल विश्वकर्मालाई विद्यालयमा भर्ना गरेर पढाए। विश्वकर्मा जान्ने सुन्ने भएर हाम्रो मुलुकका शिक्षा राज्यमन्त्री पनि भए । छविलाल गुरु दलित जातका घरमा गएर पुरोहितको काम गरिदिन्थे। उनी राई, लिम्बु, गुरुङ जातका कुमारहरूलाई व्रतबन्ध गराइदिन्थे । उनी महिला पुरुषको लिङ्गभेदको पनि विरोधी थिए। उनी छोरीहरूको पनि व्रतबन्ध गराइदिन्थे।

छविलाल गुरु साहित्यकार पनि थिए । उनले डेढ दर्जन जति साहित्यिक पुस्तकहरू पनि लेखेका छन्। भाव तरङ्ग (कविता सङ्ग्रह), समालोचनाको कसीमा देवासुर सङ्ग्राम, आधुनिक दृष्टिमा वाल्मीकि रामायण उनका प्रमुख साहित्यिक कृतिहरू हुन् । उनी वेदको व्याख्या पनि गर्दथे । उनले वेदसँग सम्बन्धित धर्म र मतहरू, वेदको सोमरस र जाँड रक्सीको व्यवहार जस्ता पुस्तकहरू पनि लेखेका थिए। धर्म र वेदको व्याख्या गर्ने विद्वान् व्यक्ति भएकै कारण उनलाई पूर्वका व्यास पनि भनिन्छ ।

छविलाल गुरुको जीवनको अन्ततिर मात्र सरकार र अन्य सङ्घसंस्थाले उनका कामको प्रशंसा गर्न थाले । ९२ वर्षको उमेरमा मात्र उनले महेन्द्र प्रज्ञा पुरस्कार पाए । उनले २०४४ सालमा शिक्षा पुरस्कार, २०५२ सालमा सामाजिक सेवा र २०५३ सालमा केशरसिंह, खड्गकुमारी कार्की पुरस्कार पाए । उनले गोरखा दक्षिणबाहु चौथा पनि पाएका थिए ।

छविलाल गुरुले दलित र सर्व साधारण जनताको भलो हुने काममा आफ्नो लामो जीवन समर्पण गरे । उनी २०५६ साल फागुन एक गते हामीबाट बिदा भए । हामीले पनि छविलाल गुरुले जस्तै अरूको भलो हुने काम गरेर नाम कमाउनुपर्छ ।